# वार्षिक प्रगति पुस्तिका

## आ.व. २०८१/०८२



## चौतारा अस्पताल

सिन्धुपाल्चोक, नेपाल

# वार्षिक प्रगति पुस्तिका

## आ.व. २०८१/०८२

बागमती प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

# चौतारा अस्पताल

**सिन्धुपाल्चोक, नेपाल**

## राष्ट्रिय गान

सयौं थुगा फुलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।।


**प्रकाशक**

चौतारा अस्पताल, सिन्धुपाल्चोक

**संरक्षक**

केशव राज गिरी, अध्यक्ष, अस्पताल संचालन तथा व्यवस्थापन समिति
डा. रुद्रमणि भण्डारी, मेडिकल सुपरिटेन्डेन्ट

**सम्पादक**

रेशम सेन ठकुरी, मेडिकल रेकर्डर सुपरभाइजर
केशव प्रसाद अधिकारी, कम्प्युटर अपरेटर

**सम्पादन सहयोगी**

लिलाधर थापामगर, प्रशासन सहायक
उपेन्द्र प्रसाद रिजाल, लेखापाल
पुरुसोतम कुमार दास, अ.हे.व.

**प्रकाशन मिति** : २०८२ असोज



**सर्वाधिकार** : चौतारा अस्पताल

बागमती प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

माननीय मन्त्री

किरण थापा मगर

हेटौडा, नेपाल




## शुभकामना मन्तव्य

चौतारा अस्पताल, सिन्धुपाल्चोकद्वारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन हुन लागेको यस सुखद अवसरमा म हार्दिक शुभकामना र आभार व्यक्त गर्न चाहन्छु ।

अनेकौं अभाव, चुनौती र अप्ठ्याराहरुसँग अविरल सङ्घर्ष गर्दै यो अस्पताल ५० शैयासहित स्तरोन्नति भई गुणस्तरीय, समावेशी र जनमैत्री सेवा प्रवाहमा सफल हुँदै आएको छ । यो गौरवपूर्ण उपलब्धिका लागि सम्पूर्ण अस्पताल परिवारलाई हार्दिक बधाई अर्पण गर्दछु ।

केही वर्षअघिसम्म रिफर सेन्टरका रुपमा सीमित स्रोत-साधनमा सञ्चालन हुँदै आएको चौतारा अस्पतालले प्रिफ्याब भवनबाट सुरू भएको यात्रालाई सुविधा सम्पन्न स्थायी संरचनामा पुऱ्याउँदै, न्यूनतम सेवा मापदण्डमा उत्कृष्ठ प्रदर्शन गर्ने ५० शैयाका अस्पतालहरुमध्ये अग्रस्थान हासिल गरेको छ ।

आजको दिनमा अस्पतालबाट डायलाइसिस सेवा, फिजियोथेरापी सेवा तथा विशेषज्ञ चिकित्सक सेवा जस्ता विशेष सेवा प्रवाह हुँदै आएका छन् । यससँगै, अस्पतालले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक भौतिक पूर्वाधार, उपकरण र मानव संसाधनको व्यवस्थापनमा पनि उल्लेखनीय प्रगति गरेको छ । चौतारा अस्पतालले जिल्लावासीबीच मात्र होइन, प्रदेश स्तरमै सरकारी स्वास्थ्य संस्थाहरुबीच आफ्नो विशिष्ट पहिचान स्थापित गर्न सफल भएको छ ।

यस प्रतिवेदनले नीतिनिर्माता, व्यवस्थापक, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवाला सबैका लागि एक महत्वपूर्ण दस्तावेजको रुपमा मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

अन्त्यमा, चौतारा अस्पतालको यो यात्राले आगामी दिनमा अझ प्रभावकारी, परिणाममुखी र उत्तरदायी सेवा प्रवाह गर्दै नयाँ उचाइहरुमा पुग्नेछ भन्ने पूर्ण विश्वास व्यक्त गर्दै, अझ सफल भविष्यका लागि हार्दिक शुभकामना प्रकट गर्दछु ।

२०८२ असोज २१ गते

माननीय किरण थापा मगर

मन्त्री

बागमती प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

हेटौडा, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर :



## शुभकामना मन्तव्य

सङ्घर्षका थुप्रै मोडहरु पार गर्दै, समर्पणका अविरल धाराहरुमा बग्दै, चौतारा अस्पताल, सिन्धुपाल्चोक आजको यो क्षणसम्म आइपुगेको छ, जहाँ उसले आफ्नो विगतको श्रमलाई प्रतिवेदनको पानामा बाँध्दैछ। आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको यस ऐतिहासिक अवसरमा, म हर्ष, कृतज्ञता र गौरवका भावहरुसहित हार्दिक शुभकामना प्रकट गर्न चाहन्छु।

यो केवल तथ्याङ्कहरुको दस्तावेज मात्र होइन– यो त एक यात्राको साक्षी हो। सीमित स्रोत र साधनको आँधीतुफानमा पनि आफ्नो धर्म निभाउँदै अघि बढेको चौतारा अस्पताल, आज ५० शैयाको उचाइमा पुगेर गुणस्तरीय सेवाको दीप प्रज्वलित गरिरहेको छ। यो सफलताको उज्यालो केवल भौतिक पूर्वाधारमा होइन, सेवा दिने हातहरुमा, मुस्कान बाँड्ने मनहरुमा र उपचार पाएका आँखाहरुको चमकमा झल्किन्छ।

केही वर्ष अघिसम्म एक साधारण रिफर सेन्टरका रुपमा रहेको यो संस्था, आज सुविधा सम्पन्न भवनमा प्रगतिका चरणहरु टेक्दै डायलाइसिस सेवा, फिजियोथेरापी सेवा, विशेषज्ञ चिकित्सक सेवा लगायतका जीवनदायिनी सेवाहरु प्रदान गर्दैछ। यो परिवर्तन केवल संरचनाको होइन, यो दृष्टिकोणको, प्रतिबद्धताको, र 'अस्पताल भनेको सेवा हो, व्यवसाय होइन' भन्ने मूल्यको पुनर्स्थापना हो।

चौतारा अस्पतालले विभिन्न जात, वर्ग, भूगोल र परिस्थिति भोगिरहेका जनतामाझ पुग्ने आँट र क्षमताको परिचय दिइसकेको छ। सरकारी स्वास्थ्य प्रणालीप्रतिको विश्वास जब कम हुँदै थियो, त्यही बेला चौतारा अस्पतालले त्यो विश्वास पुनर्जागृत गरेको छ। यही कारण, आज यस अस्पतालले समुदायमा एउटा छुट्टै पहिचान बनाउनुको साथै सेवाको संवेदना बोकेको, भरोसाको आधार बनेको छ।

यस वार्षिक प्रतिवेदनले नीतिनिर्माणमा मार्गदर्शन दिनेछ, अनुसन्धानका लागि सामग्री जुटाउनेछ र भविष्यका लागि प्रेरणा दिनेछ भन्ने दृढ विश्वास लिएको छु।

अन्त्यमा, चौतारा अस्पतालको उज्यालो भविष्यप्रति हार्दिक शुभकामना प्रकट गर्दछु। यो उज्यालो थामिरहोस्, यो समर्पण कहिल्यै नओइलोस्, र सेवा भाव सधैं शिरमा मुकुट बनी रहोस् भन्ने कामना गर्दछु।

मिति : २०८२ असोज २१ गते

डा. सुमित्रा गौतम
प्रदेश सचिव
स्वास्थ्य मन्त्रालय बागमती प्रदेश

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

☎ ०११-६२०४६१
Email : chautarahospital@gmail.com

# चौतारा अस्पताल

सिन्धुपाल्चोक, नेपाल

## अस्पताल संचालन तथा व्यवस्थापन समितिका अध्यक्षको मन्तव्य



जीवनका हजारौं कथा मध्येको एक - यो अस्पतालको कथा हो । अभावको अँध्यारो गल्लीबाट उज्यालोको यात्रा सुरू गरेको, थोरै साधन, सीमित संरचना, तर असीम इच्छाशक्ति र समर्पणले भरिएको एउटा यस्तो यात्रा, जसले आज चौतारा अस्पताललाई मात्र होइन, समग्र सिन्धुपाल्चोक जिल्लालाई नै गर्वको अनुभूति गराएको छ ।

चौतारा अस्पताल, सिन्धुपाल्चोकद्वारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको यस ऐतिहासिक र गौरवपूर्ण अवसरमा म सम्पूर्ण अस्पताल परिवार (चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, प्राविधिक, प्रशासनिक तथा सहयोगी कर्मचारीहरु) प्रति हृदयदेखि सम्मान प्रकट गर्दै, हार्दिक बधाई र अनन्त शुभकामना व्यक्त गर्न चाहन्छु ।

सामान्य भवनदेखि सेवा केन्द्रको रुपमा उदाएको यस संस्थाले, निरन्तर परिश्रम, समर्पण र दूरदर्शितामार्फत, आज एक आधुनिक, समावेशी र जनमुखी स्वास्थ्य सेवा प्रवाह गर्ने विश्वसनीय प्रतिष्ठानको रुपमा आफूलाई स्थापित गरिसकेको छ । अस्थायी प्रिफ्याब संरचनाबाट सुरू भएको यो यात्रा आज सुव्यवस्थित, सुविधा सम्पन्न र स्तरीकृत स्थायी संरचनामा रुपान्तरित भएको छ । त्यो रुपान्तरण केवल ईँटा र सिमेन्टको मात्र होइन, सेवाको भावना, प्रतिबद्धता र संस्थागत निरन्तरताको मूर्त प्रतिफल हो ।

यस अस्पतालले पाएको सफलता सजिलै पाएको उपहार थिएन । कहिले जनशक्तिको अभाव, कहिले अत्यावश्यक उपकरणहरुको न्यूनता, कहिले पूर्वाधारको सिमितता, यी सबै कठिनाइहरुले अस्पतालको यात्रालाई चुनौतीपूर्ण बनाएका थिए । तर ती सबै चुनौतीहरुलाई अवसरमा रुपान्तरण गर्न चौतारा अस्पतालको समर्पित टिम कहिल्यै पछि हटेन । यस संस्थाका प्रत्येक सदस्यको योगदान, प्रतिबद्धता र अथक प्रयास प्रशंसनीय छ ।

आजको दिनमा, यस अस्पतालबाट मिर्गौला पीडितका लागि डायलाइसिस सेवा, शारीरिक पुनःस्थापनाको लागि फिजियोथेरापी सेवा, आँखा उपचार सेवा तथा विविध विशेषज्ञ सेवाहरु सहज रुपमा प्रदान गरिँदैछन् । स्वास्थ्य सेवा क्षेत्रका न्यूनतम मापदण्डमा समेत अस्पतालले उल्लेखनीय सफलता हासिल गरेको छ । प्रदेशका ५० शैयाका अस्पतालहरुमध्ये चौतारा अस्पताल अग्रणी स्थानमा उभिन सफल भएको तथ्यले हामीलाई अत्यन्त हर्षित बनाएको छ ।

तर, यस सफलताको उचाइ आकस्मिक थिएन यो त अविराम साधना, समर्पण र सहकार्यको परिणाम हो । स्वास्थ्यकर्मीहरुको अनुशासन, व्यवस्थापनको दूरदृष्टि, सरकार र विकास साझेदारहरुको सहयोग तथा आम सेवाग्राहीको विश्वासले चौतारा अस्पताललाई आज यो उचाइमा पुऱ्याएको हो ।

प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन अब केवल तथ्यको संकलन मात्र होइन, यो एक प्रेरणादायी दस्तावेज हो जो नीति निर्माता, योजनाकार, अनुसन्धानकर्ता, विद्यार्थी तथा आम नागरिकका लागि मार्गदर्शक र आशाको स्रोत बन्नेछ भन्ने दृढ विश्वास लिएको छु ।

हिजो आशा रोपिएको थियो, आज विश्वास बाँडिएको छ, र भोलिका दिनहरुमा अझ सशक्त, प्रभावकारी र उत्तरदायी सेवाका दीप प्रज्वलित हुँदै अघि बढ्नेछ ।

यही दृढ संकल्पका साथ म चौतारा अस्पतालको सम्पूर्ण यात्रा, उपलब्धि र योगदानप्रति गहिरो कृतज्ञता व्यक्त गर्दै, अस्पतालको उज्ज्वल भविष्यका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा, अस्पताल सेवा सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउने सबै स्वास्थ्यकर्मी, कर्मचारी, व्यवस्थापन टोली, जनप्रतिनिधि, पत्रकार, सरोकारवाला र सेवाग्राहीहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

.......................
**केशव राज गिरी**
अध्यक्ष, अस्पताल संचालन तथा
व्यवस्थापन समिति

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# चौतारा अस्पताल

सिन्धुपाल्चोक, नेपाल

☎ ०११-६२०४६१
Email : chautarahospital@gmail.com

## मेडिकल सुपरिटेन्डेन्टको भनाइ



जीवन र स्वास्थ्य एक-अर्कासँग अभिन्नरुपले गाँसिएका मूल्यहरु हुन् । स्वास्थ्य सेवा केवल उपचारको माध्यम मात्र होइन, यो विश्वास, सेवा, करूणा र उत्तरदायित्वको गहिरो मिसावट हो । यस गम्भीर उत्तरदायित्वलाई आत्मसात गर्दै चौतारा अस्पताल, सिन्धुपाल्चोकले आर्थिक वर्ष २०८१/८२ मा प्रदान गरेका सेवा, सुविधा, चुनौती र प्रगतिहरुको अभिलेख यो वार्षिक प्रतिवेदन मार्फत प्रस्तुत गर्न पाउँदा हामीलाई गहिरो सन्तोषको अनुभूति भएको छ । वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने यस ऐतिहासिक अवसरमा म अपार हर्ष, गौरव र कृतज्ञताको भाव व्यक्त गर्न चाहन्छु । यो प्रतिवेदन अस्पतालको सेवा, सुविधा, उपलब्धि, चुनौती र नवप्रयासहरुको समग्र लेखाजोखा प्रस्तुत गर्दै, स्वास्थ्य सेवा प्रणालीप्रति नागरिकको विश्वास अझ प्रगाढ बनाउने सेतुका रुपमा तयार गरिएको छ।

अस्पताल केवल भौतिक संरचना होइन, यो संवेदनाको केन्द्र हो  जहाँ विरामीको पीडामा सेवा भावको स्पर्श मिसिन्छ, जहाँ उपचारको प्रत्येक पलमा मानवताको अभ्यास गरिन्छ। यो प्रतिवेदन त्यही प्रयासको लेखाजोखा हो विगत १२ महिनामा हामीले साथ पाएका सफलताहरु, भोगेका चुनौतीहरु, सिकाइका अनुभवहरु र भावी योजनाका प्रतिबिम्बहरु समेटिएको एक ऐना हो । उपचारात्मक, रोकथाममूलक तथा पुनर्स्थापनात्मक सेवा प्रवाहसँगै, यस प्रतिवेदनले विभिन्न विभागहरुको कार्यसम्पादन, मानव संसाधनको अवस्था, उपलब्ध स्रोत-साधन, विद्यमान अवरोधहरु, समस्या समाककधानका पहलहरु तथा भविष्यका योजनाहरुलाई तथ्यपरक ढंगले उजागर गरेको छ। यसले चौतारा अस्पतालको वर्तमान स्थिति मूल्याङ्कन गर्न मात्र नभई नीति निर्माण, योजना तर्जुमा र सेवा सुधारका लागि पनि मार्गदर्शन गर्ने विश्वास गरिएको छ ।

हाम्रो अस्पतालमा आउने प्रत्येक विरामीको आँखामा आशाको किरण हुन्छ  त्यो किरण निभ्न नदिई पुनः उज्यालो बनाइदिने प्रयास हाम्रो धर्म ठानेर, सीमित स्रोतसाधनबीच पनि हामी सेवा प्रवाहमा कुनै सम्झौता नगरी अघि बढिरहेका छौं । स्वास्थ्य सेवा हरेक नागरिकको मौलिक अधिकार हो भन्ने अवधारणाका साथ, चौतारा अस्पतालले विभिन्न जात, वर्ग, लिङ्ग, भूगोल वा सामाजिक हैसियतको आधारमा कुनै भेदभाव नगरी सबैलाई समान अधिकारसहित स्वास्थ्य सेवा प्रदान गर्नु हाम्रो मूल उद्देश्य हो, विशेष गरी स्वास्थ्य सेवाबाट विमुख समुदायसम्म गुणस्तरीय सेवा पुऱ्याउँदै आएको छ।

यस अभियानमा अस्पताललाई सेवा, सुदृढीकरण र मार्गदर्शनमा साथ दिने बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति, चिकित्सक, नर्स, प्राविधिक, प्रशासनिक तथा आर्थिक शाखाका समस्त कर्मचारीहरुको अतुलनीय योगदान रहँदै आएको छ, जसका लागि म सम्पूर्ण टिमप्रति हार्दिक आभार प्रकट गर्दै सरोकारवाला, नागरिक समाज, सञ्चारकर्मी, साथै हाम्रो अविचल विश्वास गर्ने सेवाग्राहीप्रति हार्दिक आभार व्यक्त गर्दछु।

प्रतिवेदनको तयारीमा समर्पित भावनाका साथ दिनरात खटिने सम्पूर्ण टोलिलाई धन्यवादका शब्द अपूरा लाग्छन् । तपाईंहरुको श्रम, लगनशीलता र समर्पण नै यस दस्तावेजको मेरूदण्ड हो ।

अन्ततः, अस्पताल सेवा केवल वर्तमानको दायित्व होइन, यो भविष्यको सपना पनि हो  एक यस्तो सपना जहाँ प्रत्येक नागरिकले गुणस्तरीय, सुलभ र स-सम्मान स्वास्थ्य सेवा पाउँछ। यही दिशामा चौतारा अस्पतालले समर्पणका साथ आफ्नो यात्रा अगाडि बढाइरहेको छ।

अन्तमा, अस्पताल सेवाको निरन्तर गुणस्तर वृद्धि, पहुँच विस्तार र उत्तरदायी प्रणाली निर्माणका लागि यथासम्भव सुधारको प्रयास जारी राख्ने अठोट व्यक्त गर्दछु । आगामी दिनमा यस्ता कार्यहरुले संस्थागत स्थायित्व, समावेशिता र पारदर्शिताको उदाहरण प्रस्तुत गर्नेछन् भन्ने हामी विश्वास दिलाउन चाहन्छौं, यो प्रयास स्थायी हो, यो प्रतिबद्धता अडिग छ।

धन्यवाद।

.......................
**डा. रूद्रमणि भण्डारी**
मेडिकल सुपरिटेन्डेन्ट
चौतारा अस्पताल, सिन्धुपाल्चोक

# सिन्धुपाल्चोक जिल्ला : एक संक्षिप्त परिचय




**सिन्धुपाल्चोक जिल्लाको परिचय**

यस जिल्लाको क्षेत्रफल २४४२ वर्ग किमि रहेको छ। यस जिल्लाको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, पूर्वमा दोलखा, दक्षिणमा रामेछाप र काभ्रे, पश्चिममा काठमाडौं र नुवाकोट जिल्ला रहेका छन् । कुल २,६०,०२६ हेक्टर क्षेत्रफल भू-भागमा फैलिएको यस जिल्लाको कुल भू-भागमा ९६९३ हेक्टर हिउँले ढाकेको, २७,३३५ हेक्टर चट्टान, १५,००० हेक्टर बन अर्थात् जंगल क्षेत्र, १९,३०५ हेक्टर चरन क्षेत्र र ६६,७१६ हेक्टर अन्य जमिन छ। खेतीयोग्य जमिन ३२,९३३ हेक्टर रहेको छ। समुद्री सतहबाट करीब ६७१ मिटरदेखि ७०८६ मिटर उचाइमा रहेको यस जिल्लाको सदरमुकाम चौतारा सुमन्द्री सतहबाट १४१८ मिटरको उचाइमा छ। यहाँको अधिकतम तापक्रम ३२.५ डिग्री सेल्सियसदेखि न्यूनतम ५ डिग्री सेल्सियससम्म रहने गर्दछ । यहाँ औसत २६१.५ मिलिमिटर वर्षा हुने गर्दछ । सिन्धुपाल्चोक जिल्ला प्राकृतिक सम्पदा र सुन्दरताका दृष्टिले राष्ट्रको उत्कृष्ट जिल्लाहरुको दाँजोमा आउने हिमाली जिल्ला हो । यस जिल्लाको प्रमुख प्राकृतिक सम्पदाहरुमा जलस्रोत, जङ्गल, र हिमाली टाकुराहरु प्रमुख हुन् । यहाँ भोटेकोशी, सुनकोशी, इन्द्रावति, ब्रम्हायणि र मेलम्चीजस्ता प्रमुख नदीहरु छन् । पाँचपोखरी, भैरवकुण्ड र सूर्यकुण्ड नामक तीन प्रसिद्ध कुण्ड र सधैंभरि तातोपानी आइरहने तातोपानी धारा यहाँ रहेका छन् । बञ्जीजम्प स्थल, हेलम्बु तथा जिल्लाको उत्तरी भागमा १,१५,००० हेक्टर क्षेत्रफल ओगटेको लाम्टाङ बन्यजन्तु आरक्ष, उत्तरी भागमा ६,५३५ मिटर उचाइको जुगल

हिमाल र अन्य हिमाल रहेका छन् । त्यसैगरि इन्द्रावति नदीको फाँट, जलबिरे खोलाको फाँट र सुनकोशी नदीको वरीपरी जस्ता प्रख्यात पर्यटकीय स्थलहरु सिन्धुपाल्चोक जिल्लामा पर्दछन् । कला, साहित्य र संस्कृतिका दृष्टिले समेत सिन्धुपाल्चोक अग्रणी जिल्लामा पर्दछ ।

उत्तरमा रहेको प्रमुख भन्सार विन्दु तातोपानी समेत यसै जिल्लामा पर्दछ । कोदारी लोकमार्ग चीनसँगको ब्यापारका लागि देशकै प्रमुख पारवहन मार्ग जिल्लाकै निम्ति गौरवको मार्ग हो । विनाशकारी भूकम्पपछि अवरूद्ध यो राजमार्ग हाल सञ्चालनमा आएको छ । धान, मकै, कोदो, गहुँ, जौ र फापर जिल्लाको मुख्य बाली हुन् । पर्यटकीय दृष्टिले सुकुटेमा जलयात्राका लागि दैनिक हजारौं पर्यटक आउने गर्दछन् । जलयात्राका दृष्टिले सुकुटेलाई उत्कृष्ट गन्तव्य मानिन्छ ।

यस जिल्लामा तामाङ, गुरूङ, लिम्बु, बाहुन, क्षेत्री, नेवार आदी समुदायका मानिसहरुको बसोबास रहेको छ। यी समुदायका मानिसहरुले विभिन्न धर्म मान्दै आएका छन्, जसमा बौद्ध धर्मावलम्वीहरुको बाहूल्यता छ । यहाँ वौद्ध, हिन्दू, क्रिश्चियन धर्म मान्ने मानिसहरु बसोबास गर्दछन् । लिस्तीकोट, उग्रचण्डी, त्रिपुरा सुन्दरी, पाल्चोक भगवती, कोटमौलो, गौरती भीमेश्वर मन्दिर तथा लार्के घ्याङ गुम्बा यहाँका प्रमूख धार्मिक स्थलहरु हुन् । सिन्धुपाल्चोक जिल्लामा २ निर्वाचन क्षेत्र, ४ प्रदेश सभा क्षेत्र र १२ स्थानीय तहहरु रहेका छन् । १२ स्थानीय तहहरुमा चौतारा साँगाचोकगढी नगरपालिका, बाह्रबीसे नगरपालिका, मेलम्ची नगरपालिका, त्रिपुरा सुन्दरी गाउँपालिका, हेलम्बु गाउँपालिका, भोटेकोशी गाउँपालिका, इन्द्रावती गाउँपालिका, जुगल गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका, बलेफी गाउँपालिका, भोटेकोशी गाउँपालिका र लिसङ्खुपाखर गाउँपालिका रहेका छन् ।

## कसरी रह्यो सिन्धुपाल्चोक ?

नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नुअघि सिन्धुपाल्चोक जिल्ला 'पूर्व १ नम्बर' प्रशासनिक क्षेत्र अन्तर्गत पर्दथ्यो । काभ्रे र सिन्धुपाल्चोक दुवै इलाकाहरु समाहित 'पूर्व १ नम्बर' को मुख्य प्रशासनिक मुकाम चौतारा थियो, धुलिखेलमा चाहिँ छोटी मुकाम । जुन समयमा सिन्धुपाल्चोक 'पूर्व १ नम्बर' अन्तर्गत थियो, त्यसबेला प्रशासनिक सुविधाका लागि ४० वटा थुमहरु खडा गरिएका थिए । ती ४० थुमहरुभित्र 'सिन्धु' र 'पाल्चोक' नामका दुई वटा थुमहरु पनि थिए । तिनै दुई थुमहरुको योगबाट सिन्धुपाल्चोक जिल्लाको नामाकरण भएको बुझिन्छ ।

सिन्धुपाल्चोकबारे केही किम्वदन्ती ऋषि विश्वामित्रको तपोवन पाँचपोखरीमा थियो । श्रृङ्ग ऋषि पनि हिमालका छेउमा तपस्या गरी बसेका थिए । एकपटक नारद उनलाई भेट्न गएछन् । ठण्डीले गर्दा नारदले चिसो पानीमा नुहाउन सकेनन् र श्रृङ्ग ऋषिले तातोपानीको धारा खोलिदिए ।

पर्वतराजकी छोरी पार्वती यहींका हिमचुलीहरुमा टेक्थिन् र खेल्थिन् । हिमवत खण्डमा जनाइए अनुसार उनी एक समय हिरण्यशेखर नामको पर्वतमा गइन् र त्यहाँ उनले सनातन नाम गरेका ऋषिलाई पूजा गरिन्, अनि दान दिइन् । त्यसबखत पार्वतीको ओठको छेउबाट पसिना खस्यो । अनि तुरून्तै पहेंलो रङ्गको भई नदी बनेर पहाडमा बग्यो, त्यही नदी सुनकोशी नदी हो । राजा इन्द्रले कुनै बेला स्वर्गको राजपाट सबै छोडेर नदीका तीरमा आई तपस्या गर्न लागे । उनी नहुँदा स्वर्गमा बाधा पर्‍यो र इन्द्राणी आई विलाप गर्न लागिन् । उनको विलाप सुनेर इन्द्रको मति फिरेछ । उनी फेरि स्वर्गमा गएर राजपाट सम्हाल्न थाले । इन्द्रको मति फिरेको हुनाले त्यस नदीको नाम इन्द्रावती नदी रह्यो ।

यसबाहेक इतिहासका विभिन्न नायक एवं पात्रहरुको नाम यस जिल्लाका देवस्थल, भूस्थल, युद्धस्थल र सीमास्थलसँग सन्दर्भित भएर आउँछन् । ती पात्रहरुमध्ये हेलम्बु निर्वासित भएकी राजराजेश्वरी (रणबहादुर शाहकी जेठी रानी) दुगुनागढी र बहादुर शाह, जनरल भीमसेन थापा र भोताङ, अभयानन्द स्वामीका नामले प्रख्यात जनरल रणवीरसिंह थापा, रणनैनेश्वर शिवालय र सिपा हवेली, तिब्बतसँग

सन्धि गरेर फर्केका काजी भीम मल्लस सुनकोशी एवं इन्द्रावती संगममा क्रुरतापूर्वक उनको हत्या र उनकी पत्नीको श्राप आदि शताब्दीयौंसम्म नर्बिसने महत्वपूर्ण घटनाहरु हुन् ।

**सिन्धुपाल्चोकबारे केही तथ्यहरु**

क्षेत्रफलको आधारमा यो जिल्ला प्रदेश नं.-३ का १३ जिल्लामध्ये सबैभन्दा ठूलो जिल्ला हो । चीनसँग सडकमार्ग भएर जोड्ने महत्वपूर्ण ब्यापारिक नाका तातोपानी यसै जिल्लामा पर्दछ । काठमाडौबाट सबैभन्दा नजीक मानिएको जुगल हिमाल यसै जिल्लामा पर्दछ । साँगाचोकगढी जिल्लाको एक ऐतिहासिक र सामरिक महत्वको ठाउँ मानिन्छ ।

मुलुकमा नै सबैभन्दा बढी सन्यासीहरुको बसोबास भएको जिल्ला पनि सिन्धुपाल्चोक हो । ठूलो धादिङले रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्लालाई जोड्छ । भोटेकोशीमा रहेको विश्वमा नै साहसिक खेल मानिने १६० मिटर अग्लो बञ्जीजम्प यसै जिल्लामा पर्दछ । सिन्धुपाल्चोकका प्रमूख व्यापारिक केन्द्रहरुमा तातोपानी, बाह्रबिसे, स्याउले बजार, चौतारा, खाडीचौर, लामोसाँघु, जलबिरे, मेलम्ची, नवलपुर, चनौटे, तिपेनी, मुडे, बलेफी, सुकुटे, बाहुनेपाटी, सिक्रे, चेहेरे आदि, साँगाचोक आदि रहेका छन् । जिल्लाका प्रमुख नदीनालाहरु इन्द्रावती, भोटेकोशी, सुनकोशी नदीहरुदेखि बलेफी (ब्रम्हायणी), मेलम्ची, सिन्धुखोला, गोहोरेखोला, झ्याँडीखोला, हाँडिखोला, मादेवखोला, तौथलीखोला, वाफलखोला आदि हुन् । सिन्धुपाल्चोकमा पाँचपोखरी, सिपाखोला, भैरवकुण्ड, गुम्वा ताल, सूर्यकुण्ड, नौलिङ्ग कुण्ड, धुप कुण्ड, गुन्यु ताल आदी प्रमुख ताल तथा पोखरीहरु रहेका छन् । २०७२ मा आएको विनाशकारी भूकम्पले सबैभन्दा बढी धनजनको क्षति भएको सिन्धुपाल्चोक जिल्ला हाल तीव्र पुनर्निर्माणको प्रक्रियामा अघि बढिरहेको छ ।

**जिल्लाको मौसमी अवस्था :-** समुद्रि सतहबाट करिब ६७१ मिटर देखि ७०८६ मिटर उचाईमा रहेको यस जिल्लाको सदरमुकाम चौतारा सुमन्द्रि सतहबाट १४१८ मिटरको उचाइमा र यहाको अधिकतम तापक्रम ३२.५ डिग्रि सेल्सियस देखि न्युनतम ५ डिग्रि सेल्सियस रहेको र औषत २६१.५ मिलि मिटर बर्षा हुने गर्दछ ।

**जिल्लाको प्राकृतिक अवस्था :-** सिन्धुपाल्चोक जिल्ला प्राकृतिक सम्पदा र सुन्दरताका दृष्टिले राष्ट्रको उत्कृष्ट जिल्लाहरुको दांजोमा आउँदछ । यस जिल्लाको प्रमुख प्राकृतिक सम्पदाहरुमा जलस्रोत, जङ्गल, र हिमाली टाकुराहरु प्रमुख हुन् । भोटेकोशी, सुनकोशी, ईन्द्रावति, ब्रम्हायणि र मेलम्ची जस्ता प्रमुख नदी हरु तथा पांचपोखरी, भैरवकुण्ड र सुर्यकुण्ड नामक तीन प्रसिद्ध कुण्ड र संधैभरी तातोपानि आईरहने तातोपानी धारा, बञ्जीजम्प स्थल ,हेलम्बु तथा जिल्लाको उत्तरी भागमा १,१५,००० हेक्टर क्षेत्रफल ओगटेको लाम्टाङ बन्यजन्तु आरक्ष, उत्तरी भागमा ६,५३५ मिटर उचाईको जुगल हिमाल र अन्य हिमाल रहेको छन् भने ईन्द्रावति नदीको फाँट, जलबिरे खोलाको फांट र सुनकोशी नदीको वरीपरी जस्ता सुबिख्यात पर्यटकिय स्थलहरु, कला, साहित्य र संस्कृतिले जिल्लाको पहिचानलाई देशभित्र र बाहिर समेत स्थापित गरेको जसको कारणले गर्दा यस जिल्लालाई प्राकृतिक तथा पर्यटकीय दृष्टिकोणले उत्कृष्ट मानिन्छ ।

**जिल्लाको व्यापारीक अवस्था :** उत्तरमा रहेको प्रमुख भन्सार बिन्दु तातोपानी समेत यसै जिल्लामा पर्दछ । कोदारी लोकमार्ग चीनसंगको ब्यापारका लागि देशकै प्रमुख पारवहन मार्ग जिल्लाकै निम्ति गौरब गर्ने विषय हो ।

**जिल्लाको धार्मिक अवस्था** : यस जिल्लामा तामाङ, गुरूङ, लिम्बु, बाहुन, क्षेत्री, नेवार आदी समुदायका मानिसहरुको बसोबास रहेको छ । यी समुदायका मानिसहरुले विभिन्न धर्महरु अवलम्वन गरेको पाईन्छ जसमा बौद्ध धर्मावलम्वीहरुको वाहुल्यता रहेको छ । यसका साथै हिन्दु , क्रिस्चियन धर्म मान्ने वर्गहरुको पनि बसोबास रहेको पाईन्छ । लिस्तिकोट, उग्रचण्डि, त्रिपुरासुन्दरी, पाल्चोक भगवति,कोटमौलो, गौरति भिमेश्वर मन्दिर तथा लार्के घ्याङ गुम्बा सम्बन्धित समुदायका धार्मिक आस्थाको केन्द्रको रूपमा रहेका छन् ।

**जिल्लाको राजनैतिक अवस्था** : यस जिल्लामा संघीय निर्वाचन क्षेत्र २ वटा र प्रदेश निर्वाचन क्षेत्र -४ वटा रहेका छन् । जिल्लाका १२ स्थानीय तहमध्ये ३ वटा नगरपालिका र ९ वटा गाउँपालिका छन् । चौतारासाँगाचोकगढी, बाह्रबिसे र मेलम्ची नगरपालिका हुन् भने ईन्द्रावती, जुगल, भोटेकोशी, सुनकोशी, लिसंखुपाखर, त्रिपुरासुन्दरी, पाँचपोखरी थाङ्पाल, हेलम्बु र बलेफी गाउँपालिका हुन् ।

## चौतारा अस्पताल संचालन तथा व्यवस्थापन समिति : संक्षिप्त परिचय

अस्पतालको साधन श्रोत व्यवस्थापन र परिचालन गरि गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य सेवाको बिस्तार, विकास र प्रभावकारीता बढाई नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति दिई अस्पताल संचालन गर्न विगतमा अस्पताल विकास तथा सहयोग समिति रहेकोमा वि.सं. २०६० फाल्गुन ६ गते देखि अस्पताल विकास समितिमा रूपान्तरण गरिएको पाइन्छ । संघीयता कार्यान्वयन भएपछि यो अस्पतल प्रदेश सरकार मातहत रहन गयो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७५/०४/०६ को मन्त्रि परिषदको निर्णयानुसार श्रावण २०७५ देखि सम्पूर्ण विकास समितिहरु विघटन को साथै सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश को मिति २०७५/०४/१० को निर्णयानुसार अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट को अध्यक्षतामा तदर्थ समिति गठन भई नियमित कार्य संचालन गर्दै आइरहेको र मिति २०७५ कार्त्तिक ३० गते बागमती प्रदेश सरकार मन्त्रिपरिषदको निर्णय अनुसार "प्रदेश भित्रका अस्पतालको संचालन र व्यवस्थापन आदेश २०७५" स्वीकृत भई कार्यान्वयनमा आएकोमा मिति २०८१/०८/२४ गते प्रदेश स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सम्बन्धी नियमावली २०८१ प्रकाशित भई नयाँ अस्पताल संचालन तथा व्यवस्थापन समिति गठनभई कार्य सम्पादन भईरहेको छ । विभिन्न कार्यकालमा अस्पताल संचालन तथा व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरुको विवरण अनुसुची २ मा राखिएको छ भने समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ :

१. अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने ।
२. अस्पतालको विकास आवश्यक सम्बन्धमा दीर्घकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने वा गराउने ।
३. समितिको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने ।
४. अस्पतालको भौतिक सम्पत्तिको रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने ।
५. अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान तथा खोजी गर्ने ।
६. वहिरङ्ग तथा अन्तरङ्ग चिकित्सा सेवा, प्रयोगशाला तथा अन्य सेवा उपलब्ध गराए वापत शुल्क निर्धारण गर्ने ।

७. अस्पतालमा गरेका कार्यको समिक्षा गर्ने र आवश्यक निर्णय लिने ।

८. जनशक्तिको वृत्ति विकासमा आवश्यक कार्य गर्ने ।

९. समितिको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी त्यस्तो उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोक्ने ।

१०. समितिको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्य मन्त्रालयको स्वीकृती लिई गर्ने, गराउने ।

११. अस्पतालको लागि आवश्यक स्रोत तथा साधन व्यवस्था गर्ने ।

१२. अस्पतालको सेवा शुल्क निर्धारण गर्ने ।

१३. आर्थिक रूपमा असहाय तथा असक्षम मानिने बिरामी सम्बन्धी मापदण्ड तयार गर्ने ।

१४. आर्थिक रूपमा असहाय तथा असक्षम मानिने बिरामी को लागि निः शुल्क उपचारको व्यवस्थापन गर्ने ।

१५. तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

**प्रदेश सरकार गठन पश्चातका अस्पताल संचालन तथा व्यवस्थापन समितिका अध्यक्षहरुको विवरण**

| सि.नं. | नाम, थर | ठेगाना | देखि | सम्म |
|---|---|---|---|---|
| १ | इश्वरी प्रसाद श्रेष्ठ | चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ५ सिन्धुपाल्चोक | २०७५/०८/२८ | २०७८/१०/२६ |
| २ | टंक बहादुर कार्की | चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १ सिन्धुपाल्चोक | २०७८/१०/२८ | २०८१/०९/०९ |
| ३ | केशव राज गिरी | चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ११ सिन्धुपाल्चोक | २०८१/०९/०९ | हाल सम्म |

**हाल अस्पताल संचालन तथा व्यवस्थापन समितिमा रहेका पदाधीकारीहरु**

१. अध्यक्ष - श्री केशव राज गिरी - अध्यक्ष, अस्पताल संचालन तथा व्यवस्थापन समिति
२. सदस्य - श्री ध्रुवलाल श्रेष्ठ - चौतरा साँगाचोकगढी नगरपालिका वडा नं. ५
३. सदस्य - श्री निमेश श्रेष्ठ - चौतरा साँगाचोकगढी नगरपालिका वडा नं. ५
४. सदस्य - श्री रामप्रसाद गौतम, कार्यपालिका सदस्य, चौतारा साँगाचोकगढी नगरपालिका
५. सदस्य - अधिकृत स्तर प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक
६. सदस्य - अधिकृत स्तर प्रतिनिधि, कोष नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालय सिन्धुपाल्चोक
७. सदस्य - श्री दुर्गा बजगाई - प्रमख, जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक
८. सदस्य - डा. रोशन चौलागाई - अस्पताल चिकित्सक, चौतारा अस्पताल
९. सदस्य - श्री सिता श्रेष्ठ - अस्पताल नर्सिङ प्रमुख, चौतारा अस्पताल
१०. सदस्य सचिव- डा. रूद्रमणि भण्डारी - नि. मेडिकल सुपरिटेन्डेन्ट, चौतारा अस्पताल

# चौतारा अस्पताल सिन्धुपाल्चोक

## १. परिचय

सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी नगरपालिका-५ मा अवस्थित चौतारा अस्पताल, यस क्षेत्रको प्रमुख स्वास्थ्य सेवा प्रदायक संस्था हो । जनसंख्या दृष्टिकोणले ठूलो र भौगोलिक दृष्टिकोणले चुनौतीपूर्ण क्षेत्रका लागि चौतारा अस्पतालले दीर्घकालदेखि सुलभ, समावेशी र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

वि.सं. २०३१ मा स्थापना भएको यस अस्पतालको नाममा हाल १३ रोपनी २ आना १ दाम क्षेत्रफलको सरकारी जग्गा रहेको छ । सुरूआती अवधिमा जिल्ला अस्पतालको रुपमा १५ शैयामा सीमित सेवा प्रदान गर्दै आएको अस्पतालले कालान्तरमा आफ्नो संरचना, सेवा क्षेत्र, मानव संसाधन तथा भौतिक पूर्वाधारमा उल्लेखनीय विकास गर्दै आएको छ ।

## २. ऐतिहासिक पृष्ठभूमि र विकासक्रम

स्थापनाकालमा जिल्ला स्तरको अस्पतालको रुपमा सञ्चालनमा रहेको चौतारा अस्पतालले स्थानीय तहको पुनःसंरचनापछि चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गत संचालन पाएको थियो । पछि वि.सं. २०७५ मा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यस अस्पताललाई सिन्धुपाल्चोक जिल्ला स्तरीय चौतारा अस्पतालको रुपमा नामकरण गर्दै प्रदेशस्तरीय अस्पतालको मान्यता दिएको हो ।

२०७२ सालको विनाशकारी भूकम्पले अस्पतालको पुरानो संरचना पूर्ण रुपमा ध्वस्त बनाएपछि, नेपाल सरकार र चीन सरकारबीच भएको सम्झौता अनुसार चिनियाँ निर्माण कम्पनीले अत्याधुनिक पूर्वाधारसहितको ३९ वटा सुविधा सम्पन्न कोठासहितको नयाँ भवन भएको र सम्पूर्ण सेवा नयाँ संरचनाबाट नै सञ्चालन भइरहेको छ ।

## ३. संरचना र संगठनात्मक व्यवस्था

२०७५ पछि अस्पतालको संगठनात्मक संरचना उल्लेखनीय रुपमा विस्तार गरिएको छ । बागमती प्रदेश मन्त्रिपरिषद्को मिति २०८०/०९/०३ को निर्णय अनुसार यस अस्पताललाई ५० शैयामा स्तरोन्नति गरिएको हो । यससँगै संगठन संरचना र दरबन्दीसमेत विस्तार गरिंदै अस्पतालमा हाल कुल ६३ जनाको दरबन्दी स्वीकृत गरिएको छ । यस अस्पतालले सेकेन्डरी 'ए' लेबलको अस्पताल अन्तर्गत न्यूनतम सेवा मापदण्ड (MSS) को सूचकाङ्क अनुसार ९३ प्रतिशत प्राप्ताङ्क ल्याई बागमती प्रदेशभित्र प्रथम स्थान हासिल गर्न सफल भएको छ । अस्पतालमा दरवन्दी अनुसार पदपुर्ती नहुनु साथै दरवन्दी अनुसारको स्वास्थ्यकर्मी तथा कर्मचारी मात्रले अस्पताल संचालन गर्न नसकिने भएकोले अस्पताल विकास समिति लगाएतको अन्य कार्यक्रमको स्रोतबाट स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु करार सेवामा लिई सेवा सुचारु गर्दै आएको छ ।

**प्रदेश सरकार गठन पश्चातका कार्यालय प्रमुखहरुको विवरण**

| सि.नं. | पद | नाम, थर | ठेगाना | देखि | सम्म |
|---|---|---|---|---|---|
| १ | बरिष्ठ कन्सल्टेन्ट मेडिकल जनरलिष्ट | डा. पोमावती थापा | काठमाडौ | २०७४/०७/१२ | २०७६/०५/१२ |
| २ | निमित्त मेडिकल सुपरिटेन्डेन्ट | डा. अमित प्रजापती | भक्तपुर | २०७६/०५/१६ | २०७७/११/२९ |
| ३ | निमित्त मेडिकल सुपरिटेन्डेन्ट | डा. करूणा बज्राचार्य | ललितपुर | २०७८/०१/१२ | २०७८/१२/२० |
| ४ | बरिष्ठ कन्सल्टेन्ट मेडिकल जर्नलिष्ट | डा. त्रिभुवन चन्द्र झा | काठमाडौ | २०७८/१२/२० | २०८०/०५/३१ |
| ५ | मेडिकल सुपरिटेन्डेन्ट | डा. गगन अधिकारी | काठमाडौ | २०८०/०६/२१ | २०८०/१२/०१ |
| ६ | निमित्त मेडिकल सुपरिटेन्डेन्ट | डा. रूद्रमणि भण्डारी | गुल्मी | २०८०/१२/०१ | |

**अस्पतालमा बाट प्रदान गरिने सेवाहरु**

चौतारा अस्पताल सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ५ मा अवस्थित ५० शैयाको प्रादेशिक अस्पताल हो । यस अस्पतालवाट प्रदान गरिने सेवाहरु तपिशल अनुसार रहेको सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराइन्छ ।

## ४. प्रमुख स्वास्थ्य सेवा क्षेत्रहरु

### ४.१. बहिरंग सेवा (OPD)

हप्ताको ६ दिन सञ्चालन हुने बहिरंग सेवामा विभिन्न विशेषज्ञ सेवाहरु उपलब्ध छन् । यहाँ सेवा प्रवाह भइरहेका प्रमुख सेवाहरु यस्ता छन् :

- सामान्य चिकित्सा सेवा
- जनरल सर्जरी सेवा (विशेषज्ञ सहित)
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा
- मानसिक स्वास्थ्य विशेषज्ञ सेवा
- नाक, कान, घाँटी (ENT) सेवा (महिनामा एक पटक)
- छाला रोग विशेषज्ञ सेवा (महिनामा एक पटक)
- दन्त (Dental) सेवा
- जनरल फिजिसियन सेवा
- आँखा सेवा

### ४.२. अन्तरंग सेवा (IPD)

५० शैयाको संरचनासँगै अन्तरंग सेवामा समेत व्यापक सुधार गरिएको छ । बिरामीलाई भर्ना गराई दीर्घकालीन सेवा, निगरानी तथा उपचार सेवा प्रदान गरिन्छ ।

**४.३. आकस्मिक सेवा :** २४ सै घण्टा सञ्चालनमा रहेको आकस्मिक सेवा (Emergency Service) मार्फत तुरून्त उपचार आवश्यक बिरामीलाई सेवा दिइन्छ। यसमा प्राथमिक उपचारदेखि विशेषज्ञ परामर्शसम्मका सेवा उपलब्ध छन्।

**४.४. शल्यक्रिया सेवा (Surgical Service) :** सामान्यदेखि विशेष शल्यक्रिया सेवा उपलब्ध छ। दक्ष जनशक्ति र आवश्यक उपकरणको प्रयोग गर्दै समयमै शल्यक्रिया सेवा प्रदान गरिन्छ।

**४.५. प्रसूति सेवा (Maternity Services) :** गर्भवती महिला तथा नवजात शिशुको सेवा लक्षित प्रसूति कक्ष सुसज्जित छ । सुरक्षित प्रसूति तथा नवजात स्याहारमा चौतारा अस्पताल एक प्रमुख केन्द्र हो।

**४.६. रेडियोलोजी सेवा**

- एक्स-रे
- भिडियो एक्स-रे (Ultrasound) जस्ता रेडियोलोजिकल सेवाहरु सञ्चालित छन्।

**४.७. प्रयोगशाला सेवा :** रक्त, मूत्र, मल तथा अन्य नमूनाको परीक्षणसम्बन्धी सेवा उपलब्ध गराइन्छ। रोगको यथार्थ पहिचानमा प्रयोगशाला सेवाको महत्वपूर्ण भूमिका रहँदै आएको छ।

**४.८. फिजियोथेरापी सेवा :** आन्तरिक चोटपटक, नशा, हाड र स्नायु समस्यामा फिजियोथेरापी सेवाले राहत पुऱ्याउने कार्य गरिरहेको छ।

**४.९. हेमोडायलाइसिस सेवा :** मृगौला रोगीहरुका लागि हेमोडायलाइसिस सेवा उपलब्ध गराइएको छ, जुन यस क्षेत्रको लागि जीवनरक्षक सुविधा हो।

**४.१०. २४ सै घण्टा फार्मेसी सेवा :** अस्पतालमा उपलब्ध औषधि फार्मेसी काउण्टरबाट सुलभ रुपमा उपलब्ध गराइन्छ। औषधिको गुणस्तर सुनिश्चित गर्न नियमित निगरानी गरिन्छ।

## ५. सञ्चालनमा रहेका प्रमुख कार्यक्रमहरु

चौतारा अस्पतालमा विभिन्न सरकारी तथा साझेदार कार्यक्रमहरुको सफल कार्यान्वयन हुँदै आएको छ। तीमध्ये प्रमुख कार्यक्रमहरु निम्नानुसार छन्।

**५.१. आमा सुरक्षा कार्यक्रम (CEONC) :** २४ सै घण्टा सञ्चालन हुने यो कार्यक्रम सुरक्षित प्रसूति तथा नवजात सेवा सुनिश्चित गर्न लक्षित छ।

**५.२. एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) :** लैंगिक हिंसा तथा पारिवारिक हिंसा पीडितलाई तत्काल सेवा दिने केन्द्र २४ सै घण्टा संचालनमा रहेको छ।

**५.३. शीघ्र कुपोषण पुनस्थापना कार्यक्रम :** कुपोषणको शिकार भएका बालबालिकालाई पोषण पुनर्स्थापना सेवा प्रदान गरिन्छ।

**५.४. एचआईभी परामर्श तथा उपचार सेवा (ART) :** एचआईभी संक्रमितहरुलाई परामर्श, औषधि र स्वास्थ्य निगरानी प्रदान गरिन्छ।

**५.५. क्षयरोग उपचार सेवा :** क्षयरोग Mycobacterium tuberculosis जीवाणुका कारण हुने संक्रामक रोग हो, जसले प्रायः फोक्सोलाई असर गर्छ। यसको लक्षणमा लगातार खोकी, रगतसहित

कफ, तौल घट्नु र राति पसिना आउनु पर्दछन्। यसलाई ६-९ महिना निरन्तर औषधि सेवनद्वारा पूर्ण रुपमा निको पार्न सकिन्छ ।

**५.६. स्वास्थ्य बीमा कार्यक्रम :** स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत सेवा लिने बीमित नागरिकले कम खर्चमा सेवा प्राप्त गर्न सक्छन् ।

**५.७. सामाजिक सेवा इकाई :** आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई निःशुल्क वा सहुलियत सेवा प्रदान गर्ने व्यवस्थापन गरिन्छ ।

**५.८. मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम :** नागरिकको नियमित स्वास्थ्य परीक्षण तथा जनचेतना अभिवृद्धिको उद्देश्यले यो कार्यक्रम संचालनमा छ ।

**५.९. मातृ तथा शिशु स्वास्थ्य क्लिनिक (MCH), परिवार योजना र सुरक्षित गर्भपतन सेवा :** मातृशिशु स्याहार, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सम्बन्धी सेवाहरु नियमित सञ्चालनमा छन् ।

**५.१०. नवजात शिशु स्क्रिनिङ कार्यक्रम (Neonatal Screening Programme) :** नवजातमा हुने सम्भावित जन्मजात रोगहरुको पहिचानका लागि स्क्रिनिङ सेवा उपलब्ध छ ।

## ६. भविष्यको योजना र सम्भावना :

चौतारा अस्पताल भविष्यमा १०० शैयाको क्षेत्रीय अस्पताल बनाउने लक्ष्यमा अघि बढिरहेको छ । सेवा विस्तार, जनशक्ति वृद्धि, अत्याधुनिक प्रविधिको प्रयोग तथा ग्रामीण भेगसम्म सेवा पुऱ्याउने उद्देश्यका साथ अस्पतालले आफ्नो रणनीति बनाइरहेको छ ।

यद्यपि स्रोत र साधन अझै सीमित छन्, तथापि उपलब्ध स्रोतहरुको अधिकतम उपयोग गर्दै चौतारा अस्पतालले बागमती प्रदेशका अन्य अस्पतालहरुका लागि उदाहरणीय भूमिका निर्वाह गरिरहेको छ ।

## ७. निष्कर्ष

सिन्धुपाल्चोक जिल्ला, जुन भौगोलिक दृष्टिले विकट र आपतकालिन जोखिमहरुबाट प्रभावित क्षेत्र हो, त्यहाँ चौतारा अस्पताल स्थानीय जनताका लागि आशाको केन्द्र बनिरहेको छ । स्वास्थ्य सेवा पहुँच, गुणस्तर, समावेशिता र नवप्रवर्तनका दृष्टिले चौतारा अस्पतालले उल्लेखनीय प्रगति गरिसकेको छ ।

यस अस्पतालको सुदृढ भौतिक संरचना, निष्ठावान मानव संसाधन, विशेषज्ञ सेवा, र सरकारको नीति समर्थनसहित चौतारा अस्पताल प्रदेशमै उत्कृष्ट स्वास्थ्य सेवा केन्द्रका रुपमा स्थापित हुँदै गएको छ । आगामी दिनमा अझ विस्तार, नवप्रवर्तन र समुदाय केन्द्रित सेवा विस्तारका साथ चौतारा अस्पताल देशकै उत्कृष्ट प्रदेशस्तरीय अस्पताल बन्ने अपेक्षा गर्न सकिन्छ ।

## अस्पतालले प्रदान गर्ने सेवा अनुसारको शैया विवरण

स्वीकृत संख्या : ५०

हाल संचालनमा रहेको जम्मा शैया : ६२

| Description | Total | | Description | Total |
|---|---|---|---|---|
| Sanctioned beds | 50 | | Geriatric/Nutrition Rehabilitation centre | 5 |
| Total operational beds | 62 | | Pediatric | 6 |
| In Patient Department | 32 | | Dialysis | 5 |
| Medicine | 8 | | CAC /PAC/ OCMC | 4 |
| Maternity | 7 | | Surgical | 6 |
| ICU beds | | | OT beds | 4 |
| NICU beds | | | विपन्न नागरिकका लागि शैया संख्या | 5 |
| SNCU | 5 | | **Grand Total** | 62 |
| Emergency | 7 | | | |

अस्पतालवाट संचालित एम्वुलेन्स/शव बहान संख्या

**एम्बुलेन्स** : **१ वटा**
**शव बाहन** : **१ वटा**

# Chautara Hospital Organogram



**५० शैया अस्पतालको लागि बागमती प्रदेश सरकारद्धारा स्वीकृत स्थायी कर्मचारीको दरवन्दी विवरण**

| सि.नं. | पद | तह | सेवा | समूह | दरवन्दी संख्या | कार्यरत | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | |
| १ | मेडिकल सुपरिटेन्डेन्ट | ९/ १० | स्वास्थ्य | | १ | | | १ |
| २ | क.ज.फिजिसियन | ९/ १० | स्वास्थ्य | मेडिसिन | १ | | | १ |
| ३ | क. अब्स्ट्रेटिसियन तथा गाइनेकोलोजिष्ट | ९/ १० | स्वास्थ्य | अब्स.गाईने | १ | | | १ |
| ४ | क. पेडीयाट्रेसियन | ९/ १० | स्वास्थ्य | पेडियाट्रीक्स | १ | | | १ |
| ५ | क. अर्थोपेडिक्स सर्जन | ९/ १० | स्वास्थ्य | सर्जरी/ अर्थो | १ | | | १ |
| ६ | क. जनरल सर्जन | ९/ १० | स्वास्थ्य | सर्जरी | १ | | | १ |
| ७ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | ६ | १ | ४ | १ |
| ८ | डेन्टल सर्जन | ८ | स्वास्थ्य | डेन्ट्रिस्टी | १ | | १ | |
| ९ | नर्सिङ अधिकृत | ७ | स्वास्थ्य | जनरल नर्सिङ | १ | | १ | |
| १० | मेडिकल ल्याव टेक्नोलोजिष्ट | ७ | स्वास्थ्य | मे.ल्या.टे | १ | १ | | |
| ११ | एनेस्थेटिक सहायक | ५ | स्वास्थ्य | विविध | १ | १ | | |
| १२ | फार्मेसी सहायक | ५ | स्वास्थ्य | फार्मेसी | १ | | १ | |
| १३ | वायोमेडिकल टेक्निसियन | ५ | स्वास्थ्य | विविध | १ | | | १ |
| १४ | स्टाफ नर्स | ५/ ६/ ७ | स्वास्थ्य | जनरल नर्सिङ | १४ | ५ | ७ | २ |
| १५ | ल्याव टेक्निसियन | ५/ ६/ ७ | स्वास्थ्य | मे.ल्या.टे | ३ | २ | १ | |
| १६ | हेल्थ असिस्टेन्ट | ५/ ६/ ७ | स्वास्थ्य | हे.इ. | ३ | ३ | | |
| १७ | रेडियोग्राफर | ५/ ६/ ७ | स्वास्थ्य | रेडियोग्राफी | २ | १ | | १ |
| १८ | मेडिकल रेकर्डस सुपरभाइजर | ५/ ६/ ७ | स्वास्थ्य | विविध | १ | १ | | |
| १९ | सहायक/ अधिकृत | ५/ ६ | प्रशासन | सा.प्र. | १ | १ | | |
| २० | सहायक/ अधिकृत | ५/ ६ | प्रशासन | लेखा | १ | १ | | |
| २१ | डार्करूम स./ रेडियोग्राफर | ५/ ६ | स्वास्थ्य | रेडियोग्राफी | १ | १ | | |
| २२ | डेन्टल हाइजेनिस्ट | ४/ ५ | स्वास्थ्य | डेन्ट्रिस्टी | १ | | १ | |
| २३ | सहायक कम्प्युटर अपरेटर | ४ | प्रशासन | विविध | १ | | १ | |
| २४ | सहायक | ४/ ५ | प्रशासन | सा.प्र. | १ | | | १ |
| २५ | अ.न.मी/ प.हे.नर्स | ४/ ५/ ६ | स्वास्थ्य | क.न. | २ | १ | १ | |
| २६ | अ.हे.व./ हे.अ | ४/ ५/ ६ | स्वास्थ्य | हे.इ. | २ | १ | १ | |
| २७ | ल्या.अ./ ल्या.टे. | ४/ ५/ ६ | स्वास्थ्य | मे.ल्या.टे. | १ | | | १ |
| २८ | स्वीपर (का.सहयोगी) | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ११ | २ | ९ | |
| | | | | | ६३ | २२ | २८ | १३ |

**कैफियत :**

स्थायी - २२ जना

स्वीकृत स्थायी दरवन्दी करार : २८ जना

रिक्त पद : १३ जना

**चौतारा अस्पताल संचालन तथा व्यवस्थापन समिति तथा अन्य करार तर्फ का कर्मचारी हरूको दरवन्दी विवरण**

| सि.नं. | पद | तह | सेवा | समूह | कार्यरत | कार्यक्रम |
|---|---|---|---|---|---|---|
| १ | MDGP | नवौं | स्वास्थ्य | - | १ | छात्रवृत्ति करार |
| २ | अर्थोपेडिक सर्जन | नवौं | स्वास्थ्य | अर्थो | २ | छात्रवृत्ति करार |
| ३ | मानसिक रोग विशेषज्ञ | नवौं | स्वास्थ्य | - | १ | छात्रवृत्ति करार |
| ४ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ज.हे.स. | ८ | छात्रवृत्ति करार |
| ५ | डेन्टल सर्जन | आठौं | स्वास्थ्य | डेन्ट्रीस | १ | छात्रवृत्ति करार |
| ६ | नर्सिङ अधिकृत | सातौं | स्वास्थ्य | ज.न. | १४ | छात्रवृत्ति करार |
| ७ | फार्मेसी अधिकृत | सातौं | स्वास्थ्य | फार्मेसी | २ | छात्रवृत्ति करार |
| ८ | अप्टिसियन अधिकृत | सातौं | स्वास्थ्य | - | २ | छात्रवृत्ति करार |
| ९ | सहायक कम्प्युटर अपरेटर | चौथो/पाँचौ | प्रशासन | विविध | १ | विकास समिति |
| १० | स्टाफ नर्स | पाँचौ | स्वास्थ्य | ज.न. | १ | OCMC कार्यक्रम |
| ११ | हेल्थ असिस्टेन्ट | पाँचौ | स्वास्थ्य | हे.ई. | १ | ए.आर.टी. |
| १२ | फिजियोथेरापी सहायक | पाँचौ | स्वास्थ्य | - | १ | विकास समिति |
| १३ | ल्याब असिस्टेन्ट | चौथो | स्वास्थ्य | प्याथोलोजी | २ | MNH कार्यक्रम |
| १४ | फार्मेसी सहायक | पाँचौ | स्वास्थ्य | फार्मेसी | १ | विकास समिति |
| १५ | कार्यालय सहायक | चौथो | प्रशासन | सामान्य प्रशासन | २ | विकास समिति |
| १६ | SSU सहजकर्ता | चौथो | स्वास्थ्य | - | २ | सामाजिक सेवा इकाई संचालन |
| १७ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | - | ८ | स्वीकृत अस्थायी दरवन्दी, न्युट्रेशन, MNH कार्यक्रम |
| १८ | हलुका सवारी चालक | श्रेणी विहिन | ” | सामान्य प्रशासन | २ | स्वीकृत अस्थायी दरवन्दी ,विकास समिति |
| १९ | सुरक्षा गार्ड | श्रेणी विहिन | - | - | २ | विकास समिति |
| | **जम्मा** | | | | **५४** | |

**कैफियत**

- छात्रवृती करार : ३१ जना (अर्थोपेडिक सर्जन २, MDGP १, मानसिक रोग विशेषज्ञ १, मेडिकल अधिकृत ८, डेन्टल सर्जन १, नर्सिङ अधिकृत १४, फार्मेसी अधिकृत २, अप्टिसियन अधिकृत २)
- कार्यक्रमहरु : १० जना (हेल्थ असिस्टेन्ट १, स्टाफ नर्स १, ल्याव असिस्टेन्ट २, SSU सहजकर्ता २, कार्यालय सहयोगी ४ )
- स्वीकृत अस्थायी दरवन्दी : ५ जना (१ जना हलुका सवारी चालक, ४ जना कार्यालय सहयोगी)
- अस्पताल संचालन तथा व्यवस्थापन समिति : ८ जना (फिजियोथेरापी सहायक १, कार्यालय सहायक २, सहायक कम्प्युटर अपरेटर १, फार्मेसी सहायक १, हलुका सवारी चालक १, सुरक्षा गार्ड २)

# अस्पताल संचालन तथा व्यवस्थापन समिति तर्फको खर्च विवरण

| Description | |
|---|---|
| Number of meeting held in 2081/82 | 3 |
| **Financial Information** | |
| 2.1 Balance @ end of Asar 2081 | 7,12,460.56 |
| 2.2 Income ( service fees, rent, donation etc) | 3,61,75,650.56 |
| 2.3 Expenses | 3,36,93,802.88 |
| 2.4 Balance @ end of Asar 2082 | 24,81,847.68 |

# वित्तिय विवरण (संघिय शसर्त तर्फ)

| Budget | Budget Allocated | Budget Released | Budget Expence |
|---|---|---|---|
| चालु | | | |
| पुजिगत | 17406800 | 17406800 | 15104925.18 |
| जम्मा | 17406800 | 17406800 | 15104925.18 |

% of Financial achievement: ... 86.78%

## वित्तिय विवरण (प्रदेश स्रोत तर्फ)

| Budget | Budget Allocated | Budget Released | Budget Expenses |
|---|---|---|---|
| चालु | 58740000 | 58740000 | 51284892.07 |
| पुँजिगत | 10571000 | 10571000 | 9324078.05 |
| जम्मा | 69311000 | 69311000 | 60608970.12 |

% of financial achievement: ..87.44%...

## वित्तिय विवरण (अस्पताल विकास समिति तर्फ)

| Budget | Budget Allocated | Budget Released | Budget Expenses | Irregularities | | |
|---|---|---|---|---|---|---|
| | | | | Amount | Clearence | |
| चालु | 1075000 | 1075000 | 537850 | | | |
| पुजिगत | 26459475 | 26459475 | 29414844 | | | |
| जम्मा | 28534475 | 28534475 | 29952694 | | | |

% of Financial achievement: ...100%..

% of Physical achievement: ...100%

## कार्यक्रम अनुसार प्रगति विवरण (अनुसुची २ बाट)

| कार्यक्रम | विनियोजित बजेट रू. | खर्च रू. | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश कार्यक्रम | ६९३११००० | ६०६०८९७०.१२ | ८७.४४ | १०० |
| परिवार कल्याण कार्यक्रम खर्च | ९६३३८०० | ७६७८५३५.४८ | ७९.६५ | १०० |
| एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम | ५२४००० | ४७३७३० | ९०.४६ | १०० |
| महामारी रोग नियन्त्रण कार्यक्रम खर्च | ४२२००० | ३१६२११.६० | ७४.८८ | १०० |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | २७००००० | २५४३०५६.१० | ९४.१८ | १०० |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४१२७००० | ४०९३३९२ | ९९.१८ | १०० |

# अस्पतालको विभिन्न शाखामा रहेका स्वास्थ्य उपकरणहरू

| Department | Name of Equipment | Quantities | |
|---|---|---|---|
| | | Functional | Non-Functional |
| Operation Threatre (General) | Cautery Machine | 1 | |
| | Pt.monitor | 2 | |
| | Oxygen Concentrator | 1 | |
| | Anesthesia machine | 1 | |
| | OT Table | 3 | |
| | OT Light | 4 | |
| | Radiant Warmer | 1 | |
| | AED machine | 1 | |
| | Suction Machine | 2 | |
| Laboratory | Fully Automatic Biochemistry Analyzer | 1 | |
| | Semiauto Analyzer | 2 | |
| | Finecare | 1 | |
| | Electrolyte Machine | 2 | |
| | 3 part hematology | 1 | 1 |
| | 5 Hematology analyzer | 0 | 1 |
| | Microscope | 2 | |
| | Centrifuge | 2 | |
| | Hot Air Oven | 2 | |
| | Freeze | 3 | |
| | Gene-Xpert Machine | 1 | |
| | CLIA Machine | 1 | |
| Radiology | Xray Machine | 2 | |
| | CR System | 1 | 1 |
| | USG machine | 1 | |
| | Portable USG Machine | 3 | 2 |
| Emergency | O2 Concentration | 3 | |
| | Pt.monitor | 4 | |
| | ECG | 1 | |
| | Nebulizer | 1 | |
| | Suction Machine | 1 | |
| | Syringe Pump | 1 | |
| | Infusion Pump | 1 | |
| | Defibrillator | 1 | |

| | | | |
|---|---|---|---|
| | Ventilator | 1 | |
| | CTG Machine | 1 | |
| | Portable USG | 1 | |
| **General Ward** | Pt.monitor | 4 | |
| | Nebulizer | 1 | |
| | O2 Concentration | 6 | |
| | Syringe Pump/Infusion Pump | 1/1 each | |
| | ECG Machine | 1 | |
| | Suction Machine | 1 | |
| **Dental** | Dental Chair | 2 | |
| | Curing Light | 1 | |
| | Dental xray | 1 | 1 |
| | Compressor | 2 | |
| | Dental Scaler | 1 | |
| **NICU** | Ventilator | 1 | |
| | ECG | 1 | |
| | Baby Warmer | 3 | 2 |
| | O2 Concentrator | 1 | |
| | Phototherapy | 3 | |
| | Pt.monitor | 3 | |
| | Nebulizer | 1 | |
| | Syringe Pump | 2 | |
| | Infusion pump | 2 | |
| | Incubator | 1 | |
| **Recovery Room** | Infusion Pump | 1 | |
| | Pt.monitor | 4 | |
| | O2 concentrator | 1 | |
| **Dialysis** | Dialysis Machine | 5 | |
| | RO plant | 2 | |
| | Patient Monitor | 1 | |
| | ECG Machine | 1 | |
| | Syringe Pump/Infusion Pump | 1/1 each | |
| | AED | 1 | |
| **Labor Room** | Baby Warmer | 1 | |
| | CTG machine | 1 | 1 |
| | O2 concentrator | 1 | |
| | Delivery Bed | 2 | |
| | Freeze | 1 | |

| | | | |
|---|---|---|---|
| | Patient Monitor | 1 | |
| | Suction Machine | 1 | |
| **ANC Ward** | Oxygen Concentration | 2 | |
| | Maternal and Fetal MOnitor | 1 | |
| **Liquid Waste Management** | Liquid Waste Managemant System | 1 | |
| **Oxygen Plant** | Oxygen plant | 1 | |
| **Physiothrapy** | Tens Machine | 2 | |
| | IFT Machine | 2 | |
| | Ultrasound Therapy Machin | 1 | |
| | Muscle Stimulator Machine | 1 | |
| | Traction Unit | 1 | |
| | Trade Wheel | 1 | |
| | T-Pully | 2 | |
| **Ortho OT** | Bone Drilling Machine | 1 | |
| | Pt Monitor | 1 | |
| | C-Arm Machine | 1 | |
| | OT Bed | 1 | |
| | OT Light | 1 | |
| | Anesthesia Work Station | 1 | |
| | Electric Cautery Machine | 1 | |
| | x-Ray View Box | 1 | |

## अस्पतालको न्यूनतम सेवा मापदण्ड (MSS)

चौतारा अस्पतालले नेपाल सरकारद्वारा तोकिएको न्यूनतम सेवा मापदण्ड अनुसार सेवा सञ्चालन गर्दै आएको छ । अस्पतालको पूर्वाधारका दृष्टिले सुरक्षित, पहुँचयोग्य तथा अपांगमैत्री भवन संरचना, शुद्ध खानेपानी, सरसफाइ, फोहर व्यवस्थापन, निस्कासन प्रणाली, विद्युत आपूर्ति तथा वैकल्पिक ऊर्जाको व्यवस्था गरिएको छ । आकस्मिक कक्ष, प्रसूति कक्ष, शल्यक्रिया कक्ष (OT), पोस्ट-अपरेटिभ वार्ड, भर्ना वार्ड, ल्याब, रेडियोलोजी (X–ray, Ultrasound) कक्ष, फार्मेसी र परामर्श कक्ष जस्ता आधारभूत सुविधा विद्यमान छन् ।

जनशक्तिका हिसाबले अन्तर चिकित्सा, बालरोग, स्त्रीरोग/प्रसूति तथा शल्यक्रिया विशेषज्ञसहित MBBS चिकित्सक, स्टाफ नर्स, एनेस्थेसिया असिस्टेन्ट, ल्याब टेक्निसियन, रेडियोग्राफर, फार्मासिस्ट, प्रशासनिक तथा सहायक कर्मचारी कार्यरत छन् । यससँगै फिजियोथेरापी तथा सार्वजनिक स्वास्थ्य सेवामा आवश्यक प्राविधिक उपलब्ध गराइएको छ ।


अस्पतालले बाहिरा बिरामी सेवा (OPD), भर्ना सेवा (IPD), २४ घण्टा आकस्मिक सेवा, प्रसूति तथा नवजात शिशु सेवा, सामान्य र आपतकालीन शल्यक्रिया, बाल स्वास्थ्य सेवा, प्रयोगशाला तथा रेडियोलोजी सेवा, र राष्ट्रिय औषधि सूची अनुसारको फार्मेसी सेवा प्रदान गरिरहेको छ ।

व्यवस्थापन पक्षमा रोगी दर्ता तथा अभिलेख संरक्षण प्रणाली, स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन, संक्रमण नियन्त्रण प्रोटोकल, बिरामी सुरक्षा प्रोटोकल र गुणस्तर व्यवस्थापन प्रणाली लागु गरिएको छ। साथै उच्च स्तरीय उपचारका लागि रेफरल प्रणाली सञ्चालनमा रहेको छ।

अस्पतालले सहायक सेवाका रूपमा रक्त सञ्चय तथा व्यवस्थापन, एम्बुलेन्स सेवा, स्वास्थ्य शिक्षा तथा जनचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसका अतिरिक्त समुदायसँग सहकार्य, स्थानीय निकायसँग समन्वय, लैंगिक तथा सामाजिक समावेशीता, र अपांगमैत्री सेवामा प्राथमिकता दिइएको छ।

यसरी चौतारा अस्पतालले न्यूनतम सेवा मापदण्ड अनुसार आधारभूतदेखि विशेषज्ञस्तरका स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ र आगामी दिनमा पूर्वाधार विस्तार, जनशक्ति थप र सेवा गुणस्तर सुधारमार्फत अझ प्रभावकारी स्वास्थ्य सेवा दिन प्रतिबद्ध रहेको छ।


**Trends of MSS Score in Last 3 Fiscal Years**




## चौतारा अस्पतालबाट प्रदान गरिने सेवाहरू

चौतारा अस्पताल, सिन्धुपाल्चोकबाट प्रदान गरिने आकस्मिक सेवा २४ सै घण्टा, अन्तरंग सेवा पनि २४ सै घण्टा, बहिरंग सेवा शनिवार तथा सार्वजनिक बिदाका दिनहरु बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म नियमित रूपमा साथै सार्वजनिक बिदाका दिन र उल्लेखित समय बाहेक आएका बिरामीहरुलाई विस्तारित स्वास्थ्य सेवा मार्फत ओ.पि.डी सेवा सञ्चालन गर्ने गरिन्छ। यस आर्थिक वर्षमा विभिन्न विभागहरुबाट कुल ४७,१६० सेवाग्राहीले विभिन्न स्वास्थ्य सेवा लिएका छन। स्थानिय समुदायलाई अस्पतालमा उपलब्ध स्रोत तथा साधनको उचित रूपमा प्रयोग गरी भरपर्दो सेवा प्रदान गर्नुका साथै उचित परामर्श सेवा नै यस अस्पतालको मुख्य विशेषता हुन।

### यस आ.व. २०८१/८२ मा यस अस्पतालमा आएका लिङ्ग अनुसार विरामीहरुको विवरण




## क. चौतारा अस्पतालको बहिरंग (OPD) सेवा सम्बन्धी संक्षिप्त विवरण


चौतारा साँगाचोकगढी नगरपालिका-५, सिन्धुपाल्चोकमा अवस्थित चौतारा अस्पतालबाट बहिरंग (O.P.D) सेवा सप्ताहको प्रत्येक दिन (शनिवार तथा सार्वजनिक बिदाका दिनहरु बाहेक) बिहान १०:०० बजे देखि साझँ ५:०० बजेसम्म नियमित रुपमा सञ्चालन हुँदै आएको छ । यस्तै, आकस्मिक अवस्था वा सेवा समय बाहेक अस्पतालमा उपस्थित हुने सेवाग्राहीहरुलाई समेत 'विस्तारित स्वास्थ्य सेवा' कार्यक्रममार्फत सुलभ र गुणस्तरीय सेवा प्रदान गरिँदै आएको छ।

उपलब्ध चिकित्सक स्रोत र पूर्वाधारको समुचित व्यवस्थापनमार्फत, अस्पतालले विशेषज्ञ चिकित्सक तथा अनुभवी मेडिकल अधिकृतहरुको सहभागितामा ओ.पी.डी. सेवा सशक्त रुपमा सञ्चालन गर्दै आएको छ । बहिरंग सेवा अन्तर्गत हाल प्रदान गरिने प्रमुख सेवा क्षेत्रहरुमा सामान्य ओ.पी.डी.,हाडजोर्नि विशेषज्ञ, दन्तरोग, शल्यक्रिया (सर्जरी, स्त्री तथा प्रसूति रोग, आँखा, क्षयरोग तथा एच.आइ.भि.एड्स परामर्श सेवा, फिजियोथेरापी, मानसिक स्वास्थ्य (मनोचिकित्सा) तथा नसर्ने रोग सम्बन्धी परामर्श र उपचार सेवा समावेश छन् । स्वास्थ्य सेवा पहुँचलाई सहज तुल्याउने उद्देश्यले अस्पताल सञ्चालन समितिको निर्णय अनुसार ओ.पी.डी. सेवाको सेवा शुल्क रू. २० कायम गरिएको छ भने 'विस्तारित स्वास्थ्य सेवा'को हकमा मेडिकल अधिकृतको लागि रू. २०० र विशेषज्ञ चिकित्सकको लागि रू. ४०० सेवा शुल्क निर्धारण गरिएको छ।


स्थानीय समुदायको स्वास्थ्य सुरक्षामा समर्पित रहँदै, अस्पतालले आफ्ना सीमित स्रोत र साधनको अधिकतम उपयोगमार्फत भरपर्दो सेवा प्रदान गर्दै आएको छ। बिरामीको स्वास्थ्यको अवस्थाबारे सूक्ष्म अवलोकनसहित यथोचित परामर्श सेवा उपलब्ध गराउनु यस अस्पतालको प्रमुख विशेषता हो।

अस्पतालप्रतिको आम जनविश्वास, सेवा गुणस्तरमा निरन्तर सुधार, र स्थानीय स्वास्थ्य आवश्यकताको यथार्थ बोधले चौतारा अस्पताललाई सिन्धुपाल्चोक जिल्लाभरिका नागरिकहरुका लागि आशालाग्दो उपचार केन्द्रको रुपमा स्थापित गरिरहेको छ ।

**यस आ.व. २०८१/८२ मा यस अस्पतालको विभिन्न ओपिडिमा आएका लिङ्ग अनुसार विरामीहरुको विवरण**





**अस्पतालको शाखा अनुसारको विरामीहरुको विवरण**



## विशेषज्ञ चिकित्सक सेवा

यस चौतारा अस्पताल सिन्धुपाल्चोकमा विशेषज्ञ/विशिष्टकृत सेवा विस्तार गर्न मिति २०८१ साल पौष १ गते विशेषज्ञ चिकित्सकहरुसंग सम्झौता गरिएको जसमा हरेक महिनाको एक (१) दिन तपशिल बमोजिमको विशेषज्ञ चिकित्सक सहितको ओ.पि.डि.सेवा सञ्चालन हुने भएको जसमा मानसिक तथा नशा रोग विशेषज्ञ सेवाको मानसिक अस्पताल ललितपुरका मानसिक तथा स्नायू रोग विशेषज्ञ डा. सुरज तिवारी, नाँक, कान तथा घाँटी रोग विशेषज्ञ सेवाको लागि वीर अस्पताल, काठमाडौका नाँक, कान तथा घाँटी रोग  विशेषज्ञ डा. सोनिका धरी श्रेष्ठ र छाला तथा यौन रोग विशेषज्ञ सेवाको लागि टेकु अस्पताल, काठमाडौका छाला तथा यौन रोग विशेषज्ञ डा. अमृता श्रेष्ठसंग करार सम्झौता गरी सेवा संचालन गरिएको ।

**आर्थिक वर्ष २०८१/०८२ मा चौतारा अस्पतालवाट विशेषज्ञ सेवा लिएका विरामीको संख्यात्मक विवरण**




### ख. **चौतारा अस्पतालद्वारा सञ्चालित आकस्मिक (इमरजेन्सी) स्वास्थ्य सेवा**

चौतारा अस्पताल, सिन्धुपाल्चोकमा सञ्चालित आकस्मिक स्वास्थ्य सेवा चौबीसै घण्टा सञ्चालनमा रहँदै आएको एक अत्यन्तै महत्वपूर्ण तथा जनविश्वाससम्पन्न सेवा हो । यस सेवाको प्रभावकारी सञ्चालनका लागि अस्पतालले तीन सिफ्टअनुसार स्वास्थ्यकर्मी तथा मेडिकल अधिकृतहरुलाई नियमित रुपमा खटाएको छ भने विशेषज्ञ चिकित्सकहरु 'अनकल' सेवा मार्फत आवश्यकताअनुसार तत्परतापूर्वक उपलब्ध हुँदै आइरहेका छन् ।

सेवाग्राहीको सहज उपचार व्यवस्थाका लागि अस्पतालले आकस्मिक कक्षमा ७ वटा बेडको व्यवस्था गरेको छ, जसले अल्पकालीन निगरानी र प्रारम्भिक उपचार प्रदान गर्न पर्याप्त आधार तयार गरेको छ ।


सेवा शुल्कको सन्दर्भमा, चौतारा अस्पताल व्यवस्थापन समितिको निर्णयअनुसार प्रति सेवाग्राही रु. १०० शुल्क तोकिएको छ । तथापि, नेपाल सरकारले तोकेको निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने लक्षित वर्गहरु (जस्तैः जेष्ठ

नागरिक, महिला, अपाङ्ग, दलित, अशक्त, विपन्न, आदि) का लागि यो सेवा पूर्णरुपमा निःशुल्क उपलब्ध गराइन्छ, जसले समावेशी र मानव केन्द्रित स्वास्थ्य सेवा प्रवाहमा चौतारा अस्पतालको भूमिका झल्काउँछ ।

बिरामीलाई तत्काल सेवा दिन अस्पताल प्रशासन, चिकित्सक, स्वास्थ्यकर्मी तथा सहायक जनशक्तिहरुले दिनरात नभनी सेवा दिँदै आइरहेका छन्, जुन प्रतिबद्धता यस संस्थाको गौरवपूर्ण विशेषता हो ।

यसरी, चौतारा अस्पतालले आकस्मिक स्वास्थ्य सेवा मार्फत जिल्लावासीलाई आपतकालीन अवस्थामा जीवनरक्षक उपचार प्रदान गर्दै आएको छ र भविष्यमा अझ प्रभावकारी र सुसंरचित सेवा प्रवाहका लागि निरन्तर प्रयत्नशील छ ।

**आकस्मिक सेवा लिने बिरामीहरुको विवरण**





## ग. अन्तरंग सेवा (Inpatient Service) सम्बन्धी विवरण

चौतारा अस्पताल, सिन्धुपाल्चोकमा आकस्मिक तथा बहिरंग (OPD) सेवामा आउने बिरामीहरुमध्ये निरन्तर चिकित्सकीय निगरानी एवं औषधोपचार आवश्यक पर्ने अवस्थाहरुमा बिरामीलाई अन्तरंग विभागमा भर्ना गराई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिँदै आएको छ । रोगको प्रकृति, जटिलता तथा बिरामीको समग्र स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै विशेषज्ञ चिकित्सक तथा मेडिकल अधिकृतहरुको समन्वयमा सेवा प्रवाह निरन्तर रूपमा संचालनमा रहेको छ ।


अस्पतालको अन्तरंग सेवामा विशेषगरी जनरल वार्ड, प्रसूति (Maternity) र शल्यक्रिया (Surgical) सेवाहरु प्रभावकारी रुपमा सञ्चालनमा रहेका छन् । प्रसूति सेवा अन्तर्गत गर्भवती महिलालाई सुरक्षित प्रसव तथा सुत्केरीपछिको समुचित हेरचाह उपलब्ध गराइँदै आएको छ, जसले मातृ तथा शिशु मृत्युदर घटाउने प्रयासमा सघाउ पुऱ्याउँदै आएको छ। यस्तै, सामान्य तथा विशेष प्रकारका शल्यक्रियात्मक अवस्थाहरुका लागि समेत अस्पतालमा आधारभूत पूर्वाधार र दक्ष जनशक्ति परिचालित गरिएको छ। आवश्यक उपकरण, सफा तथा व्यवस्थित वार्ड, र अनुभवी चिकित्सकको टोलीको सहकार्यमा अन्तरंग सेवा प्रति दिन गुणस्तरीय बनाउँदै लैजान अस्पताल निरन्तर प्रयत्नशील छ।

यो सेवा चौतारा अस्पतालको एक महत्वपूर्ण पक्षको रुपमा स्थापित हुँदै गएको छ, जसले जिल्लाभरका नागरिकहरुलाई नजिकैबाट विश्वसनीय र सहज सेवा उपलब्ध गराउने उद्देश्य पूरा गरिरहेको छ।


**यस आ.व. २०८१/८२ मा अन्तरंग विभाग बाट सेवा लिएका बिरामीहरूको विवरण**




## आ.व. २०८१/८२ मा चौतारा अस्पतालमा सेवा लिने बिरामीहरूको Inpatient Outcome





## विभिन्न आ.व.मा चौतारा अस्पतालमा सेवा लिने बिरामीहरूको विवरण



### विभिन्न आ.व. २०८१/०८२ मा ओपिडि, आकस्मिक र अन्तरंग सेवा लिने बिरामीहरूको विवरण




### Trends of New Patient Visited in Last 3 Fiscal Years




## आमा सुरक्षा कार्यक्रम

### १. चौतारा अस्पतालको निःशुल्क २४ घण्टा प्रसूति सेवा

चौतारा अस्पताल, सिन्धुपाल्चोक मातृ स्वास्थ्य सुरक्षामा समर्पित संस्थाका रुपमा चिनिँदै आएको छ, जसले गर्भवती महिलाहरुका लागि २४ सै घण्टा निःशुल्क प्रसूति सेवा उपलब्ध गराउँदै आएको छ । मातृत्वको संवेदनशील क्षणलाई सुरक्षित, सहज र सम्मानजनक बनाउने उद्देश्यका साथ, यस

सेवामा सामान्य प्रशुति, जटिल अवस्था (जस्तैः भ्याकुम वा फोरसेपको प्रयोग) तथा शल्यक्रिया (Cesarean Section) मार्फत गरिने प्रशुतिहरु समावेश छन् । नेपाल सरकारद्वारा सञ्चालित "आमा सुरक्षा कार्यक्रम" अन्तर्गत, यस अस्पतालमा सेवा लिन आउने योग्य सेवाग्राहीहरुलाई राज्यले तोकेको आर्थिक सुविधाहरु समेत उपलब्ध गराइएको छ । उक्त सुविधा अन्तर्गतः प्रशुति सेवाका लागि अस्पतालमा आएका महिलाहरुलाई यातायात खर्च बापत रू. ३०००।- प्रदान गरिएको छ, जसले ग्रामीण तथा टाढाका भेगहरुबाट समेत सुरक्षित रूपमा अस्पतालसम्म पुग्न सहज बनाएको छ । त्यस्तै, पूर्वप्रसुति जाँच (ANC check-up) को प्रोटोकल अनुसार ४, ६, ८ र ९ महिनामा नियमित जाँच गराएका महिलाहरुलाई प्रोत्साहन स्वरुप रू. ८००।- उपलब्ध गराइएको छ । वित्तीय वर्ष २०८१/०८२ मा चौतारा अस्पतालमा जम्मा २३५ जना सेवाग्राहीहरुले माथि उल्लिखित निःशुल्क सुविधा प्राप्त गरेका छन्, जुन संख्या मातृ स्वास्थ्य सेवाप्रति जनविश्वास र पहुँच दुवैको संकेत हो ।

यस अस्पतालको यो सेवा विशेषगरी आर्थिक, भौगोलिक तथा सामाजिक दृष्टिले पिछडिएका महिलाहरुका लागि जीवनदायिनी सावित भइरहेको छ । सुरक्षित मातृत्वलाई संस्थागत बनाउँदै, मातृ तथा नवजात मृत्युदर घटाउने दिशामा चौतारा अस्पतालको योगदान अत्यन्तै महत्वपूर्ण रहँदै आएको छ ।

## MCH Clinic :

यस अस्पतालमा जनस्वास्थ्य सेवा ऐन २०७५ ले निर्दिष्ट गरे अनुसार प्रत्येक नागरीकलाइ गुणस्तरिय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने र आधारभूत स्वास्थ्य सेवा अन्तर्गत का गर्भवती जाँच सेवा, परिवार नियोजन सेवा, पोषण सम्बन्धि सेवा, प्रजनन स्वास्थ्य सम्बन्धी सेवा, बालबालिकाको लागि खोप सेवा, गर्भवती महिला तथा प्रजनन उमेरका महिलाको लागि खोप सेवा पनि संचालनमा आइरहेका छन ।

### ANC Visit

| गर्भवती जाँच (पटक) | महिलाको संख्या | |
|---|---|---|
| | < २० बर्ष | ≥ २० बर्ष |
| 1 | 2 | 3 |
| पहिलो (जुनसुकै समयको) | 14 | 142 |
| १२ हप्ता सम्म | 12 | 107 |
| ४ पटक (१६ ,२०-२४, ३२ र ३६ हप्ता) | 3 | 87 |
| ८ पटक (प्रोटोकल अनुसार) | 6 | 59 |

## MPDSR

नेपाल सरकारले मातृ शिशु मृत्यूदर लाइ न्युन गर्ने उद्देश्यका साथ संचालित MPDSR कार्यक्रम यस अस्पतालमा पनि संचालन हुदै आइरहेको छा सम्भावित आमा तथा शिशुको मृत्युको कारणहरु पहिचान गरि त्यस्ता कारणहरुको बारेमा सचेतना कार्यक्रमहरु मार्फत भविष्यमा दोहोरिनदिन यस कार्यक्रमले महत्वपुर्ण भुमिका खेलिरहेको छ । चौतारा अस्पतालमा संचालित उक्त कार्यक्रम सम्बन्धि तथ्याङ्क लाइ तल प्रस्तुत गरिएको छ ।

यस आ.व.२०८१/०८२ मा प्रशुति वार्डमा भएका पेरिनेटल मृत्युहरूको विवरणहरू :

| | | |
|---|---|---|
| Still Birth | Antepartum Stillbirths | 2 |
| | Intrapartum Stillbirth | 1 |
| Early Neonatal death | | 2 |
| Maternal death | | 0 |

## २. सि.इ.ओ.एन.सि. (CEONC) कार्यक्रम
## (Comprehensive Emergency Obstetric and Newborn Care)

सम्पूर्ण आकस्मिक प्रसूति तथा नवजात सेवा कार्यक्रम : नेपाल सरकारद्वारा सञ्चालित CEONC (Comprehensive Emergency Obstetric and Newborn Care) कार्यक्रमको मुख्य उद्देश्य दुर्गम तथा ग्रामीण क्षेत्रमा रहेका महिला र नवजात शिशुहरुको मृत्युदर घटाउने हो । विशेषगरी गर्भावस्था, सुत्केरी तथा सुत्केरीपछिको अवस्थामा देखिने जटिलता र आकस्मिक अवस्थाहरुको समयमै व्यवस्थापन गरी आमाको ज्यान जोगाउने तथा नवजात शिशुको जीवन रक्षा गर्ने यस कार्यक्रमको केन्द्रीय लक्ष्य हो ।

**कार्यक्रमको उद्देश्यः**

- दुर्गम क्षेत्रका महिलालाई २४ सै घण्टा प्रशुति शल्यक्रिया (C-section) सेवा उपलब्ध गराउने,
- गर्भावस्थामा आउने जोखिमपूर्ण अवस्थाहरु (रक्तश्राव, उच्च रक्तचाप, भ्रुणको असामान्य स्थिति आदि) को विशेष विधिबाट तत्काल उपचार गर्ने व्यवस्था सुनिश्चित गर्नु,
- शल्यक्रिया तथा नवजात सेवाका लागि आवश्यक पूर्वाधार, उपकरण, जनशक्ति तथा विशेषज्ञ सेवाको उपलब्धता कायम राख्नु,
- मातृ तथा नवजात मृत्युदरमा उल्लेखनीय कमी ल्याउनु ।


<u>चौतारा अस्पतालमा CEONC सेवा</u>

चौतारा अस्पताल, सिन्धुपाल्चोकमा CEONC सेवा प्रभावकारी रुपमा सञ्चालनमा रहेको छ । दुर्गम भूगोल, सीमित स्रोतसाधन र पहुँचको चुनौतीबीच पनि यस सेवाले गर्भवती महिला तथा नवजात शिशुहरुको जीवनरक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

यो सेवा अन्तर्गत, गर्भवती महिलाहरुलाई गम्भीर खतराबाट जोगाउने प्रयोजनका लागि तत्काल शल्यक्रिया सेवा, रक्त सञ्चार, नवजात शिशु पुनर्जीवन सेवा, र विशेष निगरानी उपलब्ध गराइन्छ। प्रशिक्षित विशेषज्ञ चिकित्सक, नर्सहरु तथा मेडिकल अधिकृतहरुद्वारा यो सेवा चौबीसै घण्टा उपलब्ध हुन्छ।

नेपाल सरकारले यो कार्यक्रम दुर्गम तथा प्राथमिकताको क्षेत्रमा प्राथमिकता दिई लागू गरेको हो ताकि कुनै पनि महिला गर्भावस्थामा आवश्यक उपचार नपाएर ज्यान गुमाउन नपरोस् भन्ने मूल सोच कार्यान्वयनमा आउन सकोस्।

**विभिन्न आ.व.२०८१/०८२ मा यस अस्पताल बाट प्रशुति सेवा प्राप्त गरेका सेवाग्राहीहरूको विवरण**




## नवजात शिशु सेवा कार्यक्रम
## (Newborn Care Program)

मातृ तथा शिशु स्वास्थ्य सुरक्षाको अभिन्न अंगका रुपमा, चौतारा अस्पताल, सिन्धुपाल्चोकमा नवजात शिशु मृत्युदर न्यूनीकरण गर्ने उद्देश्यसहित आर्थिक वर्ष २०७९/०८० देखि नवजात शिशु सेवा कार्यक्रम संचालनमा ल्याइएको हो। यो कार्यक्रम अन्तर्गत जन्मेदेखि २८ दिनभित्र रहेका शिशुहरुलाई लक्षित गर्दै गुणस्तरीय तथा निःशुल्क उपचार सेवा प्रदान गरिँदै आएको छ।

### सेवाको स्वरुपः

प्रसूति पश्चात नवजात शिशुमा देखिने स्वास्थ्य समस्याहरुका लागि अस्पतालमा भर्ना भई उपचार लिने अवस्था आएमा, डिस्चार्ज वा अन्यत्र प्रेषण नभएसम्म सम्पूर्ण उपचार सेवा निःशुल्क रुपमा उपलब्ध गराइन्छ। नवजात शिशु डिस्चार्ज भई पुनः जन्मेको २८ दिनभित्रै दोस्रोपटक भर्ना हुन आएमा पनि सोही अनुसारको निःशुल्क सेवा निरन्तर प्रदान गरिन्छ। उपचार अवधिभर, नवजात शिशुको आमा वा अभिभावकलाई अस्पताल परिसरमै बस्न मिल्ने सुरक्षित स्थान (आवास व्यवस्था) समेत अस्पतालले उपलब्ध गराउँछ, जसले शिशुको हेरचाहमा सहुलियत पुऱ्याउँछ।

### सेवामा लागु हुने सर्तहरुः


यदि नवजात शिशुका अभिभावक वा आमाले क्याबिन कोठा वा प्राइभेट वार्ड रोजेका छन् भने, सो अवस्थामा नवजात शिशुले यो निःशुल्क उपचार सुविधा प्राप्त गर्ने छैनन्। यसले सेवा व्यवस्थापनलाई पारदर्शी, वर्गीकृत र स्रोतअनुकूल बनाउने उद्देश्य राख्दछ। यस कार्यक्रममार्फत

अस्पतालले नवजात शिशुको प्रारम्भिक जीवनमा देखा पर्ने रोग, संक्रमण, जन्मजात समस्या वा पोषणसम्बन्धी जटिलता जस्ता संवेदनशील अवस्थाहरुको यथासमय उपचार सुनिश्चित गरिरहेको छ।

**निष्कर्षः**

नवजात शिशुको जीवन रक्षा र सुरक्षित प्रारम्भिक बाल्यकाल निर्माणमा चौतारा अस्पतालको यो पहल प्रभावकारी बन्दै गएको छ । मातृ र नवजात स्वास्थ्य सुधारका लागि सञ्चालित अन्य कार्यक्रमहरुसँग समन्वय गर्दै, यो सेवा अस्पतालको समर्पणपूर्ण र जनमुखी सेवा प्रवाहको सशक्त उदाहरण बनेको छ।

**यस आ.व. २०८१/८२ मा यस अस्पतालबाट SNCU/NICU बाट उपचार पाएका नवजात शिशुको विवरण**




## नवजात शिशु स्वास्थ्य स्क्रिनिङ तथा उपचार व्यवस्थापन कार्यक्रम (Newborn Screening and Management Program)

नवजात शिशुको प्रारम्भिक जीवनमा देखिने स्वास्थ्य समस्याको समयमै पहिचान र उपचार गरी शारीरिक तथा मानसिक अपाङ्गता न्यूनीकरण गर्ने उद्देश्यले, चौतारा अस्पताल, सिन्धुपाल्चोकमा "नवजात शिशु स्वास्थ्य स्क्रिनिङ तथा उपचार व्यवस्थापन कार्यक्रम" आर्थिक वर्ष २०७९/०८० देखि लागू गरिएको हो । विशेष गरी नवशिशुहरुमा जन्मजात रुपमा देखिन सक्ने Congenital Hypothyroidism जस्ता गम्भीर स्वास्थ्य समस्या समयमै निदान गर्न, निशुल्क (Head to Toe Examination) (सिरदेखि खुट्टासम्मको सम्पूर्ण परीक्षण) सेवा अस्पतालमा प्रदान गरिँदै आएको छ।

**कार्यक्रमको उद्देश्यः**

- नवजात शिशुमा जन्मजात रोगहरुको प्रारम्भिक पहिचान गरी समयमै उपचारको व्यवस्था गर्नु,
- Congenital Hypothyroidism को जस्ता गम्भीर तर उपचारयोग्य अवस्थाहरुलाई जीवनको सुरूवातमै पत्ता लगाई भविष्यको अपाङ्गता रोकथाम गर्नु,
- नवजात शिशुहरुको सम्पूर्ण स्वास्थ्य परीक्षण प्रणालीलाई संस्थागत, व्यवस्थित र सर्वसुलभ बनाउनु।

### उपलब्धि (आ.व. २०८१/०८२):

यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ मा जम्मा १३५ जना नवजात शिशुहरुले स्क्रिनिङ सेवा प्राप्त गरेका छन् । यो संख्या सेवाको पहुँच र प्रभावशीलता दुबैको द्योतक हो । कार्यक्रम लागू भएपछि अस्पतालमा जन्मेका वा अन्य स्थानबाट सिफारिस भई आएका नवशिशुहरुलाई समेत समेटेर विस्तृत स्वास्थ्य परीक्षण गर्ने अभ्यास प्रभावकारीरुपमा सञ्चालित हुँदै आएको छ ।

### निष्कर्षः

नवजात शिशुहरुमा जीवनको प्रारम्भमै गम्भीर रोगहरु पहिचान गरी गुणस्तरीय उपचारको सुनिश्चितताका लागि नवजात शिशु स्वास्थ्य स्क्रिनिङ तथा उपचार व्यवस्थापन कार्यक्रम चौतारा अस्पतालको एक महत्वपूर्ण स्वास्थ्य पहलका रुपमा स्थापित भइरहेको छ । यसले मातृ तथा शिशु स्वास्थ्य सुरक्षामा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

## सुरक्षित गर्भपतन सेवा
## (Safe Abortion Service)

नेपाल सरकारले सुरक्षित गर्भपतनलाई कानुनी मान्यता दिएपछि महिला स्वास्थ्य अधिकारको सन्दर्भमा यो एक महत्वपूर्ण उपलब्धिका रुपमा स्थापित भएको छ । यही कानुनी र नैतिक आधारमा चौतारा अस्पताल, सिन्धुपाल्चोकमा समेत सुरक्षित गर्भपतन सेवा नियमित रुपमा निःशुल्क रुपमा प्रदान गरिँदै आएको छ ।

**सेवा विवरणः**


चौतारा अस्पतालमा प्रदान गरिने सुरक्षित गर्भपतन सेवामा निम्न दुई विधिहरु समावेश छन्ः

मेडिकल गर्भपतन सेवा (Medical Abortion) : गर्भावस्थाको ९ हप्ताभित्र (Up to 9 weeks) महिला स्वयंको पूर्वस्वीकृतिमा, चिकित्सकीय औषधिको प्रयोगमार्फत गरिने सेवा हो । यो सेवा हर दिन उपलब्ध छ र पूर्णतः निःशुल्क प्रदान गरिन्छ ।

सर्जिकल गर्भपतन सेवा (Surgical Abortion) : गर्भावस्थाको १२ हप्ताभित्र (Up to 12 weeks) सुरक्षित विधि (जस्तै MVA-Manual Vacuum Aspiration) प्रयोग गरेर योग्य स्वास्थ्यकर्मी/चिकित्सकको प्रत्यक्ष निरीक्षणमा प्रदान गरिने सेवा हो । यस सेवा पनि नियमित रुपमा उपलब्ध छ र राज्यको नीति अनुसार पूर्ण रुपमा निःशुल्क प्रदान गरिन्छ ।

सेवा सन्देशः यो सेवाको मूल उद्देश्य महिलाहरुलाई असुरक्षित गर्भपतनबाट जोगाउनु, प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्नु तथा मातृ मृत्युदर घटाउनु हो । चौतारा अस्पतालमा उपलब्ध यो सेवा महिलाको गोपनीयता, सम्मान र सुरक्षा सुनिश्चित गर्ने गरी प्रदान गरिन्छ, जसले स्वास्थ्य प्रणालीप्रति महिलाहरुको भरोसा अभिवृद्धि गरिरहेको छ ।

**विभिन्न आ.व. मा यस अस्पतालबाट सुरक्षित मातृत्व सेवा प्राप्त गरेका महिलाहरूको विवरण**





## मेडिकोलिगल सेवा

चौतारा अस्पतालले स्वास्थ्य सेवा मात्र होइन, कानुनी दृष्टिले महत्वपूर्ण घटनाहरुमा पनि प्रत्यक्ष भूमिका निर्वाह गर्दै मेडिकोलिगल सेवा प्रदान गर्दै आएको छ। यस सेवाले अपराध, दुर्घटना, आत्महत्या, हिंसा, यौनजन्य अपराध, आकस्मिक मृत्यु तथा अन्य कानुनी संवेदनशील घटनामा आवश्यक प्रमाण संकलन, परीक्षण तथा प्रतिवेदन तयार गर्ने कार्य समेट्छ । मेडिकोलिगल सेवामा अस्पतालको चिकित्सक टोलीले प्रहरी प्रशासन, अदालत तथा सरकारी वकिलको कार्यालयसँग नजिकको सहकार्य गर्दै, घटनाको निष्पक्ष अनुसन्धानमा मद्दत पुग्ने गरी वैज्ञानिक आधारमा प्रमाण संकलन गर्छ । यसमा शारीरिक परीक्षण (Physical Examination), पोस्टमार्टम (Postmortem Examination), चोटपटकको मूल्याङ्कन, बायोलोजिकल नमूना संकलन, यौनजन्य हिंसा सम्बन्धी प्रमाण संकलन तथा आवश्यक प्रयोगशाला परीक्षण जस्ता कार्यहरु समावेश हुन्छन् ।

चौतारा अस्पतालको मेडिकोलिगल कार्यमा विशेष दक्षता प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरु संलग्न रहन्छन् । संवेदनशील घटनामा पीडितको गोपनीयता, मर्यादा र कानुनी प्रक्रिया दुवैको सुरक्षा गर्दै सेवा प्रदान गरिन्छ । प्रतिवेदन तयार गर्दा प्रचलित कानुन, स्वास्थ्य मन्त्रालयको निर्देशन, र नेपाल मेडिकल काउन्सिलको मापदण्डको पूर्ण पालना गरिन्छ ।

यो सेवाले जिल्ला भित्रै कानुनी प्रक्रिया सजिलो बनाउनुका साथै, प्रमाण संकलनमा गुणस्तर र विश्वसनीयता कायम राख्न मद्दत पुऱ्याएको छ । प्रहरी तथा अदालतका निकायहरुले समयमा आवश्यक प्रतिवेदन प्राप्त गर्न थालेपछि अनुसन्धानको गति र प्रभावकारिता दुवैमा सुधार आएको छ ।

मेडिकोलिगल सेवाको निरन्तर उपलब्धताले सिन्धुपाल्चोक जिल्लामा स्वास्थ्य र न्यायको संगमलाई मजबुत बनाएको छ । यसले अपराध पीडितलाई न्यायको पहुँचमा ल्याउन, दोषीलाई कानुनी कारबाही गर्न, र समाजमा कानुनी सचेतना फैलाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।



## एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC)
## लैंगिक हिंसा पीडितहरुका लागि समन्वित सेवा केन्द्र

चौतारा अस्पताल, सिन्धुपाल्चोकमा लैंगिक हिंसासँग सम्बन्धित सेवा प्रवाहलाई व्यवस्थित, प्रभावकारी र समन्वित बनाउन वि.सं. २०७४ सालको चैत्र १ गतेदेखि 'एकद्वार संकट व्यवस्थापन केन्द्र' (One-Stop Crisis Management Center – OCMC) स्थापना गरिएको हो । यो केन्द्रले महिला, बालबालिका, ज्येष्ठ नागरिक लगायत सबै प्रकारका लैंगिक हिंसाबाट पीडित व्यक्तिहरुलाई २४ सै घण्टा, जुनसुकै समयमा, निःशुल्क सेवा प्रदान गर्दै आएको छ ।

केन्द्रको उद्देश्य :

- लैंगिक हिंसाबाट पीडितहरुलाई शीघ्र, सुरक्षित र गोपनीय सेवा उपलब्ध गराउनु,
- सामाजिक समावेशीकरण, लैंगिक समानता र मानव अधिकारको प्रत्याभूति सुनिश्चित गर्नु,
- हिंसाको शारीरिक, मानसिक, कानुनी तथा सामाजिक पक्षको समग्र व्यवस्थापन गर्नु ।

सेवा समावेश : OCMC मार्फत प्रदान गरिने प्रमुख सेवा क्षेत्रहरु निम्नानुसार छन् ।

- स्वास्थ्य सेवाः हिंसाबाट पीडितको प्रारम्भिक स्वास्थ्य जाँच तथा उपचार अस्पतालका योग्य चिकित्सकहरुमार्फत ।
- मनोसामाजिक परामर्शः मानसिक आघातबाट गुज्रिरहेका पीडितहरुका लागि प्रशिक्षित स्टाफ नर्सद्वारा मनोसामाजिक परामर्श ।
- चिकित्सकीय प्रमाण संकलनः कानुनी प्रक्रिया सहजीकरणका लागि हिंसासम्बन्धी प्रमाणहरुको वैज्ञानिक ढंगले संकलन र अभिलेखीकरण ।
- अल्पकालीन आश्रयः तत्काल आवासीय सुरक्षाको आवश्यकता परेमा सुरक्षित बसोबासको व्यवस्था ।
- कानुनी सहयोग तथा सिफारिसः पीडितको अनुरोधमा कानुनी निकायहरुसँग सहकार्य गरी आवश्यक प्रक्रिया अगाडि बढाउने व्यवस्था ।

जनशक्ति तथा व्यवस्थापन : यो सेवा प्रवाहका लागि अस्पतालले एक जना मेडिकल अधिकृत र एक जना स्टाफ नर्स (मनोसामाजिक परामर्शदाता) लाई जिम्मेवारीका साथ खटाएको छ । चिकित्सकीय जाँच, परामर्श तथा समन्वयात्मक सेवा प्रवाह अस्पतालका चिकित्सकहरुमार्फत नियमित रुपमा संचालनमा रहेको छ ।


### हालसम्मको उपलब्धिः

आर्थिक वर्ष २०८१/०८२ मा जम्मा ७३ जना सेवाग्राहीहरुले एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत सेवा प्राप्त गरेका छन्, जसले यस कार्यक्रमप्रतिको सामाजिक आवश्यकता र प्रभावलाई स्पष्ट रुपमा दर्शाउँछ ।

### निष्कर्षः

चौतारा अस्पतालमा आधारित OCMC सेवा पीडितहरुको पुनर्स्थापना, आत्मबल पुनःनिर्माण, न्याय प्राप्ति र समग्र सुरक्षाको दिशामा एक महत्वपूर्ण पहल हो । यो सेवा अस्पतालको मात्र नभई सम्पूर्ण सिन्धुपाल्चोक जिल्लाको लैंगिक न्याय तथा सामाजिक सुरक्षा प्रवर्धनमा योगदान दिने एउटा संवेदनशील र आवश्यक संयन्त्रका रुपमा स्थापित भइसकेको छ ।

**आ.व. २०८१/०८२ मा यस अस्पतालको OCMC बाट सेवा लिएका सेवाग्राहीहरूको विवरण**




| Type of Crime | Total number of cases (New) | | |
|---|---|---|---|
| | 2079/80 | 2080/81 | 2081/82 |
| Sexual Assault | 6 | 24 | 48 |
| Physical Violence | 29 | 45 | 14 |
| Harmful Traditional Practice | 4 | 2 | 0 |
| Rape | 5 | 9 | 9 |
| Other | 0 | 35 | 6 |
| **Total** | **47** | **115** | **74** |

## सामाजिक सेवा इकाई तथा निःशुल्क स्वास्थ्य सेवा
## (Social Service Unit and Free Healthcare Services)

चौतारा अस्पताल, सिन्धुपाल्चोकमा स्थापित सामाजिक सेवा इकाई (Social Service Unit) को प्रमुख उद्देश्य समाजका सीमान्तकृत, कमजोर, जोखिममा रहेका तथा राज्यद्वारा पहिचान गरिएका लक्षित समूहका लागि निःशुल्क, सहज, समान र गरिमायुक्त स्वास्थ्य सेवा सुनिश्चित गर्नु हो । नेपाल सरकारको निर्देशिका र अस्पताल व्यवस्थापनको नीति अनुरुप सामाजिक सेवा इकाईमार्फत विभिन्न लक्षित समूहहरुलाई निःशुल्क वा सहुलियतपूर्ण दरमा स्वास्थ्य सेवा प्रदान गरिँदै आएको छ ।

**१. सामाजिक सेवा इकाई अन्तर्गत निःशुल्क स्वास्थ्य सेवाका उद्देश्यहरु**

- लक्षित वर्गका बिरामीहरुको स्वास्थ्य सेवामा समतामूलक पहुँच र सेवा उपयोग वृद्धि गर्नु ।

- लक्षित समूहमा विशेषज्ञ सेवा निःशुल्क वा आंशिक छुटमा सहज रुपमा उपलब्ध गराउनु ।
- स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा कार्यक्रमहरु सँग समन्वय र सहजीकरण गर्नु ।
- पारदर्शी, व्यवस्थित र उत्तरदायी सेवा प्रणाली स्थापना गर्नु, जसले लक्षित समूहले सेवा सहज रुपमा लिन सक्ने वातावरण सुनिश्चित गर्छ ।

## २. लक्षित समूह (Targeted Beneficiaries)

सामाजिक सेवा इकाई अन्तर्गत निःशुल्क वा सहुलियत दरमा सेवा पाउने समूहहरु निम्नानुसार छन्ः

- गरिब तथा आर्थिक रुपमा असहाय व्यक्तिहरु
- अपांगता भएका व्यक्ति
- जेष्ठ नागरिक
- लैंगिक हिंसाबाट पीडित महिला, पुरूष तथा बालबालिका
- महिला स्वास्थ्य स्वयंसेविका
- प्राकृतिक प्रकोप (भूकम्प, पहिरो, बाढी, आगलागी आदि) बाट पीडित
- प्रहरीद्वारा ल्याइएका थुनुवा
- अन्य– (अस्पताल व्यवस्थापनको निर्णयानुसार स्थानीय सन्दर्भमा थप लक्षित समूह निर्धारण गर्न सकिने व्यवस्था)

## ३. उपलब्ध सेवा र सेवा लिनेको संख्या (आ.व. २०८१/०८२)

सामाजिक सेवा इकाईमार्फत लक्षित समूहहरुले चौतारा अस्पतालका विभिन्न शाखाहरु (OPD, Emergency, Inpatient, Maternity, Surgery आदि) बाट निःशुल्क वा सहुलियत सेवा प्राप्त गर्दै आएका छन् ।


**निष्कर्ष**

सामाजिक सेवा इकाई चौतारा अस्पतालको समावेशी, मानवीय र न्यायपूर्ण स्वास्थ्य सेवा दर्शनको मूर्त प्रतिबिम्ब हो । यस इकाईको माध्यमबाट राज्यका लक्षित वर्गहरुलाई स्वास्थ्यमा समान पहुँच दिलाउने र "स्वास्थ्य सबैको हक हो" भन्ने अवधारणालाई व्यवहारमा उतार्ने कार्य निरन्तर रूपमा अगाडि बढिरहेको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा प्राप्त सेवा विवरण (संख्यात्मक रुपमा) निम्नानुसार उल्लेख गरिनेछ :

| सि.नं. | लक्षित वर्गहरू | सेवाग्राहि संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | विपन्न/अति विपन्न | ४४ | ५२ | ९६ |
| २ | असहाय | | | |
| ३ | अपांगता भएका व्यक्ति | १३ | १९ | ३२ |
| ४ | जेष्ठ नागरिक | ६४६ | ५७६ | १२२२ |
| ५ | लैंगिक हिंसाबाट पिडित | | | |
| ६ | महिला स्वास्थ्य स्वयंम सेविका | १ | | १ |
| ७ | अन्य | | ६० | ६० |
| | **जम्मा** | **७०४** | **७०७** | **१४११** |

**यस आ.व. २०८१/०८२ मा यस अस्पतालको सामाजिक सेवा इकाईबाट स्वास्थ्य सेवा लिएका लक्षित बर्गका विरामीहरूको विवरण**




## स्वास्थ्य बीमा कार्यक्रम – सर्वसुलभ स्वास्थ्य सेवातर्फको सुनिश्चित यात्रा

नेपाल सरकारद्वारा सञ्चालित सामाजिक स्वास्थ्य बीमा कार्यक्रम नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा सुलभ गराउन तथा उपचारक्रममा उत्पन्न हुने अनियोजित आर्थिक बोझबाट जोगाउन सामाजिक सुरक्षाको आधारशिला स्वरुप २०७२ सालदेखि लागू गरिएको एक महत्वपूर्ण राष्ट्रिय कार्यक्रम हो ।

**स्वास्थ्य बीमा कार्यक्रमको मुख्य उद्देश्य भनेको :**

- स्वास्थ्य उपचारमा लाग्ने अनपेक्षित खर्चको जोखिमलाई व्यवस्थापन गर्नु ।
- आर्थिक अवस्था कमजोर भएका नागरिकलाई स्वास्थ्य पहुँचमा समावेश गराउनु ।
- सबै नेपाली नागरिकका लागि न्यायोचित, गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्नु हो ।

## कार्यान्वयन र सञ्चालन

यो कार्यक्रम हाल स्वास्थ्य बीमा बोर्डद्वारा संचालनमा छ । बीमा सदस्यहरुले तोकिएको वार्षिक शुल्क बुझाई विशिष्ट कोड नं. सहित अस्पतालमा सेवा उपयोग गर्न पाउँछन् । बीमा सदस्यलाई सधैं सेवाग्राहीको रुपमा समर्पित व्यवहारसाथ सेवा दिने व्यवस्था गरिएको छ ।

## चौतारा अस्पतालमा बीमा कार्यक्रमको कार्यान्वयन

चौतारा अस्पतालमा पनि स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा रहेको छ । बीमित सेवाग्राहीले अस्पतालमा उपचार गराउँदा बीमा सुविधा अन्तर्गत आवश्यक सेवा तथा औषधी निशुल्क वा आंशिक शुल्कमा पाउँछन् । अस्पतालले बीमित बिरामीहरुलाई प्राथमिकता दिएर सेवा प्रदान गर्दै आएको छ ।

**सेवाग्राही तथ्याङ्क (गत आ.व.)**

आर्थिक वर्ष २०८१/०८२ मा चौतारा अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत २४१०० जना सेवाग्राही लाभान्वित भएका छन् । यो संख्या बर्सेनि वृद्धिदरका साथ बढ्दो बीमाको पहुँच र विश्वासलाई देखाउँछ ।


**निष्कर्ष**

स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्यमा पहुँच र समावेशीतालाई मूर्त रूप दिने, नागरिकको स्वास्थ्यमा लगानी बढाउने र समाजलाई आर्थिकरुपमा सुरक्षित बनाउने राष्ट्रव्यापी अभियान हो । चौतारा अस्पतालले यस कार्यक्रमलाई उत्तरदायित्वपूर्वक कार्यान्वयन गर्दै बीमित सेवाग्राहीको उपचार अधिकारलाई सशक्त बनाउँदै आएको छ ।

## अन्य सेवाहरू

यस चौतारा अस्पतालमा गत ३ बर्ष मा एक्सरे, भिडियो एक्सरे तथा ई.सि.जि. सेवा लिएका विरामीहरूको विवरण ।

**यस अस्पतालमा विभिन्न आ.व. मा विभिन्न सेवा लिने सेवाग्राही हरूको विवरण**





## दूला तथा साना अप्रशेन

चौतारा अस्पताल, सिन्धुपाल्चोकले पछिल्लो समय आफ्नो सेवा विस्तारको क्रममा शल्यक्रिया सम्बन्धी सेवालाई पनि प्रभावकारी रुपमा सञ्चालन गर्दै आएको छ । प्रसूति सम्बन्धी जटिल अवस्था देखिएको खण्डमा योग्य तथा अनुभवी स्त्रीरोग विशेषज्ञहरुको टोलीद्वारा शल्यक्रिया (C-section) सेवा प्रदान गरिँदै आएको छ, जसले मातृ तथा नवजात शिशुको जीवनरक्षामा महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यस्तै, जनरल सर्जरी सेवा अन्तर्गत हाइड्रोसिल, हर्निया जस्ता साना तर संवेदनशील

अपरेशनहरु पनि नियमित रुपमा सञ्चालन भइरहेका छन्, जसले दुर्गम गाउँबाट आएका सेवाग्राहीहरुलाई राजधानी वा अन्यत्र जानुपर्ने झन्झटबाट मुक्त गराएको छ।

यस अस्पतालमा चोटपटक लागेका बिरामीहरुका लागि घाउ उपचार र साना चिरफार (माइनर सर्जरी) सेवा सहज रुपमा उपलब्ध छ, जसमा संक्रमण भएको घाउ सफा गर्ने, सिउने, फोका वा अन्य सामान्य सर्जिकल समस्याहरुको उपचार गरिन्छ। साना बालबालिका, वृद्धवृद्धा तथा आकस्मिक अवस्थामा आएका बिरामीहरुलाई प्राथमिक उपचार अन्तर्गत सामान्य प्लास्टर गर्ने सेवा पनि अस्पतालमै उपलब्ध रहेको छ, जसले स्थानीय स्तरमै तात्कालिक राहत दिने व्यवस्था सुनिश्चित गरेको छ। यी सबै सेवाहरु दक्ष चिकित्सक र आवश्यक उपकरणमार्फत गरिने भएकाले चौतारा अस्पताल शल्यक्रिया सेवाको विश्वसनीय केन्द्रका रुपमा स्थापित हुँदै गएको छ।

**विभिन्न आ.व. मा यस अस्पतालबाट भएका ठूला तथा साना अप्रेशन तथा पलाष्टरहरू**




## प्रयोगशाला सेवा

चौतारा अस्पतालमा आधुनिक प्रयोगशाला (ल्याब) सेवा उपलब्ध छ, जसअन्तर्गत रोग पहिचान तथा उपचारलाई प्रभावकारी बनाउन आवश्यक विभिन्न परीक्षणहरु नियमित रुपमा गरिँदै आएको छ। यस अस्पतालको ल्याब सेवा २४ घण्टा आकस्मिक अवस्थामा सञ्चालन हुन्छ र दक्ष ल्याब टेक्निसियन तथा सहायक कर्मचारीमार्फत सेवा उपलब्ध गराइन्छ। यहाँ रगत, मूत्र, मल तथा अन्य नमूनाहरुको सामान्य परीक्षणदेखि लिएर जैव-रसायन, हेमाटोलोजी, माइक्रोबायोलोजी, सेरोलोजी र इम्युनोलोजीसम्बन्धी परीक्षणहरु गर्न सकिने सुविधा छ।

अस्पतालले राष्ट्रिय मापदण्ड अनुसार ल्याब सेवा सञ्चालन गर्दै आएको छ र आवश्यक परीक्षणका लागि प्रयोगशाला उपकरण तथा रसायनहरु व्यवस्थित रुपमा प्रयोग गरिन्छ। ल्याब सेवामा गुणस्तर कायम राख्न इन्टरनल कन्ट्रोल प्रणाली अपनाइएको छ भने आवश्यकता अनुसार उच्च स्तरीय प्रयोगशालामा नमूना पठाउने व्यवस्था (रेफरल) पनि गरिएको छ। यसरी चौतारा अस्पतालको ल्याब सेवा रोगको प्रारम्भिक पहिचान, उपचारको अनुगमन र स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत विरामीलाई उपलब्ध हुने सेवा गुणस्तरीय बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

**विभिन्न आ.व. मा यस अस्पताल बाट गरिएको ल्याब नमूनाहरू**

| आ.व. | Hematology | Immunology | Biochemistry | Bacteriology | Viorology | Parasitology | Hormone |
|---|---|---|---|---|---|---|---|
| २०७९/८० | 29831 | 3461 | 21666 | 356 | 2532 | 5533 | 836 |
| २०८०/८१ | 70396 | 6277 | 39370 | 497 | 2020 | 8812 | 1456 |
| २०८१/८२ | 83140 | 9567 | 45394 | 528 | 2445 | 10783 | 3634 |

## ए.आर.टी. सेवा – एच.आई.भी. संक्रमितका लागि जीवनदायिनी उपचार

एच.आई.भी. (मानव प्रतिरक्षा ह्रास विषाणु) एक यस्तो संक्रामक रोग हो, जसले मानिसको शरीरको रोग प्रतिरोधात्मक प्रणालीलाई क्रमशः कमजोर पार्दछ । यो रोग रगत, वीर्य, यौन स्राव, दुध वा संक्रमित सुईको प्रयोग जस्ता माध्यमबाट एक व्यक्तिबाट अर्कोमा सर्न सक्छ ।

एच.आई.भी. संक्रमणको उच्च जोखिममा पर्ने समूहहरुमा निम्न समुहहरु पर्दछन्:

- यौन व्यवसायमा संलग्न व्यक्तिहरु ।
- उनीहरुका ग्राहकहरु ।
- सुईद्वारा लागूऔषध प्रयोग गर्ने व्यक्ति ।
- जोखिमयुक्त यौन व्यवहारमा संलग्न युवा-युवतीहरु ।

### चौतारा अस्पतालमा सञ्चालित ए.आर.टी. सेवा

चौतारा अस्पतालले एच.आई.भी. संक्रमित तथा जोखिममा रहेका व्यक्तिहरुका लागि ए.आर.टी. सेवा (Antiretroviral Therapy) प्रभावकारी रुपमा सञ्चालन गरिरहेको छ। यस सेवामार्फत बिरामीहरुलाई नियमित रुपमा औषधी सेवन गराउने, स्वास्थ्य परीक्षण गर्ने, परामर्श प्रदान गर्ने, तथा मनो-सामाजिक सहयोगसमेत उपलब्ध गराइन्छ ।

### सेवा समय र सुविधा

सेवा समयः प्रत्येक आइतबारदेखि शुक्रबारसम्म, सार्वजनिक बिदा बाहेक

समयः बिहान १०:०० बजे देखि दिउँसो ४:०० बजेसम्म

स्थानः चौतारा अस्पतालको ओ.पि.डी. सेवा अन्तर्गत छुट्टै कक्षमा

सेवा दिने जनशक्तिः प्रशिक्षित स्वास्थ्यकर्मीहरुको समर्पित टोली, जो गोपनीयता, मर्यादा र संवेदनशीलतासहित सेवा उपलब्ध गराउँछन् ।

### सेवाका प्रमुख उद्देश्यहरु

- संक्रमित व्यक्तिमा भाइरल लोड घटाउने
- संक्रमण अन्यमा सर्न नदिने
- बिरामीको जीवन गुणस्तर सुधार गर्ने ।
- समाजमा जागरण र सहनशीलता अभिवृद्धि गर्ने ।

**निष्कर्षः**

चौतारा अस्पतालको ए.आर.टी. सेवा, एच.आई.भी./एड्स संक्रमित व्यक्तिहरुको स्वास्थ्य सुधार, आत्मबल अभिवृद्धि र सामाजिक पुनःस्थापनाको लागि अति महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । यो सेवा अस्पतालको समावेशी, संवेदनशील र मानव-केन्द्रित उपचार दृष्टिकोणको उत्कृष्ट उदाहरण हो ।

**टेबुल नं. ७ : आ.व. २०८१/८२ सम्म यो सेन्टरबाट ए.आर.टि. सेवा प्राप्त गर्दै आएका विरामीहरूको विवरण**

| | | |
|---|---|---|
| 1 | **Total Enrolled client** | 94 |
| - | **LFU** | 0 |
| - | **Death** | 2 |
| - | **Transfer out** | 2 |
| - | **MIS** | 0 |
| 2 | **Total on ART** | 88 |

## क्षयरोग उपचार सेवा

चौतारा अस्पतालले सङ्क्रमणजन्य रोगहरुको नियन्त्रणमा विशेष ध्यान दिँदै क्षयरोग उपचार सेवा निरन्तर सञ्चालन गर्दै आएको छ । क्षयरोग (Tuberculosis – TB) नेपालमा अझै पनि सार्वजनिक स्वास्थ्यको चुनौतीका रुपमा रहँदै आएको छ, जसको रोकथाम र उपचारका लागि विश्व स्वास्थ्य संगठन (WHO) को "End TB Strategy" अनुरुप अस्पतालले सेवा प्रवाह गरिरहेको छ ।

यो सेवा अन्तर्गत बिरामीको प्रारम्भिक पहिचान, जाँच, उपचार र निगरानी कार्य प्रणालीबद्ध रुपमा गरिन्छ । सूत परीक्षण (Sputum Test), GeneXpert परीक्षण तथा आवश्यक भएमा Chest X-ray मार्फत क्षयरोगको पुष्टि गरिन्छ । रोगको प्रकार (Pulmonary वा Extra-pulmonary TB) पहिचान भएपछि राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम (NTCP) अन्तर्गत निःशुल्क औषधि वितरण गरिन्छ ।

उपचार अवधिभर बिरामीको औषधि सेवन, स्वास्थ्य अवस्था, र संभावित असरको निगरानी गर्न प्रशिक्षित स्वास्थ्यकर्मीको टोली खटाइन्छ । उपचार अनुपालन सुनिश्चित गर्न Directly Observed Treatment Short Course (DOTS) पद्धति अपनाइन्छ, जसअन्तर्गत बिरामीले स्वास्थ्यकर्मीको उपस्थितिमा औषधि सेवन गर्छन् । यसले उपचार बीचमै रोक्ने वा अधूरो सेवनका कारण औषधि प्रतिरोधी (Drug Resistant TB) समस्या कम गर्न मद्दत गर्दछ ।

अस्पतालमा क्षयरोगबारे जनचेतना फैलाउन नियमित रुपमा परामर्श सत्र, पोस्टर, पम्पलेट र समुदायस्तरीय स्वास्थ्य शिक्षा कार्यक्रम विभिन्न संचार माध्ययमवाट सञ्चालन गर्दै आएरहेको छ । साथै, क्षयरोग पहिचान र उपचारमा ढिलाइ नहोस् भन्नका लागि बिरामीलाई प्रारम्भिक लक्षण देखिनासाथ स्वास्थ्य संस्थामा आउन प्रेरित गरिन्छ ।

यो सेवा स्वास्थ्य बीमा योजनामा पनि सूचीकृत छ, जसले बीमित बिरामीलाई थप परीक्षण तथा उपचार प्रक्रियामा आर्थिक सहयोग पुऱ्याउँछ । बीमाविहीन बिरामीलाई पनि राष्ट्रिय कार्यक्रम अन्तर्गत निःशुल्क औषधि उपलब्ध गराइन्छ । क्षयरोग उपचार सेवाको प्रभावका कारण जिल्लामा उपचार पूरा गर्ने बिरामीको दर उच्च भएको छ र नयाँ बिरामीको पहिचान तथा उपचारमा सहजता आएको छ ।

यसले सिन्धुपाल्चोक जिल्लामा क्षयरोग नियन्त्रणका प्रयासलाई सबल बनाउँदै "क्षयरोगमुक्त समुदाय" को लक्ष्यतर्फ महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ ।

| | | |
|---|---|---|
| 1 | Total Patient | 14 |
| 2 | Pulmonary TB | 11 |
| 3 | Extra pulmonary TB | 3 |

**चौतारा अस्पतालको २४ घण्टा सञ्चालनमा रहेको फार्मेसी सेवा :**

चौतारा अस्पतालको फार्मेसी सेवा स्वास्थ्य पहुँचको सशक्त सहयात्री स्वास्थ्य उपचारको मूल आधारमध्ये एक हो- समयमै उपलब्ध औषधी सेवा । चौतारा अस्पताल, सिन्धुपाल्चोकले यस आवश्यकता र संवेदनशीलतालाई आत्मसात गर्दै २४ सै घण्टा सञ्चालन हुने फार्मेसी सेवालाई संस्थागत ढंगले मजबुत बनाउँदै आएको छ ।

- **सेवा सञ्चालनको स्वरुप**

चौतारा अस्पतालको फार्मेसी सेवा निरन्तर २४ घण्टा, सातै दिन खुला रहन्छ। यो सेवा अस्पतालकै भित्री परिसरमा सुव्यवस्थित तरिकाले सञ्चालनमा छ, जसले गर्दा आकस्मिक अवस्था वा रातको समयमा समेत बिरामीहरुले सहज पहुँच पाउने व्यवस्था गरिएको छ ।

- **स्वास्थ्य बीमा अन्तर्गतको सेवा**

अस्पतालमा नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत फार्मेसी सेवा उपलब्ध गराइएको छ । बीमित बिरामीहरुलाई आवश्यक औषधी निःशुल्क वा न्यूनतम शुल्कमा उपलब्ध गराउने व्यवस्थाले जनस्वास्थ्यमा उल्लेखनीय सहजता पुऱ्याएको छ ।

- **निःशुल्क औषधी वितरण**

नेपाल सरकारद्वारा तोकिएको सूची अनुसारको निःशुल्क औषधी वितरण कार्यक्रमसमेत चौतारा अस्पतालको फार्मेसी मार्फत प्रभावकारी रुपमा कार्यान्वयनमा रहेको छ । यसले ग्रामीण तथा आर्थिक रुपमा कमजोर वर्गलाई प्रत्यक्ष लाभ पुऱ्याएको छ ।

- **छुट सुविधा**

बिरामीहरुका लागि औषधी खरिदमा ८ प्रतिशत छुट प्रदान गर्ने व्यवस्था गरिएको छ । यस छुट प्रणालीले खासगरी नियमित औषधी सेवन गर्नुपर्ने दीर्घरोगीहरुलाई आर्थिक रुपमा राहत प्रदान गर्दै आएको छ ।

- **गुणस्तर र पारदर्शिता**

फार्मेसीमा बिक्री गरिने सबै औषधीहरु नेपाल सरकारको औषधी व्यवस्था विभागबाट प्रमाणित तथा गुणस्तरीय कम्पनीहरुमार्फत आपूर्ति गरिन्छ । औषधी वितरण प्रक्रियामा पारदर्शिता र सुरक्षित भण्डारण प्रणाली अवलम्बन गरिएको छ ।

- **जनशक्ति र व्यवस्थापन**

फार्मेसीमा योग्य, अनुभवी र नेपाल फार्मेसी परिषद्बाट प्रमाणित फार्मेसी अधिकृत र सहायक कर्मचारी कार्यरत छन्, जसले सेवाको गुणस्तरमा कुनै सम्झौता हुन नदिन निरन्तर लागिरहेका छन् ।


**निष्कर्ष**

चौतारा अस्पतालको फार्मेसी सेवा केवल औषधी वितरण केन्द्र मात्र नभई, स्वास्थ्य सेवाको एक अनिवार्य अङ्ग हो। यो सेवा आर्थिक सहुलियत, औषधीको सहज पहुँच र गुणस्तरीय आपूर्तिको दृष्टिकोणले अस्पतालको समग्र छविमा थप उज्यालो प्रदान गरिरहेको छ ।

## आ.व. २०८१/८२ को अस्पताल फार्मेसी विवरण

| क.सं. | विवरण | |
|---|---|---|
| १ | फार्मेसी संचालन गरेको मिति | २०७३२४/०१/ |
| २ | निशुल्क उपलव्ध औषधीहरूको संख्या | Item wise ९८ |
| ३ | फार्मेसीमा उपलब्ध औषधीहरूको संख्या | Item wise १०७४ |
| ४ | फार्मेसीमा कार्यरत जनशक्ती संख्या (जना ) | ४ जना करार (फार्मेसी अधिकृत २ जना, फार्मेसी सहायक २ जना ) |
| ५ | गत वर्षको मौज्याद रु. (स्वास्थ्य विमा सहितको) | रु. ६६८०४२२ |
| ६ | बार्षिक आम्दानी रु.(स्वास्थ्य विमा सहितको) | रु. २०८१५०२४ |
| ७ | यस बर्षको खर्च रु. | रु. १४९३२५११ |
| ८ | यस बर्षको मौज्याद | रु. १२८३५७०२ (स्वास्थ्य विमावाट सोध भर्ना हुन वाँकी सहित) |
| ९ | सफ्टवेयरको अवस्था (उपलब्धता, अवस्था) | Dcode Software Available |
| १० | अस्पतालको औषधी खरिद गर्ने विधि/प्रक्रिया | Tender |

**विभिन्न आ.व. मा यस अस्पतालमा मृत्यु भएका विरामीहरूको विवरणहरू**




## फिजियोथेरापी सेवा
## (Physiotherapy Services)

चौतारा अस्पताल, सिन्धुपाल्चोकमा उपलब्ध बहिरंग सेवाहरु मध्ये फिजियोथेरापी सेवा पनि एक महत्वपूर्ण सेवा हो, जसले बिरामीको दैनन्दिन जीवनस्तर सुधार, अंगसञ्चालन क्षमता वृद्धि, दुखाइ न्यूनीकरण तथा पुनःस्थापना प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्य राख्दछ ।

**सेवा समय र पहुँचः**

फिजियोथेरापी सेवा प्रत्येक हप्ता आइतबार देखि शुक्रबार सम्म, बिहान १०:०० बजे देखि साझ ५:०० बजेसम्मनियमित रुपमा उपलब्ध गराइन्छ । शनिवार तथा सार्वजनिक बिदाका दिनहरुमा भने सेवा बन्द रहन्छ, तर अत्यावश्यक अवस्थामा विस्तारित ओ.पी.डी. सेवामार्फत सेवा प्रवाह गरिन्छ ।


**सेवाको गुणस्तर र व्यवस्थापनः**

- सेवा प्रवाहमा अनुभवी चिकित्सक तथा फिजियोथेरापीष्टको नियमित उपस्थिति सुनिश्चित गरिएको छ।
- बिरामीहरुको अवस्थाअनुसार आवश्यकता अनुरुप व्यक्तिगत पुनःस्थापना योजना तथा अभ्यास विधिहरु अपनाइन्छ।
- सेवा गुणस्तरीय, रोगको प्रकृति अनुसार अनुकूलित, र बिरामीमैत्री ढाँचामा उपलब्ध गराइन्छ।

**सेवा लाभग्राही तथ्याङ्क (आ.व. २०८१/८२):**

आर्थिक वर्ष २०८१/८२ मा चौतारा अस्पतालबाट जम्मा ४३८ जना सेवाग्राहीहरुले फिजियोथेरापी सेवा प्राप्त गरेका छन्। यसले अस्पतालमा शारीरिक पुनःस्थापनासँग सम्बन्धित सेवा आवश्यकताको पुष्टि गर्नुका साथै, बिरामीहरुको विश्वास तथा अस्पतालको सेवा विस्तारको संकेत गर्दछ।

**निष्कर्षः** फिजियोथेरापी सेवा चौतारा अस्पतालको बहुमूल्य सेवा मध्येको एक हो, जसले विशेषगरी हड्डी, स्नायु, जोर्नी तथा मांसपेशीसम्बन्धी समस्याका बिरामीहरुको उपचारमा सघाउ पुऱ्याउँदै आएको छ। फिजियोथेरापी सेवा शरीरको समग्र पुनःस्थापनामा सघाउने, रोग निदानपछि जीवनशैली सुधार गर्ने तथा दीर्घकालीन स्वास्थ्य व्यवस्थापनमा सहयोग पुऱ्याउने प्रभावकारी सेवा हो। यो सेवा क्रमशः विस्तार हुँदै जानुका साथै आगामी दिनमा अझ प्रविधिमैत्री र पहुँचवृद्धिका उपायहरु समेट्ने अपेक्षा गरिएको छ। निरन्तरता, गुणस्तर र पहुँचको सन्तुलनका आधारमा यो सेवा जिल्ला स्तरीय स्वास्थ्य सेवा प्रणालीमा थप प्रभावशाली बन्दै गइरहेको छ।



## हेमोडायलाइसिस सेवा

चौतारा अस्पतालले दीर्घ मिर्गौला रोग (Chronic Kidney Disease) का बिरामीहरुको उपचारका लागि जीवनरक्षक हेमोडायलाइसिस सेवा २०८२ साल असोज ६ गतेदेखि औपचारिक रुपमा सञ्चालन गरेको छ । यस सेवाको सुरूवातसँगै सिन्धुपाल्चोक जिल्लामा पहिलो पटक स्थानीयस्तरमै यस्तो सुविधा उपलब्ध भएको हो, जसले बिरामीहरुलाई उपचारका लागि राजधानी वा अन्य टाढा अस्पताल जानुपर्ने बाध्यता अन्त्य गरेको छ ।

सेवा सुरू भएदेखि नै बिरामीहरुको पहुँचमा सहजता ल्याउँदै आएको यस कार्यक्रममा हालसम्म ३ जना बिरामीहरुले नियमित रुपमा निःशुल्क सेवा लिइरहेका छन् । उपचार प्रक्रिया विशेष दक्षता प्राप्त नेफ्रोलोजीसम्बन्धी तालिमप्राप्त नर्स तथा प्राविधिकहरुको टोलीद्वारा सञ्चालन हुन्छ, जसमा बिरामीको स्वास्थ्य अवस्था अनुसार व्यक्तिगत उपचार तालिका बनाई हप्तामा २-३ पटक सत्र सञ्चालन गरिन्छ । अस्पतालमा अत्याधुनिक हेमोडायलाइसिस मेसिन, उच्चस्तरीय पानी शुद्धीकरण प्रणाली (RO Plant), आरामदायी वार्ड, आपतकालीन औषधि, र उच्चतम निगरानीका लागि आवश्यक उपकरणको व्यवस्था गरिएको छ।

हेमोडायलाइसिस सेवाको सञ्चालनले जिल्लाभित्रै जीवनरक्षक उपचारको पहुँच विस्तार मात्र होइन, मिर्गौला रोगी बिरामीहरुको जीवनस्तरमा सुधार, उपचारमा निरन्तरता र आर्थिक बोझको कमी ल्याएको छ। यस सेवाको प्रभावकारिताका कारण चौतारा अस्पताल अहिले मिर्गौला रोगका बिरामीहरुका लागि विश्वासिलो गन्तव्यको रुपमा स्थापित भएको छ।

## दन्त सेवा

चौतारा अस्पतालले मुख स्वास्थ्यलाई सर्वसुलभ, गुणस्तरीय र प्रभावकारी बनाउन दन्त सेवा सञ्चालन गर्दै आएको छ। मुख र दन्त सम्बन्धी रोगहरु केवल सौन्दर्यसँग मात्र नभई सम्पूर्ण स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले, अस्पतालले यो सेवालाई प्राथमिकता दिँदै नियमित उपचार सुविधा उपलब्ध गराएको छ।

दन्त सेवामा दैनिक रुपमा अनुभवी दन्त चिकित्सकद्वारा बिरामीको परीक्षण र उपचार गरिन्छ। यस सेवामा दन्त परीक्षण, दाँत सफा गर्ने (Scaling), दाँत भर्ने (Filling), दाँत उखेल्ने (Extraction), मुढ भर्ने वा मुढ उपचार (Root Canal Treatment), कृत्रिम दाँत (Dentures) बनाउने, मुँहको घाउ तथा संक्रमणको उपचार, र मुख स्वास्थ्य परामर्श जस्ता सेवा उपलब्ध छन्। साथै, नियमित रुपमा विद्यालयहरुमा मुख स्वास्थ्य जाँच तथा सचेतना कार्यक्रम सञ्चालन गरी बालबालिकामा दन्त रोगको रोकथाममा विशेष ध्यान दिइएको छ।

दन्त सेवामा बिरामीहरुको संख्या वर्षैभरि स्थिर मात्रामा रहेको छ र उपचारका क्रममा रोगको गम्भीरतालाई ध्यानमा राखी उचित उपचार विधि अपनाइन्छ। यस सेवामा आवश्यक उपकरण तथा सामाग्रीको पूर्ण व्यवस्था गरिएको छ, जसमा आधुनिक दन्त उपचार युनिट, एक्स-रे सुविधा, उच्चस्तरीय सफाइ (Sterilization) प्रणाली र आपतकालीन औषधिको उपलब्धता छ।

यो सेवा स्वास्थ्य बीमा योजनामा समेत सूचीकृत भएकाले बीमित बिरामीहरुले तोकिएको उपचारहरु न्यूनतम शुल्कमा वा निःशुल्क पाउने सुविधा पाएका छन्। बीमा नभएका बिरामीहरुलाई पनि उचित दरमा उपचार उपलब्ध गराइन्छ।

दन्त सेवाको निरन्तर उपलब्धताले जिल्लाभित्रै मुख स्वास्थ्यमा जनचेतना र उपचार पहुँच दुवैमा सुधार ल्याएको छ । यसले स्थानीय समुदायमा मुख स्वास्थ्यप्रतिको चासो बढाउँदै दीर्घकालीन रुपमा दन्त रोगको बोझ कम गर्ने अपेक्षा गरिएको छ ।

## आँखा सेवा

चौतारा अस्पतालले दृष्टि स्वास्थ्यको महत्वलाई विशेष प्राथमिकता दिँदै नियमित आँखा सेवा सञ्चालन गर्दै आएको छ। दृष्टि सम्बन्धी रोग र समस्या समयमै उपचार नगरिए गम्भीर अवस्थासम्म पुग्न सक्ने भएकाले, अस्पतालले यो सेवालाई सजिलो पहुँच, गुणस्तर र दिगोपनामा आधारित बनाएर सञ्चालन गरिरहेको छ ।

यस सेवामा अनुभवी नेत्र विशेषज्ञवाट बिरामीको पूर्ण नेत्र परीक्षण (Comprehensive Eye Examination) गरिन्छ । उपचारमा दृष्टि परीक्षण, चस्मा निर्धारण, आँखाको संक्रमणको उपचार, आँखाको घाउ र चोटपटकको उपचार, मोतियाबिन्दा (Cataract) जाँच र शल्यक्रियाका लागि सिफारिस, आँखा सुन्निने (Conjunctivitis) उपचार, आँखा सुख्खा हुने समस्या (Dry Eye) व्यवस्थापन, तथा अन्य नेत्र रोगहरुको प्रारम्भिक पहिचान र उपचार समावेश छन् ।

आँखा सेवा बाहिरङ्ग (OPD) मार्फत नियमित रुपमा उपलब्ध छ, साथै आवश्यकता अनुसार स्वास्थ्य शिविरमार्फत गाउँगाउँमा पनि पुऱ्याइन्छ। शिविरहरुमा विशेष गरी दृष्टि परीक्षण, मोतियाबिन्दा पहिचान, र चस्मा वितरण जस्ता गतिविधिहरु सञ्चालन गरिन्छ ।

यो सेवा स्वास्थ्य बीमा योजनामा समेत सूचीकृत भएकाले बीमित बिरामीहरुले तोकिएका सेवा न्यूनतम शुल्कमा वा निःशुल्क पाउने सुविधा पाइरहेका छन् । बीमा नभएका बिरामीहरुलाई पनि उचित दरमा उपचार उपलब्ध हुन्छ ।

आँखा सेवाको निरन्तर उपलब्धताले दृष्टि सम्बन्धी रोगको प्रारम्भिक पहिचान, समयमै उपचार, र दृष्टि ह्रासबाट हुने दीर्घकालीन असरलाई कम गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ । यस सेवाले जिल्लाभित्र दृष्टि स्वास्थ्यमा जनचेतना अभिवृद्धि गर्दै समुदायलाई “समयमै जाँच, समयमै उपचार” को सन्देश फैलाउँदै आएको छ ।

## पोषण पुनःस्थापना केन्द्र
## (Nutrition Rehabilitation Home – NRH)

नेपालमा कुपोषणका कारण बालमृत्युदर उल्लेखनीय रुपमा उच्च रहेको परिप्रेक्ष्यमा, गम्भीर कुपोषणग्रस्त बालबालिकाको स्वास्थ्य सुधार एवं पुनःस्थापना गर्न तथा अभिभावक/हेरचाहकर्तालाई पोषण सम्बन्धी शिक्षा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले पोषण पुनःस्थापना केन्द्र (NRH) स्थापना गरेको हो ।

**केन्द्रको उद्देश्यः**

- गम्भीर कुपोषण पीडित बालबालिकाको उपचार र पोषण पुनःस्थापना सुनिश्चित गर्नु ।
- आमाबुवा तथा हेरचाहकर्तालाई पोषण शिक्षा, परामर्श तथा व्यवहारिक प्रशिक्षण प्रदान गर्नु ।
- कुपोषणको समस्या पहिचान गरी प्रारम्भिक चरणमै हस्तक्षेप गर्दै बालमृत्युदरमा उल्लेखनीय कमी ल्याउनु ।

**सेवाको दायराः**

यद्यपि केन्द्रमा गम्भीर कुपोषित बालबालिकालाई प्राथमिकता दिइन्छ, तथापि हल्का र मध्यम कुपोषित बालबालिका पनि शिक्षा र रोकथामका उद्देश्यले केन्द्रमा भर्ना गर्न सकिन्छ । हल्का तथा मध्यम कुपोषण भएका केसहरुमा विशेषतः खानपान र हेरचाह सम्बन्धी व्यवहार परिवर्तनमा जोड दिइन्छ ।

- दक्ष चिकित्सकद्वारा भर्ना गरिएका बालबालिकाको नियमित स्वास्थ्य परीक्षण ।
- अनुभवी नर्सिङ स्टाफद्वारा बालबालिकासहित हेरचाहकर्तालाई आवश्यक सेवा प्रदान ।
- आमाबुवा/हेरचाहकर्तालाई पोषण शिक्षा, खाना पकाउने अभ्यास, र स्वस्थकर आहारको अवधारणाबारे सशक्त जानकारी प्रदान गरिन्छ ।

**सेवाको विशेषताः**

- बालबालिका र हेरचाहकर्ताले केन्द्रमै आवासीय रुपमा बसोबास गर्दै सम्पूर्ण सेवा निःशुल्क रुपमा प्राप्त गर्न सक्छन् ।
- केन्द्रमा आवास, खानपान, औषधोपचार, पोषण परामर्श, स्वास्थ्य परीक्षण लगायतका सबै सेवा बिना कुनै शुल्क प्रदान गरिन्छ ।

**चौतारा अस्पतालमा कार्यक्रमको सञ्चालन (स्थापना र निरन्तरता) :**

चौतारा अस्पताल, सिन्धुपाल्चोकमा विक्रम संवत् २०७३ साल देखि पोषण पुनःस्थापना केन्द्र निरन्तर रुपमा संचालनमा रही जिल्लाका कुपोषित बालबालिकाहरुको स्वास्थ्य सुधारमा महत्त्वपूर्ण योगदान दिँदै आइरहेको छ । यो केन्द्रले विशेषगरी ग्रामीण भेगका कमजोर आर्थिक अवस्थाका परिवारहरुलाई लक्षित गरी पोषण सुधारमार्फत समग्र बाल स्वास्थ्य प्रवर्द्धनमा सघाउ पुऱ्याइरहेको छ ।

**निष्कर्षः**

बाल कुपोषण न्यूनीकरण तथा पोषण सम्बन्धी चेतना अभिवृद्धिमा पोषण पुनःस्थापना केन्द्र अत्यन्त प्रभावकारी हस्तक्षेप सावित भएको छ । चौतारा अस्पतालमा संचालित यो केन्द्रले समाजको आधारभूत स्वास्थ्य मापदण्ड सुदृढ गर्ने दिशामा एउटा गतिशील कदमको रुपमा भूमिका निर्वाह गरिरहेको छ ।

**विभिन्न आ.व. मा यस अस्पतालको पोषण पुर्नस्थापना केन्द्रबाट सेवा लिएका बच्चाहरूको विवरणहरू**

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|
| **Admission** | 29 | 12 | 6 |
| **Discharge** | 22 | 13 | 3 |
| **LAMA** | 7 | 0 | 0 |
| **Refer** | 1 | 2 | 3 |

## मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम
## (Chief Minister Public Health Program)

नसर्ने रोगहरुको जोखिम न्यूनीकरण तथा समयमै पहिचान, परीक्षण, परामर्श, उपचार र नियन्त्रण गर्ने उद्देश्यले बागमती प्रदेश सरकारले सञ्चालनमा ल्याएको मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम एक महत्त्वपूर्ण जनस्वास्थ्य पहल हो ।

नेपालमा हृदयघात, मस्तिष्कघात, दम, मधुमेह, क्यान्सरजस्ता नसर्ने रोगहरुबाट हुने मृत्युदर झण्डै दुई तिहाई रहेको वर्तमान अवस्थामा यस कार्यक्रमले रोगहरुको प्रारम्भिक अवस्थामै पहिचान गरी गम्भीरता हुन नदिन रोकथाम, नियन्त्रण तथा उपचारमा सहयोग पुऱ्याउने कार्य गर्दै आएको छ ।

**कार्यक्रमको उद्देश्यः**

- बागमती प्रदेशका नागरिकहरुमा विशेषतः ३० वर्ष वा सो भन्दा माथिको उमेर समूहमा देखिन सक्ने नसर्ने रोगहरु पहिचान गर्ने ।
- स्वस्थ जीवनशैली र व्यवहार अपनाउन परामर्श तथा स्वास्थ्य शिक्षा प्रदान गर्ने ।
- उच्च जोखिममा रहेका व्यक्तिहरुमा समयमै परीक्षण, निदान र उपचार उपलब्ध गराउने ।
- दीर्घकालीन स्वास्थ्य समस्याबाट हुने आर्थिक बोझ कम गर्न सहयोग गर्ने ।
- हृदयघात, मस्तिष्कघात, मधुमेह र अन्य गम्भीर रोगहरुमा लाग्ने खर्चमा सहुलियत तथा सहजीकरण गर्ने व्यवस्था गर्नु ।

**लक्षित समूहः**

- बागमती प्रदेशभित्र स्थायी बसोबास गरेका
- ३० वर्ष वा सोभन्दा माथिका सम्पूर्ण नागरिकहरु

**चौतारा अस्पतालमा कार्यक्रमको कार्यान्वयन (आ.व. २०८१/८२)**

यो कार्यक्रम चौतारा अस्पताल, सिन्धुपाल्चोकमा आर्थिक वर्ष २०८१/०८२ देखि औपचारिक रुपमा कार्यान्वयनमा आएको हो । कार्यक्रमअन्तर्गत, अस्पतालमा आगमन भएका सेवाग्राहीहरुलाई आवश्यक स्वास्थ्य परीक्षण तथा रोग पहिचान, परीक्षण र सल्लाह सेवा उपलब्ध गराइएको छ ।


☑ कुल सेवाग्राही संख्याः ४१६ जना

यी सेवाग्राहीहरुले रक्तचाप, मधुमेह, श्वासप्रश्वास सम्बन्धी समस्या, हृदय तथा नसा सम्बन्धी रोगहरु लगायतका परीक्षणहरु गराएका छन् । रोगको अवस्थाअनुसार उचित सल्लाह, परामर्श र थप उपचारका लागि आवश्यक स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

**निष्कर्षः**

मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम चौतारा अस्पतालमा एक महत्वपूर्ण जनमुखी पहलका रुपमा स्थापित हुँदै गएको छ। नसर्ने रोगको रोकथाम, व्यवस्थापन र जनचेतनामूलक सेवाको विस्तारमार्फत यसले जिल्ला स्तरमा स्वस्थ जीवनशैली प्रवर्द्धन र दीर्घकालीन रोग न्यूनीकरणमा उल्लेखनीय योगदान पुऱ्याइरहेको छ ।


## यस आ.व. २०८१/८२ मा यस कार्यक्रमबाट सेवा लिएका सेवाग्राहीको विवरण





## टेबुल नं. : १० : महत्वपूर्ण सुचांकहरू

| Indicators | 2079/80 | 2080/81 | 2081/82 | Trend |
|---|---|---|---|---|
| % of monthly report entered | 100 | 100 | 100 | = |
| % of report entered with in time | 100 | 100 | 100 | = |
| Bed occupancy rate | 40.4 | 30.86 | 42.41 | + |
| Average length of stay | 3.46 | 2.95 | 3.51 | + |
| Throughput | 3.51 | 3.35 | 3.6 | + |
| Bed turnover interval | 3.51 | 3.14 | 3.62 | + |
| % of surgery among inpatients | 6.46 | 5.34 | 5.22 | - |
| Infection rate among major surgical cases | 0 | 0 | 0 | |
| Surgery related death rate | 0 | 0 | 0 | |
| Out patient sex ratio | 0.75 | 0.75 | 0.695 | - |
| Inpatient sex ratio | 0.38 | 0.50 | 0.42 | - |
| Doctor: Out patient Ratio (6 Doctors) (per day) | 1:14 | 1:15 | 1:18 | + |
| Nurse: In-patient Ratio (yearly ) | 1:71 (14 SN) | 1:70 | 1:45 | + |
| Death within 48 hours of admission | 2 | 1 | 1 | = |
| Death after 48 hours of admission | 0 | 2 | 2 | = |
| Average number of radiographic image per day | 20 | 17 | 22 | + |
| Average number of laboratory tests per day | 176 | 352 | 435 | + |
| Average number of laboratory tests per day(Person) | 155 | 312 | 377 | + |
| Average number of USG per day | 10 | 11 | 8 | - |
| Average number of ECG Per day | 7 | 8 | 9 | + |
| Average number of opd patients per day | 89 | 79 | 144 | + |
| Referral cases ( out) | 626 | 524 | 184 | - |


आ.व. २०८१/८२ मा ओपिडि विभागमा देखिएका मुख्य १० रोगहरू (Top 10 morbidity in OPD Department)





आ.व. २०८१/८२ मा अन्तरंग विभागमा देखिएका मुख्य १० रोगहरू (Top 10 morbidity in Inpatient Department)




आ.व. २०८१/८२ मा ओ पि डि मा स्वास्थ्य सेवा लिएका विरामीहरू REASON FOR CONTACT HEALTH SERVICES ( FY 2081/82)



## आ.व. २०८०/८१ मा आकस्मिक विभागमा देखिएका मुख्य १० रोगहरू (Top 10 morbidity in Emergency Department)




## आ.व. २०८१/८२ मा यस अस्पतालमा उपचारका क्रममा मृत्यु भएका विरामीहरूको विवरण (Death cases by cause)

**Brought Death : 11**

**Hospital Death :7 ( 4 from emergency Department)**

| Causes/ Diseases | Number | | |
|---|---|---|---|
| | Female | Male | Total |
| Pulmonary infection second degree to MTB with seizure to severe hyponatremia with CID | | 1 | |
| Preterm/ prematurity | | 1 | |
| Haematemesis with severe anameia with hyponatremia | | 2 | |
| k/c/o CKD with hypertensive crisis | 1 | | |
| Hypovolaemic Shock | | 1 | |
| Severe Malnutration | 1 | | |
| **Total** | **2** | **5** | **7** |


## Out break response in FY 2081/82

| Disease | Tested case | Positive cases | Death cases |
|---|---|---|---|
| Dengue | 1687 | 129 | 0 |
| Japanese Encephalitis | 9 | 0 | 0 |
| Scrub Typhus | 1103 | 117 | 0 |
| Malaria | 128 | 0 | 0 |
| Cholera | 102 | 4 | 0 |
| Covid 19 | 0 | 0 | 0 |

**EWARS Reporting in F/Y 2081/82**

| Disease | Male | Female | Total |
|---|---|---|---|
| Influenza Like Illness | 636 | 764 | 1400 |
| AGE | 144 | 155 | 299 |
| Dengue | 67 | 60 | 127 |
| Enteric Fever | 39 | 82 | 121 |
| Scrub Typhus | 33 | 65 | 98 |
| SARI | 16 | 39 | 55 |
| Suspected Measles like illness | 4 | 4 | 8 |
| Cholera | 1 | 3 | 4 |
| Pneumonic Plague | 1 | 0 | 1 |
| Rubella | 1 | 0 | 1 |
| **Total** | **942** | **1172** | **2114** |

## Ewars Reporting Trend of Last 3 F/Y




**यस आ.व.मा अस्पतालमा भएका मुख्य उपलब्धीहरु (Hospital Major Achivements)**

१. ५ वेडको Hemodialysis सेवा नियमित संचालन गरेको ।

२. अस्पतालमा Blood Bank को स्थापना गरेको ।

३. C–Arm को व्यवस्थापन गरि Orthopedic surgery को व्यवस्था गरेको ।

४. ५०० MA को X–ray Machine with DR system को संचालन गरेको ।

५. अस्पतालको नयाँ भवनमा Oxygen Pipe Line जडान गरि Central supply of oxygen ko व्यवस्था गरेको ।

६. General Anesthesia को लागि Machine को जडान गरेको ।

७. NCD and Mental Health OPD संचालनमा ल्याएको ।
८. Eye OPD को  सुचारू गरेको ।
९. Derma and ENT Special Clinic को सुचारू गरेको ।
१०. laboratory department मा biochemistry तर्फ थप जाचको सुबिधा व्यवस्था गरेको ।
११. यसै आ.व.२०८२/०८३ मा भएको MSS मा चौतारा अस्पताल सिन्धुपाल्चोकले ९३ अंक प्राप्त गरी ५० वेड सेमेन्डरी (ए लेभल) को अस्पताल मध्ये बागमती प्रदेशमा प्रथम हुन सफल भएको ।
१२. Monthly Data Verification मा EWARS को data समाबेस गरि data verify हुने गरेको
१३. विशेषज्ञ सेवाहरु (हार्डजोर्नी, मानसिक, MDGP) संचालनमा ल्याएको ।
१४. जेष्ठ नागरिक ओपिडी सेवा संचालन गरिएको ।
१५. Gene–Xpert Test को सुभारम्भ ।
१६. अस्पतालमा आफ्नो डिउटी समयमा उत्कृष्ट कार्य सम्पादन गर्न कर्मचारीहरु लाई मासिक रूपमा सम्मान गरिएको ।
१७. विपद व्यवस्थापनको गाइडलाइन निर्माण र प्रयोगमा ल्याएको ।
१८. अस्पतालको आवश्यक पर्ने विभिन्न गाइडलाइन निर्माण र प्रयोग ल्याएको ।
१९. अस्पतालमा आएका विरामीहरुको तथ्याङ्क व्यवस्थापन चुस्त रहेको । (मेडिकल रेकडिङ)
२०. EMR and EHS संचालन  ।
२१. नियमित CMC र मणिङ कन्फरेन्स हुने गरेको ।
२२. पूर्ण रूपमा इ-हाजिरीको व्यवस्थाप सहित कर्मचारीहरुको लागि पोषाक र परिचय पत्र अनिवार्य भएको ।
२३. फार्मेसीको सुधार सहित व्यवस्थापन
२४. अस्पताल क्यान्टीन स्थापना र संचालन
२५. विरामीहरुको सहजताको लागि विद्युतीय टोकन सिस्टम प्रणाली लागु गरिएको ।
२६. विमा प्रणाली सहजताको लागि क्युआर स्क्यानको व्यवस्था गरिएको सेवाग्राहीलाई सहजता वनाइएको ।
२७. सेवाग्राहीको व्यक्तिगत विद्युतिय अभिलेख चुस्त तथा दुरूस्त राख्ने विभागलाई पुरस्कृत गरिएको ।
२८. अस्पतालको सामाजिक परिक्षण गरेको ।

## आ. व. २०८२/०८३ को लागि बिशेष योजना

- HDU/ICU सेवा संचालन गर्ने
- चौतारा अस्पताल र टेकु अस्पताल विच सम्झौता गरी महिनाको २ पटक विशेषज्ञ सेवा संचालन गर्ने (फिजिसियन सेवा, बालरोग विशेषज्ञ सेवा, छाला तथा यौन रोग विशेषज्ञ सेवा)
- अनलाईन ओ.पि.डी. टिकट लागु गर्ने ।
- अस्पतालमा लिफ्ट को जडान गर्ने ।
- डायलाइसिस सेवालाइ थप विस्तार गर्ने ।
- laboratory department मा Microbiology Lab सुबिधा  थप गर्ने ।
- Hospital building को पछाडी shear wall को निर्माण गर्ने ।
- अस्पतालमा सौर्य उर्जाको व्यवस्था गर्न पहल गर्ने ।
- स्टाफ क्वाटर निर्माणको लागि आवश्यक पहल गर्ने ।
- अक्सिजन वुस्टर सहित अक्सिन रिफिलको व्यवस्था गर्ने ।
- अस्पतालमा विशिष्टीकृत विशेषज्ञ सेवा संचालनमा ल्याउने ।
- आत्महत्या न्यूनीकरण तथा मानसिक स्वास्थ्यसम्बन्धी चिकित्सा सेवा (ICU सेवासहित) सुदृढीकरण गर्ने ।
- क्यान्सर पिडित विरामीको लागि एबर्ीष्बितष्खभ अबचभ (प्रशामक सेवा) संचालन
- अस्पतालको social audit गर्ने ।

## अस्पतालको मुख्य समस्याहरु

- अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी/कर्मचारीहरुलाई क्टारको अभाव हुनु ।
- अस्पतालको नयाँ भवन पछाडी पहिरोको कारण अस्पताल र नजिकै रहेको वस्तीलाई समेत असर पर्ने भएकोले तत्काल रिटेशनल वाल लगाउनु पर्ने ।
- प्रयाप्त मात्रामा विशेषज्ञ चिकित्सक नहुदाँ गुणस्तरी सेवामा समस्या ।
- अस्पतालमा अक्सिजन प्लान्ट भएको वुस्टर नहुदाँ अक्सिजन सिलिन्डर वोक्नुपर्ने वाध्यता ।

## विभिन्न सेवा प्रदान गर्न निर्धारण गरेको सेवा शुल्क

| TICKETING & INPATIENT | | | PARASITOLOGY | | |
|---|---|---|---|---|---|
| | EMERGENCY TICKET | 100 | 1 | URINE RME | 75 |
| | OPD TICKET | 20 | 2 | STOOL RME | 75 |
| | OPD FOLLOW UP | 10 | 3 | UPT | 100 |
| | EHS OPD (MO) | 200 | 4 | STOOL OCCULT BLOOD | 120 |
| | EHS OPD (Conssultant) | 400 | 5 | URINE ACETONE | 110 |
| INPATIENT | ADMISSION CHARGE | 75 | 6 | SEMEN ANALYSIS | 300 |
| | BED CHARGE PER DAY | 25 | 7 | SPUTUM FOR AFB | 0 |
| HDU | HDU DEPOSIT | 8000 | 8 | K-39 | 0 |
| | HDU | 1200 | | | |
| | NEBULIZATION | 25 | | | |
| OXYGEN | OXYGEN CHARGE /HR | 10 | SEROLOGY | | |

| Laboratory servicesChargeHEMATOLOGY | | |
|---|---|---|
| 1 | CBC (TC,DC,PLT,RBC,HB,MCV,MCHC,MCH) | 400 |
| 2 | TC | 75 |
| 3 | DC | 75 |
| 4 | HB | 75 |
| 5 | PLATELET | 100 |
| 6 | PCV | 50 |
| **7** | RBC | 100 |
| 8 | ESR | 75 |
| 9 | BLOOD GROUPING | 100 |
| 10 | BT/CT | 150 |
| 11 | PT/INR | 300 |
| 12 | CROSS MATCH (COOMBS TEST) | 400 |
| 13 | MALARIA PARASITOLOGY | 0 |
| **BIOCHEMISTRY** | | |
| **1** | BLOOD SUGAR ( RANDOM) | 60 |
| 2 | BLOOD SUGAR ( RANDOM) | 60 |
| 3 | GRBS | 60 |
| **4** | BLOOD SUGAR ( FASTING) | 60 |
| 5 | BLOOD SUGAR ( POSTPRANDIAL) | 60 |
| 6 | OGTT | 360 |
| 7 | SERUM UREA | 175 |
| 8 | SERUM CREATININE | 175 |
| 9 | SODIUM | 125 |
| 10 | POTASSIUM | 125 |
| 11 | SERUM URIC ACID | 175 |
| 12 | LIPID PROFILE | 650 |
| 13 | TOTAL CHOLESTEROL | 175 |
| 14 | TRIGLYCERIDE | 175 |
| 15 | HDL | 175 |
| 16 | LDL | 175 |
| 17 | VLDL | 175 |
| 18 | LFT( TB/DB/SGPT/SGOT/ALP) | 650 |
| 19 | BILIRUBIN (TOTAL/DIRECT) | 140 |
| 20 | SGPT(AST) | 230 |
| 21 | SGOT(ALT) | 230 |
| 22 | ALP | 230 |
| 23 | TOTAL PROTEIN | 275 |
| 24 | SERUM ALBUMIN | 275 |
| 25 | TROPONIN I | 650 |
| 26 | HBA1C | 600 |
| 27 | TFT | 1200 |
| 28 | VITD | 1500 |
| 29 | CKMB | 1000 |
| 30 | D-Dimer | 1000 |
| 31 | Troponin I | 1350 |
| 32 | PSA | 1000 |
| 33 | CRP | 600 |

| | | |
|---|---|---|
| 1 | HIV1/HIV2 | 0 |
| 2 | HBsAG | 250 |
| 3 | ANTI-HCV | 350 |
| 4 | VDRL | 150 |
| 5 | RA FACTOR | 130 |
| 6 | CRP | 130 |
| 7 | WIDAL | 150 |
| 8 | ASO | 150 |
| 9 | MANTOUX | 125 |
| **Procedure Charge** | | |
| **S.N.** | **Procedure** | **Rate** |
| 1 | Minor Dressing | 50 |
| 2 | Major Dressing | 150 |
| 3 | Minor surgery | 250 |
| **4** | Minor surgery ( complex) | 500 |
| 5 | Posterior slab (short ) | 200 |
| 6 | Posterior slab (long) | 400 |
| 7 | cast charge (short ) | 300 |
| 8 | cast charge (long ) | 600 |
| 9 | foreign body removal | 150 |
| 10 | steroid injection single site | 100 |
| 11 | steroid injection multiple site | 250 |
| 12 | suture (major)> 5 | 300 |
| 13 | suture (minor)< 5 | 150 |
| 14 | CATHETERIZATION | 150 |
| **Physiotherapy** | | |
| **s.n.** | **package** | **rate** |
| 1 | package A | 100 |
| 2 | Package B | 150 |
| 3 | package C | 200/250 |
| 4 | Physiotherapy (10 day Package) | 790 |
| 5 | Assistive divices deposite | 2000 |
| 6 | free for disabilities | 0 |
| **ECG/ USG/CTG** | | |
| 1 | ECG | 350 |
| 2 | CTG (NST) | 300 |
| 3 | USG ABDOMEN/PELVIS | 600 |
| 4 | USG OBSTERIC SCAN | 600 |
| 5 | USG ANOMALY SCAN | 1200 |
| 6 | USG NECK & THYROID | 800 |
| 7 | USG SCROTUM & INGUINAL | 800 |
| 8 | USG TRANSVAGINAL | 1200 |
| **X-Ray** | | |
| 1 | X-Ray LS spine | 400 |
| 2 | X-Ray Chest | 400 |
| 3 | X-Ray ................. | 400 |

- # दन्त सेवा शुल्क

- ६० बर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई दन्त सेवा शुल्कमा २०% छुट प्रदान गरिएको छ।

| S.N | Procedure | Price rate | 20% Discount |
|---|---|---|---|
| 1 | Iopar per film | 150 | 30 |
| 2 | Adult extraction simple | 150 | 30 |
| 3 | Adult extraction difficult | 250 | 50 |
| 4 | Adult extraction complex | 400 | 80 |
| 5 | Adult extraction surgical | 800 | 160 |
| 6 | Impaction | 1500 | 300 |
| 7 | Mucocele /fibroma excision | 800 | 160 |
| 8 | Alveoplasty per quadrant | 300 | 60 |
| 9 | Arch bar per arch | 1500 | 300 |
| 10 | Dental suturing simple | 400 | 80 |
| 11 | Dental suturing complicated | 600 | 120 |
| 12 | Incision and drainage | 300 | 60 |
| 13 | Dental suture removal | 50 | 10 |
| 14 | Dental dressing /dry socket | 200 | 40 |
| 15 | Minor dental surgical procedure | 1000 | 200 |
| 16 | Pedo dental extraction topical | 100 | 20 |
| 17 | Pedo extraction injection | 150 | 30 |
| 18 | Removable space maintainer | 1000 | 200 |
| 19 | Pedo acess opening | 400 | 80 |
| 20 | Pedo bmp/cleaning | 400 | 80 |
| 21 | Pedo obturation | 400 | 80 |
| 22 | Pulpectomy | 1200 | 240 |
| 23 | Fluroide applications | 120 | 24 |
| 24 | Pedo prophylaxis | 400 | 80 |
| 25 | Pedo gic /dcm | 350 | 70 |
| 26 | Pit and fissure selant | 400 | 80 |
| 27 | Atraumatic restorative treatment | 350 | 70 |
| 28 | Full mouth supra-gingival scaling | 500 | 100 |
| 29 | Full mouth supra and sub gingival scaling | 800 | 160 |
| 30 | Root planning per tooth | 200 | 40 |
| 31 | Splinting per tooth | 400 | 80 |
| 32 | Splinting per sextant | 1500 | 300 |
| 33 | Tooth grinding per sextant | 300 | 60 |
| 34 | Tooth grinding per tooth | 100 | 20 |
| 35 | Coronoplasty per tooth | 200 | 40 |
| 36 | Adult RCT anterior | 1500 | 300 |
| 37 | Adult RCT posterior | 2500 | 500 |
| 38 | Adult close dressing | 200 | 40 |
| 39 | Cervical restoration per tooth | 150 | 30 |
| 40 | Cervical restoration whole mouth | 1200 | 240 |
| 41 | Adult gic restoration | 400 | 80 |
| 42 | Adult DCM | 700 | 140 |

| | | | |
|---|---|---|---|
| 43 | Composite class 1 restoration small | 500 | 100 |
| 44 | Composite class 1 restoration large | 700 | 140 |
| 45 | Class 2 requring matrix band | 1000 | 200 |
| 46 | Anterior esthetic restoration | 1000 | 200 |
| 47 | Temporary crown | 700 | 140 |

| **OPERATION CHARGE** | | |
|---|---|---|
| **MINOR** | | |
| SN | PROCEDURE | CHARGE |
| 1 | Excision of cysts, ganglion,lump , lymnnode, lipoma, skin papilloma, corn under LA ( single/ multiple ) | 500/1000 |
| 2 | Excision of ingrowing toe underdigital block | 500 |
| 3 | wound debridement under LA ( small/ large ) | 500/1000 |
| 4 | Skin suturing multiple, large | 1000 |
| 5 | Foreign body removal | 1000 |
| 6 | Repair split ear | 1000 |
| 7 | True cut biopsy | 1000 |
| 8 | Chest tube insertion under LA | 1000 |
| 9 | Suprapubic catherization under LA | 500 |
| 10 | Minor A | 500 |
| 11 | Minor B | 1000 |
| 12 | Minor C | 2000 |
| **INTERMEDIATE OPERATION CHARGE** | | |
| 1 | Circumcision under (LA/IVA) | 6000 |
| 2 | Mesh repair / Inguinal hernia ( under LA/SA ) | 8000 |
| 3 | Epigastrict hernia under LA/SA | 6000 |
| 4 | Hydrocele operation under GA/SA | 6000 |
| 5 | Hydrocele operation under LA | 4000 |
| 6 | Herniotomy under IVA | 8000 |
| 7 | Amputation | 7000 |
| 8 | Large wound dressing / debridement under IVA/ SA | 4000 |
| 9 | Fibroadenoma Excision ( single/ multiple ) ( LA/IVA ) | 6000/8000 |
| 10 | I & D under SA /IVA eg. Ferineal abscess , Breast abscess | 4000 |
| 11 | skin Graft under LA | 4000 |
| 12 | Minilap | 2000 |
| 13 | Release of tongue tie (Under GA) | 4000 |
| 14 | Fistulotomy | 5000 |
| 15 | Haemorrhoidectomy | 6000 |
| 16 | Vasectomy | 2000 |
| 17 | foreign body removal under IVA | 3000 |
| 18 | Intermediate A | 5000 |
| 19 | Intermediate B | 8000 |
| 20 | Intermediate C | 10000 |
| **MAJOR OPERATION CHARGE** | | |
| 1 | Appendectomy | 8000 |
| 2 | Emergency Fasciotomy | 8000 |
| 3 | Exploration for obstructed hernia | 12000 |
| 4 | Exploratory Laparotomy | 15000 |
| 5 | Mesh repair incisional hernia | 10000 |
| 6 | Rhomberg flap | 10000 |
| 7 | Abdominal Hysterectomy | 22000 |
| 8 | Vaginal Hysterectomy | 20000 |
| 9 | Major A | 12000 |
| 10 | Major B | 15000 |
| 11 | Major C | 18000 |
| 12 | Distal Radius Fracture -k-Wire Fixation | 6000 |
| 13 | Distal Radius Fracture -Planting | 7000 |
| 14 | Forearm Fracture - Planting | 9000 |

| | | |
|---|---|---|
| 15 | Pediatric Forearm Fracture- Tens Fixation | 9000 |
| 16 | Supracondylar Humerus Fracture-CR+K-Wire Fixation | 6000 |
| 17 | Supracondylar Humerus Fracture-OR+K-Wire Fixation | 9000 |
| 18 | Supracondylar Humerus Fracture-OR+Planting | 10000 |
| 19 | Humerus Fracture-Planting | 10000 |
| 20 | Carpal, Metacarpal, Phalanges Fracture-K- Wire Fixation | 5000 |
| 21 | Patella Fracture-Orif with TBW | 9000 |
| 22 | Tarsal, Metatarsal,Phalanges Fracture-K-Wire Fixation | 5000 |
| 23 | Implant Removal Nail | 6000 |
| 24 | Implant Removal Plate | 5000 |
| 25 | Implant Removal K-Wire | 200 |
| 26 | Carpal Tunnel Release | 6000 |
| 27 | Trigger Finger Release | 4000 |
| 28 | Tendon Repair (Major) | 6000 |
| 29 | Tendon Repair (Minor) | 4000 |
| 30 | Debridement and Secondary Closure | 4000 |
| 31 | Closed Reduction of Dislocation | 4000 |
| 32 | Open Reduction of Dislocation | 6000 |
| 33 | Root Block/ Epidural Steroid Injection | 4000 |
| 34 | Long Bone Amputation/ Dysarticolation | 8000 |
| 35 | Slab/ Cast | 400/600 |
| 36 | Intra- Articular Injection | 3500 |

| | | |
|---|---|---|
| 1 | Procedure under Sedation | 500 |
| 2 | Procedure under Spinal | 1500 |
| 3 | Procedure under GA | 2000 |

## चौतारा अस्पताल सिन्धुपाल्चोकबाट संचालित  एम्वुलेन्स सेवाको भाडा दर

| क्र. सं | स्थान | सेवा शुल्क रु. | क्र. सं | स्थान | सेवा शुल्क दर |
|---|---|---|---|---|---|
| १ | चौतारा-बजार हाता भित्र | ४००।- | ४० | चौतारा-नवलपुर | २९००।- |
| २ | चौतारा-छाप-मेलचौर | ५००।- | ४१ | चौतारा-ऐसेलुखर्क | ३२००।- |
| ३ | चौतारा-ईखु भञ्ज्याङ-पोखरे | ८००।- | ४२ | चौतारा-नवलपुर-ज्यामिरे | २५००।- |
| ४ | चौतारा-बाजविसौना | १०००।- | ४३ | चौतारा-कुञ्चोक खुतुमेडाँडा | २२५०।- |
| ५ | चौतारा-जल्केनि-हर्रे डाँडा | १२५०।- | ४४ | चौतारा-देउराली | ८००।- |
| ६ | चौतारा-साँगाचोक-पानीचौर | १६०० ।- | ४५ | चौतारा-कुविण्डे-गोल्मा | १०००।- |
| ७ | चौतारा-दोलालघाट | २०००।- | ४६ | चौतारा-कुविण्डे-सिमपानी | १४००।- |
| ८ | चौतारा-लामीडाँडा | २५००।- | ४७ | चौतारा-बागवजार-छाप भिरकुना | ७००।- |
| ९ | चौतारा-धुलीखेल | ३५००।- | ४८ | चौतारा-कदमबास-गोर्सु | १७००।- |
| १० | चौतारा-भक्तपुर | ४०००।- | ४९ | चौतारा-कदमवास-सिरानचौर | २०००।- |
| ११ | चौतारा-काठमाण्डौं | ४५००।- | ५० | चौतारा-कार्कीटार | २१५०।- |
| १२ | चौतारा-तातोपानी-काठमाण्डौं | १००००।- | ५१ | चौतारा-साँगाचोक-कार्कीछाप | २२००।- |
| १३ | चौतारा-तातोपानी | ७०००।- | ५२ | चौतारा-सानोसिरुवारी | ७००।- |
| १४ | चौतारा-बाह्रविसे | ३५००।- | ५२ | चौतारा-सानोसिरुवारी-मगुवा-पौवा | ८००।- |
| १५ | चौतारा-लामोसाँघु-खाडीचौर-काठमाण्डौ | ५५००।- | ५४ | चौतारा-सानोसिरुवारी-नेपाने-खानीगाँउ | १३००।- |
| १६ | चौतारा-खाडीचौर | ३४००।- | ५५ | चौतारा-भोटसिपा-झ्याडी | १८००।- |
| १७ | चौतारा-बलेफी | ३२००।- | ५६ | चौतारा-भिमटार | २५००।- |
| १८ | चौतारा-जलविरे-काठमाण्डौं | ६५००।- | ५७ | चौतारा-सिपा-छापडाँडा | २८००।- |
| १९ | चौतारा-जलविरे | २७००।- | ५८ | चौतारा-ठूलोसिरुवारी | १२००।- |
| २० | चौतारा-मेलम्ची-काठमाण्डौ | ७०००।- | ५९ | चौतारा-सिपाघाट | ३५००।- |
| २१ | चौतारा-मेलम्ची | ४५००।- | ६० | चौतारा-बाहुनेपाटी | ४०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | चौतारा-गौरती-लामाटोल-खत्रीटोल | ८००।- | ६१ | चौतारा-इर्खु-नुनडाँडा | ८०० ।- |
| २३ | चौतारा-स्याउले-धाउखानी | ८००।- | ६२ | चौतारा-इर्खु-चिलाउने | १४००।- |
| २४ | चौतारा-स्याउले-कातर्चे | १२५०।- | ६३ | चौतारा-पल्लोगिदाने | ९००।- |
| २५ | चौतारा-कातर्चे-सुर्के | १५००।- | ६४ | चौतारा-वल्लोगिदाने | ७००।- |
| २६ | चौतारा-स्याउले-भाद्गाउँ | १२५०।- | ६५ | चौतारा-हुन्ढुङ,छत्रेडाँडा | ५००।- |
| २७ | चौतारा-सानोओखरेनी | १८५०।- | ६६ | चौतारा-बाजोखेत-कर्मीटोल | ५००।- |
| २८ | चौतारा-ठूलोओखरेनी | ३०००।- | ६७ | चौतारा-माथिल्लो भोगाँउ-भालुवन | ११५०।- |
| २९ | चौतारा-सिम्पाल-मोनेडाँडा | २४००।- | ६८ | चौतारा-कामीखेत | ८००।- |
| ३० | चौतारा-सिम्पाल | २४००।- | ६९ | चौतारा-भेडावारी | ९५०।- |
| ३१ | चौतारा-गौराती | ९००।- | ७० | चौतारा-भिमटार-साँगाचोक-डडुँवा | २०००।- |
| ३२ | चौतारा-स्याउले | ११००।- | ७१ | चौतारा- नर्सिङडाँडा -डौठे-अर्चले | १५००।- |
| ३३ | चौतारा-पिपलडाँडा स्कुल | ५००।- | ७२ | चौतारा-बासखर्क-लामीडाँडा | २३००।- |
| ३४ | चौतारा-डाँडावारी वानिया मेड | ६००।- | ७३ | चौतारा-जलबिरे-चनौटे-काठमाण्डौं | ८०००।- |
| ३५ | चौतारा-पिपलडाँडा-लल्लोगाँउ | १०००।- | ७४ | चौतारा-सिपाघाट-काठमाण्डौं | ६७००।- |
| ३६ | चौतारा-पिपलडाँडा-झ्याडी | १६००।- | ७५ | चौतारा-सेलाङ | ३१५०।- |
| ३७ | चौतारा-कुञ्चोक-पोखरे | १८००।- | ७६ | चौतारा-आरुवोटे | ७००।- |
| ३८ | चौतारा-कुञ्चोक-कोटडाँडा मावि | २०००।- | ७७ | चौतारा-इर्खु-लामिडाँडा-दिप-मुलखर्क | १०००।- |
| ३९ | चौतारा-भेडिचौर-पाडाँमरुवा-पाटीगाँउ | २४००।- | ७८ | चौतारा-किटिने-ढु[illegible]नाडाँडा | २२००।- |

**जटिल प्रकारको विरामीको लागि स्वास्थ्यकर्मी सहित जानुपरेमा थप ५००।- भाडा लाग्नेछ।**

## चौतारा अस्पताल सिन्धुपाल्चोकबाट संचालित शव बाहान सेवाको भाडा दर

| क्र. सं. | स्थान | सेवा शुल्क रु. | क्र.सं | स्थान | सेवा शुल्क दर |
|---|---|---|---|---|---|
| १ | चौतारा-बजार हाता भित्र | ८००।- | ४० | चौतारा-नवलपुर | ७०००।- |
| २ | चौतारा-छाप-मेलचौर | १०००।- | ४१ | चौतारा-ऐसेलुखर्क | ६५००।- |
| ३ | चौतारा-ईखु भञ्ज्याङ-पोखरे | १५००।- | ४२ | चौतारा-नवलपुर-ज्यामिरे | ७५००।- |
| ४ | चौतारा-बाजविसौना | २०००।- | ४३ | चौतारा-कुञ्चोक खुतुमेडाँडा | ६५००।- |
| ५ | चौतारा-जल्केनी-हर्रेडाँडा | २५००।- | ४४ | चौतारा-देउराली | १५००।- |
| ६ | चौतारा-साँगाचोक-पानीचौर | ३५००।- | ४५ | चौतारा-कुविण्डे-गोल्मा | २५००।- |
| ७ | चौतारा-दोलालघाट | ४०००।- | ४६ | चौतारा-कुविण्डे-सिमपानी | ३५००।- |
| ८ | चौतारा-लामीडाँडा | ५०००।- | ४७ | चौतारा-बागवजार-छाप भिरकुना | २०००।- |
| ९ | चौतारा-धुलीखेल | ६०००।- | ४८ | चौतारा-कदमबास-गोर्सु | ४०००।- |
| १० | चौतारा-भक्तपुर | ७०००।- | ४९ | चौतारा-कदमवास-सिरानचौर | ५०००।- |
| ११ | चौतारा-काठमाण्डौं | ८०००।- | ५० | चौतारा-कार्कीटार | ५०००।- |
| १२ | चौतारा-तातोपानी-काठमाण्डौं | १८०००।- | ५१ | चौतारा-साँगाचोक-कार्कीछाप | ५०००।- |
| १३ | चौतारा-तातोपानी | १३०००।- | ५२ | चौतारा-सानोसिरूवारी | १५००।- |
| १४ | चौतारा-बाह्रविसे | ८०००।- | ५२ | चौतारा-सानोसिरूवारी-मगुवा-पौवा | २५००।- |
| १५ | चौतारा-लामोसाँघु-खाडीचौर-काठमाण्डौ | १००००।- | ५४ | चौतारा-सानोसिरूवारी-नेपाने-खानीगाँउ | ३०००।- |
| १६ | चौतारा-खाडीचौर | ६५००।- | ५५ | चौतारा-भोटसिपा-झ्याडी | ५५००।- |
| १७ | चौतारा-बलेफी | ६०००।- | ५६ | चौतारा-भिमटार | ६०००।- |
| १८ | चौतारा-जलविरे-काठमाण्डौं | १२०००।- | ५७ | चौतारा-सिपा-छापडाँडा | ६५००।- |
| १९ | चौतारा-जलविरे | ४५००।- | ५८ | चौतारा-ठूलोसिरूवारी | ३०००।- |
| २० | चौतारा-मेलम्ची-काठमाण्डौ | १५०००।- | ५९ | चौतारा-सिपाघाट | ८०००।- |
| २१ | चौतारा-मेलम्ची | ८०००।- | ६० | चौतारा-बाहुनेपाटी | ८५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | चौतारा–गौरती–लामाटोल–खत्रीटोल | १५००।– | ६१ | चौतारा–इर्खु–नुनडाँडा | २००० ।– |
| २३ | चौतारा–स्याउले–धाउखानी | २५००।– | ६२ | चौतारा–इर्खु–चिलाउने | ३०००।– |
| २४ | चौतारा–स्याउले–कातर्चे | ३०००।– | ६३ | चौतारा–पल्लोगिदाने | २५००।– |
| २५ | चौतारा–कातर्चे–सुर्के | ३२००।– | ६४ | चौतारा–वल्लोगिदाने | २०००।– |
| २६ | चौतारा–स्याउले–भाद्गाउँ | २५००।– | ६५ | चौतारा–हुन्द्रुङ,छत्रेडाँडा | १५००।– |
| २७ | चौतारा–सानोओखरेनी | ४५००।– | ६६ | चौतारा–बाजोखेत–कर्मीटोल | २०००।– |
| २८ | चौतारा–ठूलोओखरेनी | ६०००।– | ६७ | चौतारा–माथिल्लो भोगाँउ–भालुवन | २५००।– |
| २९ | चौतारा–सिम्पाल–मोनेडाँडा | ६५००।– | ६८ | चौतारा–कामीखेत | २०००।– |
| ३० | चौतारा–सिम्पाल | ६०००।– | ६९ | चौतारा–भेडावारी | २०००।– |
| ३१ | चौतारा–गौराती | १८००।– | ७० | चौतारा–भिमटार–साँगाचोक–डडुँवा | ४५००।– |
| ३२ | चौतारा–स्याउले | २५००।– | ७१ | चौतारा– नर्सिङडाँडा –डौठे–अर्चले | ३५००।– |
| ३३ | चौतारा–पिपलडाँडा स्कुल | १५००।– | ७२ | चौतारा–बासखर्क–लामीडाँडा | ४५००।– |
| ३४ | चौतारा–डाँडावारी वानिया मेड | १४००।– | ७३ | चौतारा–जलबिरे–चनौटे–काठमाण्डौं | १७०००।– |
| ३५ | चौतारा–पिपलडाँडा–लल्लोगाँउ | २०००।– | ७४ | चौतारा–सिपाघाट–काठमाण्डौं | १७०००।– |
| ३६ | चौतारा–पिपलडाँडा–झ्याडी | ३५००।– | ७५ | चौतारा–सेलाङ | ६५००।– |
| ३७ | चौतारा–कुञ्चोक–पोखरे | ४५००।– | ७६ | चौतारा–आरुबोटे | १५००।– |
| ३८ | चौतारा–कुञ्चोक–कोटडाँडा मा.वि. | ४५००।– | ७७ | चौतारा–इर्खु–लामिडाँडा–दिप–मुलखर्क | २५००।– |
| ३९ | चौतारा–भेडिचौर–पाडाँमरुवा–पाटीगाँउ | ५०००।– | ७८ | चौतारा–किटिने–ढुङ्गानाडाँडा | ५०००।– |

**सम्पर्क नम्वर : ०११६२०१०३, ०११६२०४६१, ९८६३३२७८७३**

# Chautara Hospital

## Rules and Regulations for Staff

1. **Professional Conduct and Attire:**

   a. All staff members must maintain a high standard of professional conduct, should follow their role and responsibility and their additional responsibilities if appropriate, treating patients , patient parties and colleagues with respect and empathy and smiles

   b. Good clinical practice quality indicators should be followed by all Doctors,nurses and paramedics and supported by all other staff.

   c. Staff should adhere to the government prescribed dress code with an identity card, while technical staff can wear white apron with an identity card over government dress, wearing clean and appropriate uniforms at all times is compulsory.

   d. All staff should follow staff rules of the hospital development and management committee.

   e. All staff should keep their quarter clean and adhere to the staff quarter rule and should follow it strictly.( Refer staff quarter rule)

2. **Punctuality and Attendance:**

   a. Staff members must arrive on time for their scheduled shifts,and it is compulsory to do e- attendance with both check in and check out, ensuring the smooth functioning of the hospital.

   b. Absences must be communicated in advance and appropriate leave procedures ( leave form should be filled , signed by Incharge,forwarded by admin , approved by medical superintendent and informed before hand) followed .

3. **Patient Care and Safety:**

   a. Providing quality patient care is paramount. Staff must follow established and hospital approved manuals, protocols and procedures for diagnosis, treatment, and patient interaction.

   b. Ensuring patient safety through accurate record-keeping, EWARS reporting ,medication administration, and infection control measures is mandatory.

   c. Monthly data verification, morbidity, mortality, is the responsibility of all individuals and departments and they should attend it compulsory.

   d. All staff should be versatile in using Electronic health record keeping systems. It is compulsory for all Doctors, nurses, paramedics and all other staff to use it

4. **Confidentiality and Privacy:**
   a. All patient information, medical records, and discussions must be kept strictly confidential.
   b. Staff should refrain from discussing patient cases outside the hospital premises.

5. **Communication and Teamwork:**
   a. Effective communication and collaboration among staff members are essential for delivering comprehensive care.
   b. Interdisciplinary teamwork should be encouraged to improve patient outcomes.

6. **Continuing Education:**
   a. Staff members are expected to stay updated with the latest medical advancements and attend regular training sessions.
   b. Continuous professional development ,CME,CNE,should be pursued to enhance skills and knowledge.

7. **Ethical Practice:**
   a. Adherence to ethical standards in medical practice is non-negotiable. Staff must act in the best interest of patients and uphold integrity.
   b. Conflict of interest situations should be disclosed promptly.

8. **Equipment and Resource Usage:**
   a. Responsible and efficient utilization of hospital resources, equipment, and supplies is expected from all staff members.
   b. Reporting any malfunctioning equipment or shortage of supplies is crucial for seamless operations it should be notified in daily morning conference.

9. **Emergency Response:**
   a. Staff should be trained in emergency response protocols, including BLS,PTC,fire fighting, resuscitation and disaster preparedness plan & management and should be familiar with blue code and orange code and handling of AED .
   b. Immediate reporting of any emergency situations is necessary for timely intervention.

10. **Feedback and Improvement:**
   a. Constructive feedback and suggestions for improvement should be welcomed by all staff members.
   b. Regular staff meetings can be utilized as a platform for discussing hospital operations and addressing concerns.

11. **Code of Conduct:**

a. Discrimination, harassment, or any form of unethical behavior will not be tolerated.

b. All staff members should maintain a positive and respectful attitude towards colleagues, patients, and their families.

12. **Social Responsibility:**

a. Staff members are encouraged to participate in community health programs and initiatives.

b. Good communication and with locals and contributing to the well-being of the local community reflects the hospital's commitment to social responsibility.

13. **chautara hospital mother baby friendly hospital initiative and breastfeeding policy should be followed and encouraged.( Refer to the hospital policy)**

14. **Hospital fire safety policy should be followed and communicated .**

Failure to adhere to these rules and regulations may result in disciplinary action, including warnings, suspension, or termination, based on the severity of the infraction. These guidelines are designed to ensure the highest standard of care, professionalism, and ethics within Chautara Hospital.

# बर्तमान विश्वको स्वास्थ्य चुनौती : नसर्ने तथा मानसिक रोग



**डा. रूद्रमणि भण्डारी**
**मेडिकल सुपरिटेन्डेन्ट**

नसर्ने रोग (Non Communicable Diseases NCDs) सामान्य तथा एक व्यक्तिबाट अर्कोमा नसर्ने भन्ने बुझिन्छ तर जीवनशैली, खानपान, मानसिक तनाव, वातावरणीय प्रदूषण र आनुवंशिक कारणका कारण उत्पन्न हुने दीर्घकालीन रोगहरु हुन् । विश्व स्वास्थ्य संगठनका तथ्याङ्क अनुसार हाल विश्वमा हुने कुल मृत्युको ७४ प्रतिशत अर्थात् करिब ४१ मिलियन व्यक्तिको मृत्यु वार्षिक रुपमा यिनै रोगका कारण हुने गर्दछ। ७० वर्ष नपुग्दै मृत्यु हुनेमध्ये १७ मिलियन व्यक्ति नसर्ने रोगका कारण मृत्युवरण गर्ने गरेका छन् भने गरिब देशहरुमा हुने कुल मृत्युमध्ये ७७ प्रतिशत हिस्सा यसैसँग सम्बन्धित छ। मुटु रोग, क्यान्सर, दीर्घ श्वासप्रश्वास रोग र मधुमेह यसका प्रमुख कारणहरु रहेका छन्।

अहिले संसारमा सर्ने रोगको समस्या कम हुँदै गइरहेको र नसर्ने रोगको व्यापकता तथा जोखिम निरन्तर बढ्दै गइरहेको अवस्था छ । नेपालमा समेत विभिन्न समयमा भएका अध्ययन तथा अनुसन्धानले नसर्ने रोगको व्यापकतासँगै भयावह अवस्था आउन सक्ने चेतावनी दिएका छन् । सबैभन्दा बढी समस्या मुटुसम्बन्धी समस्या वा हृदयघात, दोस्रोमा क्यान्सर, तेस्रोमा श्वासप्रश्वाससम्बन्धी समस्या र चौथोमा मधुमेह रोगको समस्या नेपालका पनि प्रमुख नसर्ने रोगका चुनौती हुन् भनिएको छ । नेपालमा पनि यसले गम्भीर चुनौती सिर्जना गरिरहेको छ । देशभर हुने कुल मृत्युमध्ये ५१ प्रतिशत मृत्यु यिनै रोगकै कारण भएका छन्। यसले जनस्वास्थ्य मात्र नभई सामाजिक र आर्थिक क्षेत्रमा समेत ठूलो दबाब सिर्जना गरेको छ। भविष्यमा समयमै रोकथामका उपायहरु अपनाउन नसकिए मृत्यु दर अझ बढ्ने र स्वास्थ्य प्रणालीमा ठूलो भार पर्ने अनुमान गरिएको छ।

नसर्ने रोग बढ्नुका माथि उल्लेखित कारणहरुले दीर्घकालीन रोगलाई निम्त्याउने भएकाले रोकथाम नै सबैभन्दा प्रभावकारी उपाय मानिन्छ । रोकथामका तहमा प्राथमिक स्तरमा स्वस्थ जीवनशैली, सन्तुलित आहार, नियमित व्यायाम, धुम्रपान-मद्यपान त्याग तथा विद्यालय र समुदायमा स्वास्थ्य शिक्षा आवश्यक हुन्छ। द्वितीय तहमा नियमित स्वास्थ्य परीक्षणमार्फत रोगलाई

सुरूवातमै पहिचान गरी समयमै उपचार गर्नु पर्छ भने तृतीय तहमा रोग लागिसकेपछि जटिलता कम गर्न विशेषज्ञ उपचार, दीर्घकालीन निगरानी र पुनर्स्थापना सेवा आवश्यक हुन्छ।
चौतारा अस्पतालले यस चुनौतीलाई ध्यानमा राख्दै नियमित रुपमा अघिल्लो आर्थिक वर्ष देखिनै नसर्ने तथा मानसिक रोगको प्रारम्भिक परीक्षण (स्क्रिनिङ) तथा परामर्श कक्ष स्थापना, मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम : नसर्ने रोग पहिचानका लागि परीक्षण, परामर्श र व्यवस्थापन अन्तर्गत मुटु, मधुमेह, उच्च रक्तचाप पाठेघरको मुखको क्यान्सरको लागि भि.आई.ए. जाँच, श्वासप्रश्वास सम्बन्धी रोगहरुको जाँच तथा उपचार सेवा प्रदान गर्दै आएको छ। साथै रक्तचाप, तौल र BMI जाँच गर्ने स्क्रिनिङ शिविर सञ्चालन, विद्यालय र समुदायमा जनचेतना कार्यक्रम सञ्चालन तथा स्थानीय तहसँग सहकार्य गरेर स्वास्थ्य शिक्षा विस्तारजस्ता कार्यलाई प्राथमिकतामा राखेको छ। यसबाट समुदायमा स्वास्थ्यप्रति सचेतना बढ्दै गएको छ र प्रारम्भिक चरणमै रोग पत्ता लगाई उपचारमा जोड दिन सकिने वातावरण बनेको छ।

निष्कर्षका रुपमा भन्नुपर्दा, नसर्ने रोग नेपालमा मृत्यु र रोगभारको प्रमुख कारण बनेको छ र यसलाई नियन्त्रण नगरेमा भोलिका दिनहरुमा स्वास्थ्य संगै सामाजिक तथा आर्थिक प्रणाली नै प्रभावित हुने अवस्था आउन सक्छ। त्यसैले “रोकथाम नै उपचार” भन्ने दृष्टिकोणका साथ दिगो विकास लक्ष २०३० का सूचकहरुलाई छुनको लागि  चौतारा अस्पतालले आगामी दिनमा अझ बढी स्क्रिनिङ, सचेतना र उपचार सेवा विस्तार गर्ने लक्ष्य राखेको छ।

# ग्रामीण चिकित्सकको डायरी : सपनाभित्रका संघर्ष



**डा.रबिन्द्र राज पाण्डे, एमडी**
**सामान्य अभ्यास तथा**
**आपतकालीन चिकित्सा विशेषज्ञ**

अस्पतालको बार्दलीमा बसेर गाउँघरका बिरामीलाई हेर्दा प्रायः एउटै प्रश्न मेरो मनमा घुमिरहन्छ– "स्वास्थ्य के केवल शहरमै सिमित सुविधा हो त ?"
ग्रामीण अस्पतालमा हरेक दिन एउटा नयाँ कथा जन्मिन्छ। कहिले बिहानै खेत जोत्न निस्किएका किसान पेटको समस्या लिएर आउँछन्, कहिले स्कुल जान निस्केकी बालिका मोटरसाइकल दुर्घटनामा हड्डी भाँचेर ल्याइन्छिन् ,कहिले वृद्ध आमाले वर्षौंदेखिको दम लिएर अक्सिजन खोज्छिन्, कहिले प्रि-एक्लेम्प्सियामा परेकी आमा, त कहिले सर्पले टोकेका बिरामी–यी सबै जीवनका संवेदनशील क्षण हुन् । यी कथाहरु एउटै कुरा भन्छन् गाउँमा स्वास्थ्य सेवा केवल उपचार होइन, जीवनको आधार हो।

ग्रामीण अस्पतालमा स्रोत सधैं सिमित हुन्छ । कहिले औषधि पर्याप्त हुँदैन, कहिले उपकरण बिग्रिन्छ, कहिले पर्याप्त जनशक्ति हुँदैन । तर बिरामीको आँखामा देखिने भरोसाले हामीलाई असम्भवलाई सम्भवमा बदल्न प्रेरित गर्छ। त्यही भरोसामा विश्वास गर्दै हामी हरेक दिन सीमित साधनमा जटिल समस्याको सामना गर्छौं।

गाउँको जीवनले मलाई ठूलो पाठ सिकायो–स्वास्थ्य भनेको केवल औषधि र उपचार होइन, शिक्षा र व्यवहार पनि हो । जब हामीले सरसफाइ, सुरक्षित खानेपानी, वा नियमित स्वास्थ्य परीक्षणबारे समुदायलाई जानकारी दिन्छौं, मानिसहरुको जीवनशैलीमा चमत्कारिक परिवर्तन देखिन्छ। साना-साना स्वास्थ्य सचेतना अभियानले कहिलेकाहीं ठूलो उपचार भन्दा बढी असर पुर्‍याउँछ।

कुनै दिन, साँझपख सर्पको टोकाइले ग्रस्त बिरामी टाढाको गाउँबाट घण्टौं हिँडेर आउँछन् । अक्सिजन सिलिण्डर सिमित हुन्छ, एण्टी-भेनम तुरून्त उपलब्ध हुँदैन, त्यस्ता क्षणमा हरेक

निर्णयले जीवन र मृत्युको सीमा तय गर्न सक्छ। तर जब उनको सास फेरि स्थिर हुन्छ, मुस्कान फर्किन्छ, थकान र तनाव एकैपटक हराउँछ।

गाउँको अस्पताल केवल चुनौतीहरुको थलो होइन; यहाँ काम गर्दा चिकित्सकले मानवताको वास्तविक रुप नजिकबाट अनुभव गर्छन् । बिरामीहरुको आभारपूर्ण मुस्कानले थकित दिनलाई सार्थक बनाउँछ, र कहिलेकाहीँ त जीवनको अर्थ नै सम्झाइदिन्छ।

मेरा लागि ग्रामीण चिकित्सकको जीवन एउटा डायरी हो–जहाँ प्रत्येक दिन दुःख, चुनौती र कठिनाइसँगै आशा र भविष्य पनि हुन्छ । सिमित स्रोतमा गरिएको इमान्दार प्रयासले जीवन जोगाउँछ, र सानो पहलले गाउँ मात्र होइन, देशकै स्वास्थ्य प्रणाली उज्यालो बनाउन सक्छ।

अन्ततः, गाउँघरको स्वास्थ्य सेवा केवल चुनौती होइन–यो मानवता, आशा र भविष्यको पाठशाला हो।

# अस्पताल व्यवस्थापनमा तथ्याङ्क : गुणस्तरको नयाँ दृष्टिकोण



**रेशम सेन ठकुरी**
**मेडिकल रेकर्डर सुपरभाइजर**

अस्पतालको गुणस्तर सुधारमा तथ्याङ्कको भूमिका केवल प्रशासनिक आवश्यकता मात्र होइन, स्वास्थ्य सेवाको निरन्तर विकासको मेरूदण्ड हो । कुनै पनि अस्पतालमा प्रतिदिन हजारौं गतिविधिहरु हुन्छन् बिरामीको आवागमन, परीक्षण, उपचार, शल्यक्रिया, औषधि आपूर्ति, आपतकालीन सेवा, स्वास्थ्यकर्मीको कार्यभार यी सबैको अभिलेख नै तथ्याङ्क हो । यी अभिलेखहरु केवल संख्यात्मक विवरण मात्र नभई, अस्पतालको वास्तविक अवस्था र सेवा क्षमताको स्पष्ट चित्र प्रस्तुत गर्ने महत्वपूर्ण साधन हुन् । गुणस्तर सुधार केवल सेवा विस्तार वा भौतिक संरचना विकास मात्र नभई प्रमाणमा आधारित योजना, निर्णय र कार्यान्वयनको निरन्तर प्रक्रिया हो । अस्पतालमा भित्रिने प्रत्येक बिरामी, गरिने परीक्षण, अपनाइने उपचार र प्राप्त हुने परिणाम सबै तथ्याङ्कका अङ्गहरु हुन् । यी सूचनालाई सही, पूर्ण र समयमै संकलन गरी व्यवस्थित विश्लेषण गर्दा मात्र अस्पतालले आफ्नो वास्तविक अवस्था बुझ्न सक्छ र सुधारका प्रभावकारी उपायहरु पहिचान गर्न सक्छ ।

तथ्याङ्क स्वास्थ्य सेवाको ‘ऐना’ हो, जसले अस्पताललाई आफ्नो बल, कमजोरी, अवसर र चुनौतीबारे स्पष्ट दृष्टिकोण प्रदान गर्छ । उदाहरणका लागि, कुनै विशेष रोगको बढ्दो घटनाले अस्पताललाई त्यस रोगको उपचार क्षमता र आवश्यक स्रोत व्यवस्थापनमा ध्यान दिन प्रेरित गर्छ । बिरामीको संख्या, उमेर समूह, रोगको स्वरुप, मौसमी रोगको प्रवृत्ति, मृत्यु-दर, उपचार सफलता-दर, बिरामी सन्तुष्टि सूचक, औषधि प्रयोग दर, शल्यक्रियाको नतिजा, आपतकालीन सेवाको प्रतिक्रिया समय यी सूचकहरुको विश्लेषणबाट अस्पतालको दैनिक सञ्चालन मात्र होइन, दीर्घकालीन रणनीतिक योजना, बजेट व्यवस्थापन र सेवा विस्तारको प्राथमिकता पनि निर्धारण गर्न सकिन्छ ।

उपचार प्रक्रियामा पनि तथ्याङ्कको योगदान प्रत्यक्ष देखिन्छ । विगतका उपचार अभिलेखहरुको अध्ययनले कुन उपचार विधि कति प्रभावकारी भयो भन्ने स्पष्ट हुन्छ । यसले अनावश्यक वा अप्रभावकारी उपचार रोक्न मद्दत गर्छ, चिकित्सकलाई सही निर्णय लिन सजिलो बनाउँछ, र

स्रोतको दक्ष उपयोग हुन्छ । यसैगरी, प्रशासनिक दृष्टिले तथ्याङ्कले अनुमानमा होइन, ठोस प्रमाणमा आधारित निर्णय लिन सक्षम बनाउँछ, जसले अस्पताल सञ्चालनलाई पारदर्शी र उत्तरदायी बनाउँछ ।

तथ्याङ्क कानुनी, अनुसन्धानात्मक र शैक्षिक दृष्टिले पनि अमूल्य हुन्छ । विवाद, बीमा दाबी वा कानुनी प्रक्रिया भएमा तथ्याङ्क नै प्रमाणको रुपमा प्रयोग हुन्छ । स्वास्थ्य अनुसन्धान, नीति निर्माण र प्रशिक्षणका क्रममा विगतका तथ्याङ्कहरु आधारभूत स्रोतका रुपमा काम गर्छन् । यसबाट नयाँ उपचार प्रविधि, रोग नियन्त्रण रणनीति र दीर्घकालीन स्वास्थ्य नीतिहरु निर्माणमा प्रत्यक्ष सहयोग पुग्छ ।

आजको डिजिटल युगमा, इलेक्ट्रोनिक हेल्थ रेकर्ड (EHR) प्रणालीको प्रयोगले तथ्याङ्क संकलन, भण्डारण र विश्लेषणलाई सहज, तीव्र र सुरक्षित बनाएको छ । यसले तथ्याङ्कमा सहज पहुँच, तुरून्त खोज र गोपनीयता सुरक्षा सुनिश्चित गर्छ । आपतकालीन अवस्थामा पनि आवश्यक जानकारी तुरून्त उपलब्ध हुने भएकाले निर्णय प्रक्रियामा समयको बचत हुन्छ ।

यसरी, अस्पतालको गुणस्तर सुधार केवल इच्छाशक्ति र प्रयासमा होइन, ठोस, अद्यावधिक र विश्वसनीय तथ्याङ्कमा टेकेको हुन्छ । तथ्याङ्कले अस्पताललाई सही दिशा देखाउने मार्गदर्शकका रुपमा काम गर्छ, रोगीको स्वास्थ्य सुधारमा प्रत्यक्ष योगदान पुऱ्याउँछ, र संस्थालाई दीर्घकालीन रुपमा सक्षम, पारदर्शी र विश्वासिलो बनाउँछ । त्यसैले, गुणस्तर सुधारको यात्रामा तथ्याङ्कलाई सधैं उच्च प्राथमिकतामा राख्नु अपरिहार्य हुन्छ ।

# अस्पताल सञ्चालनको प्रभावकारिता : प्रशासनको जिम्मेवारी र योगदान



**केशव प्रसाद अधिकारी**
**कम्प्युटर अपरेटर**

अस्पताल मानव जीवनको रक्षा गर्ने, स्वास्थ्य सेवा एउटा जटिल र संवेदनशील संस्था हो, जहाँ जीवन र स्वास्थ्यको रक्षा मात्र होइन, मानवता र सामाजिक न्यायको संरक्षण पनि हुन्छ । यस्तो पवित्र कर्मस्थललाई प्रभावकारी, दिगो र गुणस्तरियुक्त बनाउन, अस्पताल प्रशासनको भूमिका अत्यन्त महत्वपूर्ण र अपरिहार्य हुन्छ । अस्पताल प्रशासन त्यो धागो हो, जसले विभिन्न विभाग, सेवा प्रदायक र संसाधनलाई एकसाथ बाँधेर सुचारू प्रणालीको रुप दिन्छ । यो मात्र व्यवस्थापनको प्रक्रिया होइन, यो विश्वास, समर्पण र नेतृत्वको कथा हो ।

अस्पताल प्रशासन संस्थाको 'पृष्ठभूमि नायक' हो – जसको अभावमा सेवा अस्तव्यस्त, समन्वय विफल र लक्ष्य अधुरो रहन्छ । प्रशासन, वास्तवमा त्यो शिरोमणि हो, जसले सेवा प्रवाहको लय बनाइराख्छ; न प्रत्यक्ष देखिन्छ, न उच्च स्वरमा बोल्छ, तर हरेक विभागको सन्तुलनमा, हरेक निर्णयको दृढतामा र हरेक प्रगतिको पृष्ठभूमिमा प्रशासनको धड्कन सुन्न सकिन्छ । जहाँ चिकित्सकहरु उपचारका अगुवा हुन्छन्, नर्सहरु करूणाका वाहक, प्रविधिकहरु उपचारका शिल्पी – त्यहाँ प्रशासन त्यो शरीरको मेरूदण्ड हो, जसबिनाको गति असम्भव हुन्छ ।

प्रशासनले नै स्वास्थ्य सेवा प्रणालीलाई पारदर्शी, उत्तरदायी र समावेशी बनाउँछ । जहाँ बिरामीलाई मात्र नभएर कर्मचारी, सरकार र नागरिक समाज सबैको सहभागिता सुनिश्चित हुन्छ । अस्पताल प्रशासनको सफलताले मात्र अस्पतालको सम्मान, सेवा प्रभावकारिता र जनविश्वासलाई सुनिश्चित गर्छ । यो केवल कार्यालयको काम होइन, यो एउटा यात्रा हो – जहाँ दायित्व, करूणा र प्रतिबद्धता सँगै अघि बढ्छन् ।

प्रशासनले अस्पतालका भौतिक पूर्वाधारदेखि लिएर जनशक्ति व्यवस्थापन, आर्थिक स्रोतको विवेकपूर्ण उपयोग, नीति निर्माण, वित्तीय नियमन, उपकरण खरिद, सेवा प्रवाह योजना निर्माण, नीति कार्यान्वयन र गुणस्तर व्यवस्थापनसम्म सबै पक्षलाई सन्तुलित र प्रभावकारी बनाउँदै सेवा विस्तार र गुणस्तर नियन्त्रणसम्म सबै पक्षलाई नियन्त्रित र सुसंयोजित बनाउँछ । यी सबै कार्यहरु सहज रुपमा सञ्चालन हुन प्रशासनको कुशलता, समर्पण र नेतृत्व आवश्यक हुन्छ ।

अस्पतालमा चिकित्सक, नर्स, प्रविधिक र कर्मचारीहरु सेवा प्रवाहका अगुवा हुन् भने, प्रशासन त्यो अजर अमर शक्ति हो जसले सबैलाई एकसाथ काम गर्न प्रेरित गर्छ, समस्याहरुको समाधान खोज्छ र दीर्घकालीन लक्ष्यतर्फ डोर्याउँछ । जहाँ चिकित्सा विज्ञहरु, नर्सहरु र प्रविधिकहरुको भूमिका प्रत्यक्ष

रूपमा देखिन्छ, त्यस्तै अस्पतालको सफल सञ्चालन र दीर्घकालीन लक्ष्य प्राप्तिका लागि प्रशासनले अपरिहार्य भूमिका निर्वाह गर्छ । समयमै निर्णय लिनु, संसाधनको सदुपयोग सुनिश्चित गर्नु, कर्मचारीहरुको मनोबल उच्च राख्नु, सेवा प्रदायक र सेवाग्राहीबीचको संवाद सुचारू राख्नु प्रशासनको मुख्य कर्तव्य हो जसले सम्पूर्ण प्रणालीलाई समन्वय र मार्गदर्शन गर्छ ।

स्वास्थ्य सेवा क्षेत्रमा समयको महत्व अपार छ । अस्पताल प्रशासनले प्रत्येक निर्णयलाई छिटो र निर्णयकारी बनाउनुपर्छ । अस्पतालका विभिन्न शाखा र विभागबीचको सहकार्य सुनिश्चित गर्न, संसाधनको सदुपयोग गर्न र आपतकालीन परिस्थितिहरुमा तत्परता जनाउन प्रशासनको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । बिरामीको जीवनसँग जोडिएको यस्तो संवेदनशील क्षेत्रलाई चलाउन प्रशासनले व्यावहारिकता र मानवीय संवेदनशीलता दुवैको समन्वय गर्नुपर्छ ।

अस्पताल प्रशासनले कर्मचारीहरुको मनोबल उच्च राख्नुपर्छ । स्वस्थ मनोबल र सकारात्मक वातावरणमा मात्र कर्मचारीहरु दक्ष र प्रतिबद्ध भएर सेवा दिन सक्षम हुन्छन् । त्यसैले, प्रशिक्षण, प्रोत्साहन, पारस्परिक सम्मान र कार्य वातावरण सुधार्न प्रशासनले निरन्तर पहल गर्नुपर्छ । कर्मचारी र व्यवस्थापनबीचको सहकार्यले मात्रै गुणस्तरीय सेवा प्रदान गर्न सकिन्छ ।

त्यस्तै, अस्पतालमा उपलब्ध स्रोतहरु जस्तै औषधि, उपकरण र आर्थिक संसाधनहरुको उचित व्यवस्थापन गर्न प्रशासनले सुनिश्चित गर्नुपर्छ कि सबै क्षेत्रहरुमा आवश्यकताको अनुकूल आपूर्ति होस् । यसले अस्पतालको सेवा क्षमतालाई मजबुत बनाउँछ र विरामीहरुलाई प्रभावकारी उपचार प्राप्त गराउँछ ।

स्वास्थ्य सेवा क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढेसँगै अस्पताल प्रशासनले डिजिटल प्रणालीमा दक्षता हासिल गर्नुपर्छ । डेटा व्यवस्थापन, रिपोर्टिङ, वित्तीय निगरानी, बिरामी अभिलेख र सूचना सुरक्षालाई सुनिश्चित गर्न प्रशासनको सक्रिय भूमिका हुन्छ । यसले अस्पताललाई पारदर्शी, दिगो र जिम्मेवार बनाउँछ ।

प्रशासनले बिरामी र सेवाग्राहीसँग अस्पतालको सम्बन्धलाई सहज, सम्मानजनक र भरोसायोग्य बनाउन काम गर्छ । बिरामीको अप्ठ्यारो बुझ्न, समस्या समाधान गर्न र प्रतिक्रिया लिन अस्पताल प्रशासनको भूमिका महत्वपूर्ण हुन्छ । यसले अस्पताल र समुदायबीचको विश्वास बढाउँछ र सेवा सुदृढीकरणमा योगदान गर्छ ।

समग्रमा अस्पताल प्रशासन भनेको स्वास्थ्य सेवा प्रणालीलाई चलायमान राख्ने अदृश्य शक्ति हो । जसले सबै पक्षहरुलाई समेटेर अस्पताललाई सफलताको शिखरमा पुऱ्याउँछ ।

अतः अस्पताल सञ्चालनको सफलतामा प्रशासनको भूमिका केवल कार्य सञ्चालनमा सीमित नरहँदै, नेतृत्व, समन्वय, दिगोपना र सामाजिक उत्तरदायित्वको आधार बनिसकेको छ । यो भूमिका सम्मानयोग्य, चुनौतीपूर्ण र अत्यन्तै आवश्यक छ । हामी सबैले स्वास्थ्य प्रणालीको हरेक तहमा प्रशासनको योगदानलाई सम्मानपूर्वक सम्झनु आवश्यक छ – किनभने जहाँ उत्कृष्ट सेवा प्रवाह छ, त्यहाँ निसन्देह एक विवेकी, समर्पित र दूरदर्शी प्रशासन पनि छ । यसैले अस्पताल प्रशासनको भूमिका त्यति मात्र होइन कि कागजमा केही लेखिएको छ, यो त अस्पतालको हृदय हो – जसले स्वास्थ्य सेवाको धड्कनलाई निरन्तर चलायमान राख्छ ।

# कार्यालयमा सुशासनः अवधारणा, आवश्यकता र महत्व



**लिलाधर थापामगर**
**प्रशासन शाखा प्रमुख**

चौतारा अस्पताल, सिन्धुपाल्चोकले स्वास्थ्य सेवा प्रवाहमा गुणस्तरीयता, पारदर्शिता र प्रभावकारितालाई सुनिश्चित गर्न कार्यालयमा सुशासनको अवधारणालाई केन्द्रमा राख्दै आएको छ । कार्यालयमा सुशासन भन्नाले शासकीय क्रियाकलापका हरेक तह र प्रक्रियामा जनताको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सेवा प्रवाहलाई स्वच्छ, सदाचारी, पारदर्शी र प्रभावकारी ढंगले सञ्चालन गर्नु हो। यसले बिरामी, कर्मचारी र समग्र समुदायलाई भरोसा, सन्तुष्टि र समृद्धिको अनुभूति गराउँछ ।

सुशासनको अवधारणा सन् १९८० को दशकको अन्त्यतिर विश्वबैंकद्वारा प्रतिपादित भएको हो, जब विदेश सहायता (Foreign aid) को प्रभावकारी उपयोग नहुँदा 'शासकीय प्रणालीमा कमजोरी' रहेको निष्कर्ष निकालिएको थियो । यसबाट स्पष्ट हुन्छ कि सुशासन केवल कानुन र नियमको पालन नभई, दिगो विकास, मानव अधिकार, भ्रष्टाचार विहीन प्रशासन र लोकतन्त्रको आधार बन्ने एउटा प्रणाली हो । सुशासनका आठ प्रमुख आधारहरुमा सहभागितामूलक निर्णय प्रक्रिया, कानुनी शासन, सहमतिमा आधारित नीति निर्माण, समानता र समावेशीकरण, पारदर्शिता, उत्तरदायी नेतृत्व, जवाफदेहिता, प्रभावकारिता र दक्षता पर्दछन् ।

चौतारा अस्पतालमा कार्यालयमा सुशासनको अभ्यासले प्रशासनिक, आर्थिक र सेवा सम्बन्धी सबै कार्यतालिकालाई पारदर्शी, निष्पक्ष र दक्ष बनाएको छ । यसले कर्मचारी र नेतृत्वबीच आपसी विश्वास बढाउँछ, संस्थागत कार्यक्षमता सुनिश्चित गर्छ र बिरामीप्रतिको सेवामुखी दृष्टिकोणलाई मजबुत बनाउँछ । सुशासनको अभ्यासले कार्यालयको कार्यदक्षता मात्र होइन, जनविश्वास, स्रोतको प्रभावकारी उपयोग र दिगो विकासमा पनि सकारात्मक योगदान पुऱ्याएको छ ।

कार्यालयमा सुशासनको आवश्यकता स्पष्ट छ । यसले अस्पताललाई विकास लक्ष्य प्राप्त गर्न मार्गदर्शन गर्दछ, नियम र कानुनको शासन कायम राख्दछ, स्रोत र जनशक्तिको प्रभावकारी उपयोग सुनिश्चित गर्दछ, समावेशी र न्यायसंगत सेवा प्रवाहलाई प्रोत्साहित गर्दछ, समयमै निर्णय लिन

सजिलो बनाउँछ, पारदर्शिता र जवाफदेहिता बढाउँछ, भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउँछ र कर्मचारीको मनोबल उच्च राख्छ।

सुशासन केवल नारा वा शब्दमा मात्र सीमित छैन; यसलाई व्यवहारमा उतारिनुपर्दछ। पारदर्शिता, जवाफदेहिता, निष्पक्षता, कार्यक्षमता, सहभागिता, नियम-कानुनको पालन र इमान्दारीको निरन्तर अभ्यासले मात्र सुशासन स्थापित हुन्छ। चौतारा अस्पतालमा सुशासनको अभ्यासले कर्मचारी, प्रशासन र सेवाग्राहीबीचको विश्वासको वातावरण निर्माण गरेको छ। यसले स्वास्थ्य सेवा प्रणालीको जीवन्तता, गुणस्तर, द्रुत निर्णय क्षमता र दीर्घकालीन स्थायित्व सुनिश्चित गरेको छ।

संक्षेपमा, कार्यालयमा सुशासन कार्यालयको मेरूदण्ड, जीवन्त शक्ति र भरोसाको आधार हो। यसले चौतारा अस्पताललाई दक्ष, उत्तरदायी, पारदर्शी र सामाजिक रुपमा सम्मानित संस्था बनाउँछ। सुशासनले मात्र संस्था र कर्मचारीलाई प्रेरित गर्छ, सेवा गुणस्तर सुनिश्चित गर्छ र समग्र समुदायमा विश्वास र समृद्धिको अनुभूति जगाउँछ।

# बिरामी केन्द्रित दृष्टिकोणः मेडिकल अधिकृतको बहुआयामिक भूमिका



**डा. रोशन चौलागाईं**
**मेडिकल अधिकृत**

चौतारा अस्पताल, सिन्धुपाल्चोकमा स्वास्थ्य सेवा केवल उपचारको माध्यम मात्र होइन, यो मानव जीवन, आशा र भरोसाको प्रतीक हो । यस संवेदनशील प्रणालीलाई गुणस्तरीय, प्रभावकारी र दिगो बनाउने मुख्य आधारमध्ये एक हो मेडिकल अधिकृत, बिरामी केन्द्रित दृष्टिकोणमा उनीहरु बिरामी र स्वास्थ्य प्रणालीबीचको मुख्य सम्पर्कबिन्दु हुन् । उनीहरुले स्वास्थ्य सेवा केवल रोग उपचारमा सीमित नहुनेगरी रोग रोकथाम, स्वास्थ्य शिक्षा, जीवनशैली सुधार र परामर्शसँग जोड्ने बहुआयामिक भूमिका निर्वाह गर्छन् ।
मेडिकल अधिकृतको पहिलो जिम्मेवारी बिरामीको स्वास्थ्य मूल्याङ्कन, रोगको पहिचान र उचित उपचार योजना तयार गर्नु हो । उनी बिरामीको लक्षण, इतिहास, परीक्षण परिणाम र व्यक्तिगत स्वास्थ्य आवश्यकताका आधारमा उपचार सुनिश्चित गर्छन् । यस क्रममा बिरामीको गोपनीयता, सम्मान र सुरक्षा उच्चतम प्राथमिकतामा राखिन्छ ।

**मेडिकल अधिकृतको भूमिका**

- उपचार र निर्णय प्रक्रियामा नेतृत्वः मेडिकल अधिकृतले उपचार योजना निर्माण गर्न, जटिल र आपतकालीन अवस्थामा निर्णय लिन र क्लिनिकल प्रोटोकल अनुसार प्राथमिकता निर्धारण गर्न नेतृत्व प्रदान गर्छन् ।
- गुणस्तर मूल्याङ्कन र सुधारः सेवा गुणस्तरको मूल्याङ्कन गर्दै बिरामी प्रतिक्रिया अनुसार प्रक्रिया सुधार्ने पहल गर्छन् ।
- आपतकालीन तयारीः प्राकृतिक प्रकोप, महामारी वा आकस्मिक बिरामीको अवस्थामा तत्काल निर्णय र व्यवस्थापन सुनिश्चित गर्छन् ।
- नैतिकता, सहानुभूति र बिरामीको अधिकारः बिरामीको अधिकार, गोपनीयता र सम्मान कायम गर्दै सहानुभूतिपूर्ण र नैतिक सेवा प्रदान गर्छन् ।
- डिजिटल स्वास्थ्य र प्रविधि प्रयोगः स्वास्थ्य सूचना प्रणाली, डिजिटल रेकर्डिङ र टेलिमेडिसिनमार्फत सेवा गुणस्तर र पहुँच सुधार गर्छन् ।

## बिरामीहरुले पालना गर्नुपर्ने नियमहरु

- समयमै अस्पताल आउनुपर्ने ।
- आफ्नो स्वास्थ्य इतिहास, लक्षण र औषधि सेवनबारे चिकित्सकलाई स्पष्ट जानकारी दिने ।
- चिकित्सकले तोकेको औषधि, डोज र समयको पूर्ण पालन गर्ने ।
- व्यक्तिगत सफाई, पोषण र जीवनशैली सुधार गर्ने उपाय अपनाउने ।
- अस्पतालको कर्मचारी र अन्य स्वास्थ्यकर्मीहरुसँग सहकार्य गर्ने ।
- गोपनीयता र सम्मान कायम राख्ने ।
- अस्पतालका नियम, सुरक्षा निर्देशन र उपकरणहरुको दुरूपयोग नगर्ने ।
- स्वास्थ्यमा समस्या देखा परे वा सुधार नआए तुरून्त मेडिकल अधिकृत वा स्वास्थ्यकर्मीलाई जानकारी दिने

चौतारा अस्पतालमा मेडिकल अधिकृतले मानसिक र भावनात्मक स्वास्थ्यमा पनि ध्यान दिन्छन् । बिरामीसँग सहानुभूतिपूर्ण व्यवहार, स्पष्ट सञ्चार र विश्वासिलो मार्गदर्शनले स्वास्थ्य सेवाप्रतिको भरोसा बढाउँछ । मेडिकल अधिकृत बिरामी केन्द्रित स्वास्थ्य सेवाको मुख्य स्तम्भ हुन् । उनी केवल उपचार गर्ने मात्र नभई, बिरामीको जीवनस्तर सुधार्ने, स्वास्थ्य सचेतना फैलाउने, समन्वय र गुणस्तर सुनिश्चित गर्ने बहुआयामिक जिम्मेवारी निभाउँछन् । मेडिकल अधिकृतको सक्रियता, दक्षता र समर्पणले चौतारा अस्पताललाई विश्वासिलो, गुणस्तरीय र दिगो स्वास्थ्य सेवा प्रदान गर्ने संस्था बनाउँछ ।



**Dr. Manju Upadhaya**
**Medical Officer**

Miss Disappointed
She'd name herself Miss Disappointed,
not out of bitterness,
but a weary truth stitched deep into her soul.

The girl who offers her love like dawn
soft, unwavering,
painting even the darkest hearts in hues of care.
She gives without measure,
tends to the wounds no one sees,
holds together the cracks in others
while silently fracturing beneath the weight of it all.

But oh, how the universe toys with her
not with thunderous cruelty,
but with quiet, relentless storms.
It tests her patience,
her hope,
her faith in the kindness she never stops giving.

What goes around, comes around?
No.
Not for her.
She sows with her soul
and harvests silence.
She bleeds compassion
and receives indifference in return.

Yet still-

she walks through the fire,
again and again,
barefoot,
burning,
but unbroken.
She is not just disappointed.
She is Miss Disappointed-
the tragic heroine of a life that should have loved her better,
yet she never lets go of her light.
Even when it flickers,
she shields it with her trembling hands
and keeps walking through the never-ending night.

Because maybe, just maybe-
there’s a dawn she hasn’t reached yet.
But until then,
call her Miss Disappointed,
and know it means
she’s survived more than she ever deserved to.

# फिजियोथेरापीको परिचय र उपचार पद्धती



**अन्जना गुरूङ**
**फिजियोथेपि साहायक**

आधुनिक स्वास्थ्य विज्ञानमा औषधि सेवन र विभिन्न खालका शल्यक्रियाबाट बिरामीलाई उपचार गरिएको अवस्थामा बिना औषधि सेवन र हाम्रो शरीरमा लागेका कतिपय रोग धेरै औषधि खाँदा पनि निको नहुने हुन्छन् । कुनै रोगलाई औषधि भन्दा पनि व्यायाम वा अन्य विधिबाट निको गराउन सकिन्छ । औषधि नखाई व्यायाम गरेर, प्रशिक्षित फिजियोथेरापिस्टहरुले व्यायामका माध्यमबाट शरीरका मांसपेशीहरुलाई सही अनुपातमा सक्रिय गराउँछन्। यसलाई भौतिक चिकित्सा विधि पनि भनिन्छ। इलेक्ट्रोथेरापी, म्याङनलथेरापीलगायत विधिबाट फिजियोथेरापी गराइन्छ। त्यस्तो विधि वा उपचार पद्धतिलाई फिजियोथेरापी भनिन्छ। फिजियोथेरापी के हो ? कसरी गरिन्छ र यसका फाइदा के के छन् ?

### फिजियोथेरापी भनेको के हो ?

फिजियोथेरापी व्यापक विषय हो। फिजियोथेरापी भित्र नशारोग, अर्थोपेडिक, स्पोट्र्स ,मेडिसिन, कम्युनिटी पेडियाक्ट्रीक, कार्डियो गरेर विभिन्न विशेषज्ञ हुन्छन् । फिजियोथेरापीले शरीरका अंगहरु मजबुत बनाउँछ। हृदयको चाल र फोक्सोको क्षमता अभिवृद्धि गर्छ।फिजियोथेरापीले भित्र नशा रोग निको बनाउन मात्रै होइन रोग नै रोकथामको लागि फिजियोथेरापीले मद्दत गर्छ। हड्डी खिइएको, नसा च्यापिएको, मांसपेशीको दुखाइ, शरीर झमझमाउने, लुलो हुने, पोल्ने, प्यारालाइसिस, पक्षाघात जस्ता समस्याको लागि यो उपचारविधि औषधिभन्दा प्रभावकारी हुन्छ।

### फिजियोथेरापी कस्तो अवस्थामा गर्ने ?

बालबालिकादेखि वृद्धवृद्धा सबै समूहका व्यक्तिका लागि फिजियोथेरापी प्रभावकारी बनेको छ। ढाड, कम्मर, गर्दन दुख्दा, हाड जोर्नी तथा नसासम्बन्धी समस्या, प्यारालाइसिससम्बन्धी समस्या, श्वासप्रश्वासको समस्या, मांसपेशीसम्बन्धी समस्या, आङ खसेको समस्या, जन्मजात देखिएका समस्या, प्रजनन तथा स्त्री रोगसम्बन्धी समस्या, कुनै दुर्घटनामा चोटपटक लाग्दा, अपांगतासम्बन्धी समस्यालगायतमा प्यारालाइसिस, विभिन्न प्रकारको बाथका बिरामी, ढाड मर्किने, सड्किने, घुँडा दुख्ने, हड्डी खिइएका बिरामीलाई पनि फिजियोबाट उपचार गर्न सकिन्छ।

**फिजियोथेरापी गर्दा के के फाइदा छन् ?**
फिजियोथेरापी गर्दाका फाइदाहरु धेरै छन् । जसमा यस विधिबाट उपचारपछि शरीरमा कुनै पनि नकारात्मक असर वा साइड इफेक्ट हुँदैन । किनकी यो बिना औषधिको प्रयोगले नै स्वास्थ्य समस्याबाट मुक्ति मिल्छ। रोगसँग लड्ने क्षमता बढाइ सरूवा रोगको जोखिम घटाउनमा मद्दत गर्छ। फिजियोथेरापीले लामो समय अफिसमा एकै ठाउँमा बसेर काम गर्दा शरीरका विभिन्न भागको दुखाइ कम गर्न र शरीरका अंगहरु मजबुत बनाउँछ। फिजियोथेरापी गर्दा शरीरलाई स्वास्थ्य, मानसिक स्वास्थ्य सुधार हुने र आत्मबल बढ्ने हुन्छ।

प्रजनन तथा स्त्रीरोगसम्बन्धी समस्या समाधान गर्न मद्दत गर्दछ। शारीरिक दुखाइ कम गरी सक्रिय जीवनशैलीमा फर्काउन मद्दत गर्छ। कसैलाई ब्रेन स्ट्रोक भएको छ भने केही समय मात्र फिजियोथेरापी गरेपछि रिकोभरी हुन्छ। सुगर र प्रेसर जस्ता दीर्घ रोग लाई बिग्रन नदिई मेन्टेन गरी बिरामीको शारीरिक क्षमतामा वृद्धि गर्छ।

जन्मजात अपाङ्गता भएका वा अशक्तता कम गरी स्वतन्त्र जीवनशैली तथा कार्यशैलीमा फर्काउन महत्वपूर्ण भूमिका खेल्छ। ढाड, कम्मर, गर्दन दुख्दा वा हाडजोर्नी तथा नसासम्बन्धी समस्या भएमा वा प्यारालाइसिस सम्बन्धी समस्यालाई पनि कम गर्न मद्दत गर्छ।

**शरीरमा कुनै पनि समस्या आउन नदिन के के कुरामा ध्यान दिने त ?**
यसको लागि कुनै पनि समस्या आउन नदिन नियमित व्यायाम गर्नुपर्छ दैनिक रूपमा बिहान आधा वा एक घन्टा हिँड्ने , खानपानमा ध्यान दिने र औषधि खाँदा पनि निको नभएको कुनै रोग छ भने संबंधित चिकित्सक वा  फिजियोथेरापिस्टसँग एक पटक सल्लाह लिनुहोस।

**प्रमाणमा आधारित फिजियोथेरापी सेवा**
फिजियोथेरापी उपचारलाई प्रभावकारी, सुरक्षित र बिरामी-मैत्री बनाउन प्रमाणमा आधारित अभ्यास (Evidence Based Practice) अत्यावश्यक मानिन्छ। तर नेपालमा अझै पनि विदेशी उपकरण, ब्राण्डेड पट्टी वा विज्ञापनमा आधारित उपचारलाई प्रभावकारी ठान्ने प्रवृत्ति पाइन्छ, जसले बिरामीको स्वास्थ्यमा भन्दा बढी आर्थिक बोझ पुर्याउने गरेको छ।
प्रमाणमा आधारित अभ्यास -EBP) का तीन आधारस्तम्भ

१. वैज्ञानिक प्रमाण (Research Evidence): उत्कृष्ट अनुसन्धान वा क्लिनिकल गाइडलाइनले पुष्टि गरेको विधि अपनाउने ।
२. चिकित्सकको अनुभव र दक्षता (Clinical Expertise): स्थानीय परिस्थिति र बिरामीको अवस्थाअनुसार निर्णय गर्ने ।
३. बिरामीको मूल्य-मान्यता (Patient Values & Expectations): बिरामीको आवश्यकता, उपलब्धता र सामाजिक-आर्थिक पक्षलाई ध्यानमा राख्ने ।

**फिजियोथेरापिष्टको भूमिकाः**

- वैज्ञानिक अनुसन्धान अध्ययन गर्दै प्रमाणमा आधारित उपचार छनोट गर्ने ।
- Clinical practice guidelines / Outcome measures (जस्तै Numerical Pain Rating Scale) प्रयोग गर्ने ।
- बिरामीसँग सहकार्य गर्दै व्यावहारिक उपचार योजना बनाउने ।
- निरन्तर व्यवसायिक तालिममार्फत ज्ञान अद्यावधिक गर्ने ।

**सेवाग्राहीको भूमिकाः**

- उपचार विधि छनोटमा वैज्ञानिक प्रमाण र चिकित्सकको दक्षतालाई प्राथमिकता दिने ।
- परिणाम मूल्याङ्कनका लागि चिकित्सकले प्रयोग गरेका मापन उपकरणबारे जानकारी राख्ने ।
- औषधि वा उपकरणमा मात्र नभई व्यायाम, जीवनशैली सुधार र चिकित्सकको सल्लाहअनुसार अभ्यासमा जोड दिने ।

**निष्कर्षः** प्रमाणमा आधारित फिजियोथेरापी अभ्यासले बिरामीलाई दीर्घकालीन सुधार, स्वास्थ्य सुरक्षाको सुनिश्चितता र उपचारमा विश्वास बढाउने कार्य गर्छ । यसलाई प्रभावकारी बनाउन चिकित्सक, बिरामी र नियमनकारी निकाय सबैको सक्रिय भूमिका अपरिहार्य छ ।

# “The Heart’s silent Script” (ECG)



**Archana Mandal**
**Health Assistant**

Upon the chest, cold wires lay,
To trace, the heart in their own way.
A paper scroll, a jagged line,
Reveals a rhythm, yours and mine.

The p wave starts, a gentle rise,
Atrial motion, calm and wise.
Then comes QRS, bold and fast,
A pulse of strength that will not last.

T wave follows, smooth and low,
A sign the heart begins to slow.
Each beat recorded,stroke by stroke,
In curves that speak what can’t be spoke.

No words are said, yet much is known,
In waves the heart has softly shown.
The ECG, so small ,so still,
Can show a life , a pulse, a will.

# MEET Yourself



**Anisha Maharjan**
**Nursing Officer**

Namaste My name is.... you know?
A rehearsed line for people to show
Studied here, I worked there too
Beneath them all, do they really know you?

Beyond the bio, the grades, the role
Have I truly touched my soul?
Look in the mirror, face to see
Do I love the rawest me?

Am I proud of where I've been?
Do I honour myself, as an art of imperfect being?
The answer isn't just a "yes" or "no"
Them layered deep like a fallen snow.

We chase approval in digital air
Dress those wounds, leaving ours bare
We chase for money, love and fame
Yet lose ourselves, within the game.

We've all made choices we might regret
Moments we wish, we could forget
But beneath those cracks, growth can bloom
A scented candle light in self- made room.

So ask again what brings you peace?
Find out your favourite color shade at least
Spicy momo or thakali set with ghee
Favourite food that sets you free

So pause, take a deep breathe and begin
The best connection that lies within
Listen close to your own brave heart
That guides your steps to your truest start.

# मुस्कानको उज्यालो : दाँतको हेरचाह आजको आवश्यकता



**डा. विश्व दंगाल**
**डेन्टल सर्जन**

मानव स्वास्थ्यको संरचना अत्यन्त जटिल र सुक्ष्म छ, जसमा दाँतको भूमिका जीवनको आधारभूत अंगको रुपमा विशेष महत्व राख्दछ । दाँत केवल खाना चपाउने माध्यम मात्र होइन, यो हाम्रो अनुहारको सौन्दर्य, आत्मविश्वास र व्यक्तित्वको प्रतिक पनि हो । जब दाँत स्वस्थ र मजबुत हुन्छ, हाम्रो मुस्कान उज्यालो हुन्छ, हाम्रो पाचन प्रणाली दुरूस्त रहन्छ, र सम्पूर्ण स्वास्थ्य सन्तुलित रहन्छ । तर दन्त स्वास्थ्यको उपेक्षा गर्दा केवल दाँतमा समस्या मात्र आउँदैन; यसले मुख, पाचन प्रणाली, हृदय र अन्य अंगहरुमा समेत प्रत्यक्ष असर पुऱ्याउन सक्छ ।

आजको जीवनशैली, विशेषगरी चिनीजन्य तथा प्रशोधित खानेकुराको अत्यधिक सेवन, असन्तुलित आहार, धूमपान, मद्यपान र व्यस्ततालाई आधार मानेर भएको उपेक्षा दन्त स्वास्थ्यमा प्रतिकूल प्रभाव पारिरहेको छ । दन्त क्षय, मसूडा रोग, मुख दुर्गन्ध, दाँत हल्लिनु, दाँतको असमय झर्नु जस्ता समस्या सामान्य देखिए पनि, यदि समयमा उपचार नगर्ने हो भने दीर्घकालीन स्वास्थ्य जोखिम निम्त्याउन सक्छ । बालबालिका, किशोरकिशोरी, गर्भवती महिला, वृद्धवृद्धा तथा रोगप्रति संवेदनशील समूहमा यी समस्याहरु विशेष सतर्कता आवश्यक पार्दछन् ।

दन्त स्वास्थ्य सुरक्षित राख्नका लागि दैनिक दुई पटक ब्रस गर्ने, माउथवाश प्रयोग गर्ने, चिनीजन्य खाद्य पदार्थ सीमित गर्ने, धूमपान तथा मद्यपानबाट टाढा रहने र प्रत्येक ६ महिनामा दन्त चिकित्सकसँग जाँच गराउने अभ्यास अनिवार्य छ । यससँगै, दन्त स्वास्थ्यप्रतिको जनचेतना विद्यालय, समुदाय र स्वास्थ्य संस्थाहरु मार्फत फैलाउनु आवश्यक छ । यसले केवल व्यक्तिगत स्वास्थ्य सुधार मात्र नभई सामाजिक स्वास्थ्य स्तरमा पनि सुधार ल्याउँछ ।

चौतारा अस्पतालले दन्त स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै सम्पूर्ण सेवाग्राहीका लागि पहुँचयोग्य, गुणस्तरीय र समर्पित दन्त सेवा उपलब्ध गराउँदै आएको छ । यहाँ बिरामीहरुले दाँत दुखाइ, फोका, मसूडा समस्या, दाँत निकाल्ने, फिलिङ गर्ने, दन्त सरसफाइ र ब्रसिङ अभ्यास सिक्ने सुविधा सहज रुपमा पाउँछन् । अस्पतालको दन्त सेवा प्रणालीले ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई घरनजिकै विश्वसनीय दन्त उपचार सुविधा उपलब्ध गराएको छ ।

यस अतिरिक्त, दन्त स्वास्थ्य केवल शारीरिक स्वास्थ्यको लागि मात्र होइन, मानसिक र सामाजिक स्वास्थ्यका लागि पनि महत्वपूर्ण छ । स्वस्थ दाँतले आत्मविश्वासी मुस्कान दिन्छ, व्यक्तित्व उज्यालो बनाउँछ र सामाजिक अन्तरक्रियामा सहजता ल्याउँछ । बिरामीको मनोबल बढाउन, स्वस्थ मुस्कान कायम राख्न र जीवनस्तर उकास्न दन्त हेरचाह अनिवार्य छ ।

अन्तत दाँतको हेरचाह व्यक्तिगत मात्र नभई सामाजिक आवश्यकता हो । प्रत्येक नागरिकले दन्त स्वास्थ्यप्रतिको जागरुकता बढाउनु, नियमित जाँच गराउनु र उचित सावधानी अपनाउनु आजको आवश्यक जिम्मेवारी हाे। स्वस्थ दाँत, स्वस्थ शरीर र आत्मविश्वासी मुस्कान – यी तीनै दृष्ट्रान्तले जीवनलाई पूर्णता दिन्छ ।

# एक्स-रे (X-Ray)



**सुनिल कुमार साह**
**रेडियोग्राफर**

एक्स-रे आधुनिक स्वास्थ्य विज्ञानमा अत्यन्त महत्वपूर्ण खोज हो, जसले चिकित्सा क्षेत्रमा क्रान्ति ल्याएको छ। सन् १८९५ मा जर्मन वैज्ञानिक Wilhelm Conrad Rontgen ले आविष्कार गरेपछि रोगको पहिचान र उपचारमा नयाँ युग सुरू भयो।

एक्स-रे एक प्रकारको electromagnetic विकिरण हो, जसको धबखभभिलनतज अति छोटो हुन्छ। यसले मानव शरीरका tissues छेडेर हड्डी, दाँत वा अन्य गाढा संरचनाको स्पष्ट चित्र देखाउन सक्षम हुन्छ।

एक्स-रे गर्दा प्राविधिकले सुरक्षा उपायहरु अपनाउनुपर्छ, किनभने लामो समय वा उच्च मात्रामा एक्स-रे विकिरणले शरीरका कोशिकामा असर गर्न सक्छ। त्यसैले, आधुनिक एक्स-रे मेसिनमा विकिरणको मात्रा नियन्त्रण गर्ने प्रविधि प्रयोग गरिन्छ। आजको दिनमा, डिजिटल एक्स-रे प्रणालीका कारण छविहरु तुरून्तै हेर्न, कम्प्युटरमा भण्डारण गर्न र संसारको जुनसुकै ठाउँमा पठाउन सकिन्छ। यसले रोगको शीघ्र उपचारमा ठूलो योगदान पुर्याएको छ।

**चौतारा अस्पतालमा एक्सरे सुविधाः**

चौतारा अस्पतालको एक्स-रे विभागले यस वर्ष पनि सेवाको गुणस्तर, पहुँच र कार्यक्षमता बढाउँदै निरन्तर प्रगति गरेको छ। हाम्रो उद्देश्य स्पष्ट छ–रोगको सही पहिचान र समयमै उपचारको सुनिश्चितता।

**सेवाको अवस्थाः**

यस वर्ष, विभागले दैनिक सरासरी ४० भन्दा बढी बिरामीको एक्स-रे परीक्षण गरेको छ। सामान्य हड्डी भाँचिने अवस्थादेखि फोक्सोको रोग, पेटका समस्या, दाँत र जोर्नीसम्बन्धी रोगसम्म, सबै प्रकारका परीक्षणहरु सफलता पूर्वक सम्पन्न गरिएका छन्।

**प्राविधिक सुधारः**

यो वर्ष हामीले डिजिटल एक्स-रे प्रणाली प्रयोगमा ल्याएका छौं, जसको माध्यमबाट छविहरु (images) तुरून्तै कम्प्युटरमा हेर्न र आवश्यकता अनुसार अन्य विभाग वा अस्पतालमा पठाउन सकिन्छ। यसले रिपोर्टिङ प्रक्रिया द्रुत र सहज बनाएको छ ।

**सुरक्षा र मापदण्डः**

हामीले विकिरण सुरक्षा मापदण्डहरुलाई कडाइका साथ पालना गर्दै आएका छौं। लेड एप्रोन, थायराइड प्रोटेक्टर र न्यूनतम विकिरण मात्राको प्रयोग हाम्रो प्राथमिकता हो । बिरामी र कर्मचारी दुवैको स्वास्थ्य सुरक्षित राख्न विशेष ध्यान दिइएको छ ।

**उपलब्धिः**

चौतारा अस्पतालले उच्च गुणस्तरको एक्सरे सेवा प्रदान गर्दै आएको छ, जसले बिरामीहरुको विश्वास जितेको छ । हाम्रो उद्देश्य भनेको सबैलाई सस्तो, सुरक्षित र विश्वसनीय स्वास्थ्य सेवा उपलब्ध गराउनु हो । यस प्रविधिको प्रयोगले हामीलाई अझै धेरै जटिल समस्या समाधान गर्न सक्षम बनाएको छ र हाम्रा चिकित्सकहरुलाई सही र समयमा उपचार गर्न मद्दत गरेको छ ।

हामी हाम्रा सम्पूर्ण स्टाफ, प्राविधिक र स्वास्थ्यकर्मीहरुलाई यस सेवा प्रवाहमा समर्पित र मेहनती भएकोमा गर्व गर्दछौं । हाम्रो निरन्तर प्रयास छ कि चौतारा अस्पताल अझ उन्नत र विश्वसनीय सेवा प्रदान गर्न सकोस्, र हाम्रा बिरामीहरु स्वस्थ र खुशी जीवन बिताउन सकुन् ।

**Fun section:**

- डाक्टरः “हेर, तिम्रो छातीको एक्स-रे यस्तो आएको छ ।”
- बिरामीः “ओहो ! यस्तो त मैले कहिले देखेको नै थिइनँ ।”
- डाक्टरः “अनि त यो तिम्रो भित्रको फोटो हो, तिम्रो फेसबुक प्रोफाइल फोटो होइन ।”

“एक्स-रे भनेको त्यो हो जसले ‘कसैले देख्नु हुँदैन’ भन्ने कुरा पनि ठ्याक्कै देखाइदिन्छ ।”

# साधारण चौताराको असाधारण हृदय र विशाल कथा....!!



**दिपिका खड्का**
**नर्सिङ अधिकृत**

चौतारा अस्पताल अलग छ,
मेरो लागि विशेष उत्तिकै ।
यहाँको कथा, मेरो लागि छुट्टै छ ।
यो कुनै सामान्य ठाउँ मात्र होइन
मेरा डर, द्वन्द्व, अनि परिवर्तनको साक्षी हो
चौतारा ।
यो अपरिचित ठाउँ,
हृदयमा चिसोपनको भारी,
मनको अस्वीकार,
र अनेकौं प्रश्नहरु बोकेर
आएकी थिएँ
किन यहाँ?
किन म?

सधैं सहजता रोज्ने मलाई,
नचाहँदा नचाहँदै,
लतार्दै, घिसार्दै
पठाइएको ठाउँ हो चौतारा ।

अनेक प्रश्नहरुको उत्तर नपाउँदै,
वा भनौं प्रश्नहरु नसकिँदै,
यस ठाउँले मलाई
सुस्तरी केही सिकाउन थाल्यो
शान्त रहन,
धैर्य गर्न,
र परिवर्तन स्वीकार गर्न ।

काठमाडौंदेखि भक्तपुरसम्मको
सानो यात्रा
आफ्नै निजी साधनमै पनि
कष्टपूर्ण लाग्ने मलाई,
अब चौतारा र काठमाडौं,
पानी पँधेरो लाग्न थालेको छ ।

यो ठाउँले मलाई
कुवा बाहिरको पोखरीमा पनि
अनन्त शान्ति र आनन्द हुन्छ भन्ने
महसुस गराएको छ ।
सहजता बाहिर पनि सहज हुन सिकाएको छ ।

खाली डर र रिसको भारी बोक्दै आएकी म,
यहाँबाट थुप्रै लिएर जानेछु
शान्तिको अनुभूति,
र धेरै धेरै धैर्यताको पाठ ।

यहाँका प्रत्येक व्यक्ति,
प्रत्येक अनुहार,
घरजस्तै न्यानो ।
यो ठाउँ
र यहाँ भेटिएका
हरेक पात्र,
विशेष हुनेछन् मेरो लागि,

- सधैंका लागि ।

अहिले म बुझ्दैछु
चौतारा केवल मेरो कथा होइन,
सयौं, हजारौंका कथा हो ।
यो विशेष छ
मेरो लागि मात्रै होइन,
यहाँका प्रत्येक मानिसका लागि ।

चौताराका अनेकौं पाटोहरुमध्ये
अर्को पाटो
हेर्दा सानो लाग्छ,
साँचिकै सानो हो यदि ठूला संस्थानसँग तुलना गरियो भने।
तर यसको महत्त्व अपार छ,
यहाँ आउनेहरुका लागि,
अन्त जान नसक्नेहरुका लागि
र अन्तबाट यहाँ पठाइएकाहरुका लागि ।

जब सोधिन्छ मानिसलाई
"किन आउनुभएको अस्पताल ?"
जवाफ प्रायः हुन्छ
"गाह्रो भएर।"

अस्पतालमा आउने गाह्रो भएर नै हो,
तर चौतारामा आउनुको गाह्रो
फरक लाग्छ मलाई ।
मैले नभोगेको मेरो कल्पनाभन्दा बाहिरको गाह्रो।

एक दिन मैले बिरामीलाई सोधैं
"किन आउनुभएको ?"
उहाँले भन्नुभयो
"घरमा बत्ति छैन, सास फेर्न गाह्रो भयो ।"

दमका बिरामीका लागि,
सामान्य बत्ती नहुँदा रोकिएको
सास हो चौतारा ।

घरमा अक्सिजनको व्यवस्था गर्न नसकुन्जेल,
बिरामीका लागि
जीवनको विकल्प हो चौतारा ।

असार-साउनको रोपाइँ सकेर
घाउचोट लागेका किसानका लागि,
मलम पट्टी हो चौतारा ।

सुत्केरीलाई व्यथा लाग्दा,
घरधन्दा सकेर
बच्चा जन्माउने, ठाउँ हो चौतारा ।

बुढाबुढीलाई,
आफ्नै गाउँमा रोगको भारी बिसाउने
अन्तिम आशा हो चौतारा ।

पैसा नभएकाहरुका लागि,
अन्त कतै जानु नपर्ने
सहजता हो चौतारा ।

यहाँ आउनेका लागि
उपचार पाउने घर पछिको घर
र यो बनाउनेहरुका लागि
सगरमाथा हो चौतारा
मजस्ताका लागि
जीवन जिउने कला सिकाउने पाठशाला हो चौतारा ।

ठूलो ठाउँका लागि कुवा सरह,
सानो ठाउँका लागि समुद्र हो चौतारा,
सयौंको नजरमा सामान्य लाग्ने अस्पताल,
हजारौंका लागि वरदान हो चौतारा ।

जसले दिन खोजेको छ मानवता, पहुँच, सेवा, र समर्पण।

ठूलो अस्पताल लानुपर्ने अवस्था आयो भने,
चौताराको कथा फेरि बदलिन्छ।
त्यो बेला
मन दुख्ने पाटो पक्कै छ।

त्यसैले अझ धेरै बाँकी छ बन्न,
तर पछाडि फर्केर हेर्दा
चौताराले आफ्नै अनुहार फेरिसकेको छ।
र भोलिको दिनमा
चौताराले अर्को सगरमाथा हासिल गर्ने निश्चित छ।

मेरो नजरमा चौतारा अलग छ
मेरो लागि, र अरुका लागि पनि
विशेष उत्तिकै।

जहाँ डर शान्तिमा,
असहजता स्वीकृतिमा,
र सेवा संवेदनामा परिणत हुन्छ।

मेरो लागि पाठ,
सरकारका लागि सोच,
सेवा लिनेका लागि सहजता,
र सेवा दिने सबैकालागि सच्चा भावना हो - चौतारा...!!

# रगत परीक्षणः स्वास्थ्यको पहिलो कदम - बिरामीका दृष्टिकोणबाट



**अदित्या वस्नेत**
**ल्याव टेक्नोलोजिष्ट**

रगत परीक्षण स्वास्थ्य जाँचको आधारभूत प्रक्रिया हो । यसमा बिरामीको रक्तको सानो नमूना लिएर त्यसमा विभिन्न प्रकारका परीक्षण गरिन्छ, जसबाट शरीरभित्रको अवस्था स्पष्ट देखिन्छ । रगत परीक्षणले अंगहरुको कार्यक्षमता, पोषक तत्वको स्तर, संक्रमणको उपस्थिती, रोग पहिचान, र औषधिको प्रभावकारिता जस्ता महत्वपूर्ण जानकारी दिन्छ । रगत हाम्रो शरीरको जीवनदायी तरल पदार्थ हो, जसले प्रत्येक कोषिकामा अक्सिजन, पोषक तत्व र हर्मोन पुऱ्याउँदै शरीरलाई स्वस्थ राख्छ । बिरामीहरु प्रायः प्रश्न गर्छन् "रगतमा के हुन्छ र यो किन महत्वपूर्ण छ ?" रगतमा मुख्य चार अंश हुन्छन्ः

- रातो रक्तकोषः फोक्सोबाट अक्सिजन लिएर शरीरका सबै भागमा पुऱ्याउँछ र कार्बन डाइअक्साइड फिर्ता ल्याउँछ ।
- सेतो रक्तकोषः शरीरका सिपाहीझैँ, संक्रमण र रोगसँग लड्छ ।
- प्लेटलेट्सः चोटपटकमा रगत जम्न मद्दत गर्छ र धेरै रगत बग्नबाट रोक्छ ।
- प्लाज्माः पहेंलो तरल पदार्थ जसले पोषक तत्व, हर्मोन र शरीरका आवश्यक अङ्गहरुमा सन्देश पुऱ्याउँछ ।

औसत वयस्क शरीरमा ४-६ लिटर रगत हुन्छ, जुन शरीरको आकार र तौलअनुसार फरक पर्न सक्छ। यो मात्र शरीरको कुल तौलको लगभग ७-८% हुन्छ ।
रगत परीक्षण किन आवश्यक छ ?

धेरै बिरामीले सोध्छन् "सिधै औषधि किन दिइँदैन, रगत परीक्षण गर्नु जरूरी किन ?" रगत परीक्षण स्वास्थ्यको पहिलो कदम हो ।

- स्वास्थ्य समस्या पहिचानः रगत परीक्षणले प्रारम्भिक अवस्था वा लुकेको रोग पत्ता लगाउँछ, जस्तै संक्रमण, मधुमेह वा एनीमिया ।
- सही औषधि निर्धारणः हरेक व्यक्तिको शरीर फरक हुन्छ। परीक्षणले चिकित्सकलाई आवश्यक खुराक निर्धारण गर्न मद्दत गर्छ ।
- साइड-इफेक्टबाट सुरक्षाः कतिपय औषधिले प्रतिक्रिया दिन सक्छ। परीक्षणले चिकित्सकलाई सुरक्षित उपचार सुनिश्चित गर्न सहयोग गर्छ ।
- दीर्घकालीन निगरानीः यदि दीर्घरोग छ भने, परीक्षणले उपचार प्रभावकारिता र आवश्यक परिवर्तन निर्धारण गर्न मद्दत गर्छ ।

**बिरामीका सामान्य जिज्ञासा**

साचिकै मेरो शरीरमा कति रगत छ ?

- ➢ औसत वयस्कमा ४-६ लिटर रगत हुन्छ । यो शरीरको तौल र आकार अनुसार फरक पर्न सक्छ ।

रगत तान्दा के हुन्छ ?

- ➢ अस्पतालमा आवश्यक मात्रामा मात्र रगत लिएर परीक्षण गरिन्छ । यसले स्वास्थ्यमा कुनै नोक्सान गर्दैन, रगत पुनः उत्पादन हुन्छ ।

**ल्याब स्टाफको भूमिका**

ल्याब स्टाफले बिरामीको स्वास्थ्य परीक्षण गर्न विभिन्न उपाय अपनाउँछन्:

- रोग पहिचानः संक्रमण, मधुमेह, एनीमिया वा अन्य स्वास्थ्य समस्या ।
- अङ्गहरुको कार्यक्षमताः मृगौला, कलेजो र अन्य अंगहरुको अवस्था ।
- पोषक तत्व मूल्याङ्कनः फलाम, भिटामिन, क्याल्सियम जस्ता आवश्यक तत्वहरुको स्तर ।
- जोखिम मूल्याङ्कनः उच्च कोलेस्ट्रोल, मधुमेह र अन्य रोग जोखिम ।

**बिरामीका लागि सन्देश**

रगत परीक्षण केवल औषधि दिनु अघि गर्ने प्रक्रिया होइन, बरू स्वास्थ्यको सुरक्षा, निगरानी र दीर्घकालीन जीवन सुधारको आधार हो । तपाईंले उपचार विधि, मापन उपकरण र चिकित्सकको दक्षता बुझ्न आवश्यक छ । चिकित्सकले निरन्तर तालिम लिएको छ वा अद्यावधिक ज्ञान प्रयोग गर्दैछ कि छैन भन्ने कुरा पनि महत्त्वपूर्ण छ ।

रगत परीक्षण बिरामी-केन्द्रित स्वास्थ्य सेवाको पहिलो र सबैभन्दा महत्वपूर्ण कदम हो । यसले उपचारको प्रभावकारिता सुनिश्चित गर्छ, स्वास्थ्य जोखिम घटाउँछ र प्रत्येक व्यक्तिलाई सुरक्षित, स्वस्थ र विश्वासिलो जीवनतर्फ अग्रसर बनाउँछ । चौतारा अस्पतालमा यो सेवा आधुनिक, सुरक्षित र वैज्ञानिक प्रमाणमा आधारित रुपमा सञ्चालन भइरहेको छ, जसले बिरामीको जीवनमा सधैं सकारात्मक प्रभाव पार्ने विश्वास दिलाउँछ ।

# हाम्रो अस्पताल – आशाको उज्यालो



**सुनिल कुमार यादव**
**एनेस्थेसिया निरिक्षक**

हाम्रो अस्पताल राम्रो अस्पताल,
सेवामा समर्पण, न्यानो व्यवहारको लाल ।
जहाँ बिरामी बन्छ केन्द्र, सेवा बन्छ धर्म,
प्रेम र जिम्मेवारीले सजिन्छ यो मर्म ।

गेटबाट भित्र पस्दा देखिन्छ अनुहार हर्षित,
सफाइ, अनुशासन, अनि आत्मीयता प्रष्ट प्रकटित ।
सामान्य चेकजाँच होस् या आकस्मिक उपचार,
सबैलाई मिल्नेछ गुणस्तरी सेवाको उपहार ।

सफा ओछ्यान, जाँचको सरल तरिका,
औषधिको व्यवस्था, समयमै गरिन्छ पहुँचमा ।
नर्स र डाक्टर, हरेक पल रहन्छन् सजग,
एकै स्वरमा भन्छन् – “हामी छु हजुरसँग ।”

जन्मदेखि वृद्धसम्म, सबैको माया पाए,
शिशु रोएर आयो, आमाको मनले शान्ति पाए ।
बूढा बा-आमालाई यहाँ सान्त्वना मिल्छ,
दुःखको घडीमा अस्पताल नै साथी बन्छ ।

सिन्धुबासीको स्वास्थ्य सुधारमा बन्छ टेवा,
निस्वार्थ सेवामा सबै समर्पित छन् भन्छ रे कथा ।
हामी रहन्छौं गम्भीर, हामी राख्छौं भरोसा,
यस अस्पतालबाट कहिल्यै नहट्छ उज्यालो भरोसा ।

प्रत्येक विभाग, हरेक शाखा,
प्रगतिको पाटो, सेवामा राख्छ लक्ष्य साखा ।
प्रशासन देखि ल्याब, फार्मेसीदेखि सर्जरी,
संगठित प्रयासले ल्याउँछ परिणाममा ऊर्जा भरि ।

आज होइन केवल आजको लागि,
यो अस्पताल समर्पित छ भोलिका लागि ।
सुधार, नवप्रवर्तन, समन्वय र संवाद,
यही त हो – हाम्रो अस्पतालको विशेष संवाद ।

हाम्रो अस्पताल, राम्रो अस्पताल,
जहाँ बिरामीको पिर बन्छ साझा सवाल ।
गुणस्तरीय सेवा हाम्रो पहिचान,
सिन्धुबासीको स्वास्थ्य हाम्रो अभियान ।

# जीवनको दोस्रो अवसरः चौतारा अस्पतालको निशुल्क हेमोडायलाइसिस सेवा




**डा. विवेक श्रेष्ठ**
**मेडिकल अधिकृत**


मानव जीवनको मूल्य कुनै पनि सम्पत्तिभन्दा अमूल्य हुन्छ। तर, मृगौला रोगले ग्रस्त व्यक्तिहरुको जीवन दैनिक संघर्ष र कष्टपूर्ण यात्रामा परिणत हुन्छ। नियमित हेमोडायलाइसिस बिना उनीहरुको जीवन असम्भव जस्तै हुन्छ। आर्थिक कठिनाइ, सेवा सुविधाको कमी र उपचारको उच्च खर्चका कारण धेरै बिरामीहरुले जीवन र मृत्युबीचको कठिन यात्रालाई विवशतापूर्वक भोगिरहेका हुन्छन्। यसै चुनौतीलाई दृष्टिगत गर्दै चौतारा अस्पताल, सिन्धुपाल्चोकले निशुल्क हेमोडायलाइसिस सेवा सुरू गरेको छ, जसले बिरामीलाई नयाँ आशा, नयाँ ऊर्जा र जीवनप्रतिको विश्वास दिएको छ।

मिति २०८१ असोज ६ गतेदेखि सुरू गरिएको यस सेवाबाट हाल ३ जना बिरामीले नियमित उपचार लिइरहेका छन्। उनीहरु प्रत्येक हप्ता अस्पतालमा उपस्थित भई निर्धारित समय अनुसार हेमोडायलाइसिस गराउँछन्, जसले उनीहरुको स्वास्थ्यलाई स्थिर राख्न, दैनिक जीवनलाई सहज बनाउन र आत्मविश्वासलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

यो सेवा केवल उपचार मात्र होइन, "जीवनको दोस्रो अवसर" हो। यसमार्फत चौतारा अस्पतालले आर्थिक रुपमा कमजोर वर्गलाई समेत गुणस्तरीय उपचारमा पहुँच दिलाउँदै स्वास्थ्यमा समानता र न्यायलाई व्यवहारमा उतारेको छ। बिरामीहरुले यस सेवाबाट लाभ लिनका लागि केही महत्वपूर्ण नियमहरुको पालना गर्नुपर्छ–जस्तै अपोइन्टमेन्ट अनुसार समयमा उपस्थित हुनु, चिकित्सकलाई आफ्नो सम्पूर्ण स्वास्थ्य विवरण ईमानदारीका साथ उपलब्ध गराउनु, खानपानमा चिकित्सकले तोकेको परामर्श पालना गर्नु, र आकस्मिक अवस्थामा तुरून्त स्वास्थ्यकर्मीलाई जानकारी दिनु। यी नियमहरुको पालनाले उपचारलाई अझ सुरक्षित, प्रभावकारी र सहज बनाउँछ।

यस सेवाको प्रभाव केवल तीन जनामै सीमित छैन, यो समग्र समाजलाई सन्देश दिन्छ, स्वास्थ्य सेवा कुनै विशेष वर्गको अधिकार होइन, बरू प्रत्येक नागरिकको मौलिक अधिकार हो । चौतारा अस्पतालले सञ्चालन गरेको निशुल्क हेमोडायलाइसिस सेवा यस अधिकारलाई व्यवहारमा उतार्ने जीवन्त उदाहरण बनेको छ । यस सेवाबाट लाभान्वित बिरामीहरुको जीवनमा आएको परिवर्तनले अरू धेरैलाई पनि प्रेरणा दिएको छ कि रोगसँग संघर्ष गर्नु भनेको हार मान्नु होइन, बरू उपचार, अनुशासन र विश्वासमार्फत नयाँ जीवन सम्भव छ ।

यसरी हेर्दा, चौतारा अस्पतालको यो पहल केवल स्वास्थ्य उपचारको अध्याय मात्र होइन, बरू मानवता, करूणा र सामाजिक उत्तरदायित्वको दस्तावेज हो। निशुल्क हेमोडायलाइसिस सेवा चौतारा अस्पतालको प्रतिबद्धताको प्रतिक हो । जहाँ प्रत्येक बिरामीलाई जीवनमा दोस्रो अवसर दिलाउने अभिप्रायले अस्पतालले आफूलाई निरन्तर समर्पित गरिरहेको छ ।

# जीवनलाई जोड्ने कडी : चौतारा अस्पताल फार्मेसी



**सुस्मीता तामाङ**
**फार्मेसी अधिकृत**

चौतारा अस्पताल, सिन्धुपाल्चोकले जिल्लावासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने क्रममा फार्मेसी सेवालाई अत्यन्तै प्राथमिकताका साथ सञ्चालन गर्दै आएको छ । अस्पताल भनेको केवल उपचारको स्थान मात्र होइन, यो त आशा, विश्वास र जीवनको पुनर्जन्म हुने स्थल हो । अस्पतालको फार्मेसी केवल औषधि वितरण केन्द्र मात्र नभई, उपचारलाई सफल बनाउन सहयोग गर्ने जीवनदायिनी कडीका रुपमा रहेको छ । यस विशाल यात्रामा फार्मेसीलाई उपचारको आत्मा वा धडकन भन्न सकिन्छ । औषधि बिना उपचार अधुरो हुन्छ, सही औषधि बिना उपचार असफल हुन्छ, र समयमै औषधि बिना उपचार असम्भव हुन्छा यही गहिरो सत्यलाई आत्मसात् गर्दै, चौतारा अस्पताल, सिन्धुपाल्चोकको फार्मेसी सेवाले विगतका वर्षदेखि निरन्तर जीवनलाई जोड्ने कडीको काम गर्दै आएको छ ।

१. **औषधि उपलब्धता र व्यवस्थित आपूर्ति**

चौतारा अस्पतालको फार्मेसीले बिरामीलाई आवश्यक पर्ने औषधिहरु समयमै र उचित मात्रामा उपलब्ध गराउँदै उपचारलाई जीवन्त बनाइरहेको छ । औषधिको भण्डारण, गुणस्तर नियन्त्रण र शीत श्रृंखला (cold chain) व्यवस्थापनमा अस्पताल फार्मेसीले महत्वपूर्ण योगदान पुर्‍याइरहेको छ, जसले आपतकालीन अवस्था वा नियमित उपचार दुवैमा सहज सेवा सुनिश्चित गर्दछ ।

२. **सही औषधि प्रयोगमा सहयोग**

डाक्टरले रोग पत्ता लगाउँछन्, नर्सले सेवा गर्छिन्, र फार्मेसीले उपचारलाई पूर्णता दिन्छ । चौतारा अस्पतालमा औषधि वितरण मात्र होइन, बिरामीलाई कसरी सेवन गर्ने, कुन समयमा खाने, कुन असर आउन सक्छ भन्ने ज्ञान दिइन्छा यसले बिरामीलाई सुरक्षित बनाउँछ र उपचारलाई सफलतामा रुपान्तरण गर्छ । आवश्यक परामर्श दिई बिरामीलाई सही औषधि, सही मात्रा र सेवन गर्ने उचित तरिका बताइन्छ । यसले औषधिको दुष्प्रभाव कम गर्ने, उपचारलाई प्रभावकारी बनाउन सहयोग गर्ने र बिरामीलाई थप सुरक्षित बनाउने काम गरेको छ ।

३. **गुणस्तरीय स्वास्थ्य सेवामा योगदान**

गुणस्तरीय स्वास्थ्य सेवा भनेको केवल भवन वा उपकरण होइन, औषधिको प्रभावकारी व्यवस्थापन पनि हो । चौतारा अस्पतालको फार्मेसीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड

अनुसार औषधि खरिद, भण्डारण र वितरण गर्दै आएको छ । यसले अस्पताल सेवाको विश्वसनीयता र गुणस्तर वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

**४. आर्थिक पारदर्शिता र स्रोत साधनको सदुपयोग**

औषधि खरिद र वितरण प्रक्रियामा पारदर्शिता कायम गर्दै, फार्मेसीले स्रोत साधनको दुरूपयोग रोक्ने मात्र होइन, सीमित स्रोतलाई अधिकतम सदुपयोग गर्ने काम गर्दै आएको छ । यसले अस्पतालको आर्थिक व्यवस्थापनलाई मजबुत बनाउन पनि सहयोग पुऱ्याएको छ । चौतारा अस्पताल फार्मेसीले औषधि खरिददेखि वितरणसम्म इमान्दार र पारदर्शी ढंगले कार्य गर्दै आएको छ, जसले गर्दा बिरामीले सस्तो, सुरक्षित र गुणस्तरीय औषधि पाउने वातावरण सुनिश्चित भएको छ ।

**५. सार्वजनिक स्वास्थ्य कार्यक्रममा भूमिका**

फार्मेसीको भूमिका केवल व्यक्तिगत उपचारमा मात्र सीमित छैन । चौतारा अस्पतालले क्षयरोग, मधुमेह, उच्च रक्तचाप, कुष्ठरोग उपचार, खोप अभियान लगायत सार्वजनिक स्वास्थ्य कार्यक्रमलाई आवश्यक औषधि तथा सामग्री उपलब्ध गराउँदै आएको छ । यसरी, फार्मेसीले व्यक्तिगत स्वास्थ्यदेखि लिएर सामूहिक स्वास्थ्य सुरक्षासम्मको यात्रा तय गरेको छ ।

चौतारा अस्पतालको फार्मेसी केवल एउटा विभाग होइन–यो त जीवनलाई जोड्ने कडी हो । बिरामीलाई जीवनदायिनी औषधि उपलब्ध गराउने मात्र नभई, उनीहरुको विश्वास र आशालाई जोड्ने माध्यम बनेको छ । भविष्यमा अझ प्रविधिमैत्री, आधुनिक र प्रभावकारी फार्मेसी सेवा विस्तारसहित, चौतारा अस्पतालले जिल्ला मात्र नभई सम्पूर्ण प्रदेशकै लागि उदाहरणीय स्वास्थ्य संस्था बन्ने विश्वास गरिएको छ ।

# आँखाः हाम्रो जीवन साथी : आजैदेखि ध्यान दिऔं



**बन्दना अर्याल**
**अप्टिसियन अधिकृत**

आँखा हाम्रो शरीरको अमूल्य उपहार हो । जीवनका सबै सुन्दर रंग, आकार, र अनुभवहरुलाई बुझ्न, पढ्न, लेख्न, काम गर्न, र वरिपरिको संसारलाई चिन्न आँखा अपरिहार्य हुन्छ । आँखा बिनाको जीवन अन्धकारमय हुन्छ भन्ने कुरा जो-कोहीलाई थाहा छ । तर, दुर्भाग्यवश, धेरैजसो बिरामीले आँखाको हेरचाह तब मात्र गर्छन् जब समस्या सुरू भइसकेको हुन्छ । त्यसैले आजैदेखि आँखा हाम्रो जीवन साथी भनेर यसको हेरचाह गर्न सुरु गर्नु अत्यावश्यक छ ।

**आँखा हेरचाह किन आवश्यक ?**

दृष्टि जोगाउन - उमेर बढ्दै जाँदा वा विभिन्न रोगका कारण दृष्टि धमिलो वा कमजोर हुन्छ । मोतीबिन्दु, कालोपानी (ग्लुकोमा), मधुमेहसँग सम्बन्धित आँखा समस्या जस्ता रोगहरु सुरूवाती चरणमै पत्ता लगाउन सके दृष्टि जोगाउन सकिन्छ ।

बालबालिकामा दृष्टि समस्या रोक्न : धेरै बच्चाले दृष्टि कमजोर भए पनि भन्न सक्दैनन् । पढाइमा कमजोरी, टिभी नजिकै बस्ने, अक्षर नचिन्ने जस्ता संकेत देखिएमा तत्काल आँखा जाँच गर्नुपर्छ । यसले उनीहरुको शैक्षिक र मानसिक विकासमा ठूलो सहयोग पुऱ्याउँछ ।

जीवनशैलीका असरहरु कम गर्न - कम्प्युटर, मोबाइल, वा टिभी लामो समय प्रयोग गर्दा आँखामा थकान, सुख्खापन र टाउको दुख्ने समस्या हुन्छ । आराम, व्यायाम र आवश्यक परे चिकित्सकको सल्लाह अनुसार आँखा ड्रप प्रयोग गर्दा यी समस्या घट्छन् ।

उमेरसँगै बढ्ने चुनौती नियन्त्रण - ४० वर्षपछि चश्माको आवश्यकता पर्न सक्छ । मोतीबिन्दु, कालोपानी वा अन्य रोगको सम्भावना बढ्ने भएकाले नियमित आँखा परीक्षण अनिवार्य हुन्छ ।

अन्य रोगसँगको सम्बन्ध - मधुमेह, उच्च रक्तचाप वा मुटु सम्बन्धी समस्या भएका बिरामीलाई आँखा बिग्रिने खतरा बढी हुन्छ। यसैले यस्ता बिरामीले वर्षमा कम्तीमा एक पटक आँखा परीक्षण गराउनुपर्छ ।

**बिरामीले ध्यान दिनुपर्ने कुराहरु**

- आँखामा निरन्तर रातोपन, धमिलो देखिने, वा दुख्ने लक्षण देखिएमा ढिला नगरी अस्पताल जाने ।
- आफैंले मनलाग्दी औषधि वा आई ड्रप प्रयोग नगर्ने ।
- चिकित्सकको सल्लाहबिना चश्मा लगाउन वा बदल्न नखोज्ने ।
- बालबालिकाको दृष्टि समस्या बेवास्ता नगर्ने ।
- बुढेसकालमा ६-१२ महिनामा एकपटक आँखा जाँच गर्नुपर्छ भन्ने कुरा बुझ्ने ।

**आँखालाई स्वस्थ राख्ने उपाय**

- पर्याप्त निद्रा र आराम गर्ने ।
- पानी प्रशस्त पिउने ।
- हरियो सागपात, गाजर, आँप, दूध, अण्डा जस्ता भिटामिन 'ए' युक्त खाना खाने ।
- धुलो, धुवाँ, रसायन वा घाममा काम गर्दा सुरक्षात्मक चश्मा प्रयोग गर्ने ।
- मोबाइल र कम्प्युटर लामो समय प्रयोग गर्दा बीचबीचमा आँखा आराम दिने ।

**निष्कर्ष** : आँखा हाम्रो जीवन साथी मात्र होइन, उज्यालो जीवनको आधार हो । आजैदेखि यसको हेरचाह सुरू गरौं– नियमित जाँच गरौं, सन्तुलित खाना खाऔं, र सुरक्षामा ध्यान दिऔं । यसरी सजग भएर बाँच्दा दृष्टि सुरक्षित हुन्छ, जीवन अझै उज्यालो र स्वतन्त्र हुन्छ ।

# प्रयोगशाला (Laboratory)
# चौतारा अस्पताल स्थित प्रयोगशाला



**सिता श्रेष्ठ**
**मेडिकल ल्याव टेक्नोलोजिष्ट**

प्रयोगशाला विभिन्न प्रकारका हुन्छन । जस्तै : Research Laboratories, Development Laboratories ,Test Laboratries त्यसमध्ये अस्पतालमा संचालन हुने प्रयोगशाला भन्नाले यस्तो स्थानलाई बुझाउछ जहाँ विभिन्न वैज्ञानिक, चिकित्सकिय तथा अनुसन्धान सम्बन्धि विभिन्न नमुनाहरुको परिक्षण ,विश्लेषण र अध्ययन गरिन्छ। प्रयोगशालामा विभिन्न रसायनहरुको प्रयोग गरेर उच्चस्तरीय मेसिनहरुको प्रयोग गरेर विभिन्न नमुना जस्तैः रगत, दिशा, पिसाव, खकार, विर्य, विभिन्न फ्लुडहरु CSF,Peritonial fluid,Amnotic fluid आदि परिक्षण गरेर नतिजाहरु निकालिन्छ र यसै प्रयोगशालाबाट निस्कने नतिजाको आधारमा चिकित्सकहरुलाई उपचारमा ठूलो योगदान पुग्ने गर्दछ । प्रयोगशालाको मुख्य उद्देश्य भनेको रोगहरुको पहिचान गर्नु र उपचारमा सहयोग गर्नु हो । त्यसैले पनि प्रयोगशालालाई चिकित्सा क्षेत्रको महत्वपूर्ण मेरूदण्डको रूपमा लिइन्छ । प्रयोगशालामा गरिने परिक्षणहरुको दैनिक रूपमा आन्तरीक र समय समयमा बाहय गुणस्तर नियन्त्रण गर्नु जरूरी हुन्छ। जुन यस चौतारा अस्पतालमा प्रयोगशालाले गर्ने गरिरहेको छ । यस अस्पतालको रेकडिङ्ग र रिपोटङ्ग प्रणालीबाट समेत हरेक दिन, हप्ता, महिना र वार्षिक रूपमा हेर्न सकिन्छ ।

यस अस्पतालमा रहेको प्रयोगशाला विभागमा न्यून जनशक्तिले अत्याधुनिक प्रयोगशाला सेवा दिएर प्रयोगशाला क्षेत्रमा गरिने विभिन्न विधासँग सम्बन्धित परिक्षणहरु दैनिक रूपमा गर्ने गरेको छ । जस्तैः

१. Hematology: यस विभाग अन्तर्गत रक्त नमुना संकलन गरी CBC टेस्ट जसमा HB , Tc, DC Platlets, RBC,PCV,ESR त्यसैगरी Blood group, Malaria लगायतका टेस्टहरु दैनिक रूपमा जाँच भइरहेको छ ।

२. Bio-Chemistry: यस विभाग अन्तर्गत विभिन्न Bio-Chemical जस्तै Sugar, Urea, Cratinine, $Na^{+}$ /$K^{-}$, LFT, Lipid Profile, Enzyme test, hormone test हरु भइरहेको छ ।

३. Immuniological and Serological: यस विभाग अन्तर्गत HIV, HBSAg, VDRL, Widal, Mantoux, CRP, PTINR, RA, ASO आदि टेस्टहरु हुने गरेको छ ।

४. Microbiology: यस विभाग अन्तर्गत Sputum AFB and Gene Xpert संचालनमा रहेको छ । Culture सेवा निकट भविष्यमा सुरू हुने अवस्थामा रहेको छ ।

# स्वास्थ्य बीमामा अस्पतालको सुनौलो भूमिका



**पुरूसोतम कुमार दास**
**अ.हे.व.**

स्वास्थ्य सेवाको यात्रा, उपचारको प्रक्रियाभन्दा पनि मानव जीवनमा आशा र विश्वासको पुनःजागरण हो । यही आशा र विश्वासलाई दिगो बनाउने एउटा महत्वपूर्ण आधार हो स्वास्थ्य बीमा, यस योजनाले "असहायलाई सहारा, विपन्नलाई उपचार" भन्ने भावनालाई व्यवहारमा उतार्ने काम गर्छ र, यस भावनाको उज्यालोलाई जनमानससम्म पुऱ्याउने सबल पुलको रुपमा अस्पताल उभिन्छ ।

अस्पताल, सेवा प्रदायक मात्र होइन, स्वास्थ्य बीमा अभियानको सशक्त सहयात्री हो । बिरामीको उपचारकक्षमा, दर्ता कक्षको झ्यालभित्र, वा स्वास्थ्य शिविरको मंचमा अस्पतालले बीमाको महत्व र यसको जीवनमा पर्ने सकारात्मक प्रभावबारे सन्देश फैलाउँछ । प्रत्येक स्वास्थ्यकर्मी, प्रत्येक वार्ड, र प्रत्येक उपचारको क्षणले जनचेतना जगाउने अवसर बोकेको हुन्छ ।

सुदृढ स्वास्थ्य बीमाका लागि अस्पतालले तीन मूल भूमिका निर्वाह गर्छ पहिलो, बीमित सेवाग्राहीलाई गुणस्तरीय, समयमै र सम्मानपूर्वक सेवा दिनु; दोस्रो, बीमा दावी प्रक्रिया पारदर्शी र व्यवस्थित राख्नु; र तेस्रो, बीमा व्यवस्थापन निकायसँग निरन्तर सहकार्य गर्दै प्रणालीको सुधारमा सुझाव र तथ्याङ्क उपलब्ध गराउनु । यी कार्य केवल प्रशासनिक दायित्व मात्र होइनन्, बरू स्वास्थ्य बीमाप्रति जनविश्वास निर्माण गर्ने आधारस्तम्भ हुन् ।

बीमाअन्तर्गत सेवा दिने क्रममा अस्पतालले कागजी प्रक्रिया मात्र पूरा गर्दैन, बरू बिरामीको पीडाभन्दा ठूलो संवेदनशीलता बोकेर उपचारको बाटो खोल्छ । आवश्यक कागजात, उपचार विवरण र खर्चको पारदर्शी अभिलेख राखेर, अस्पताल बीमाको भुक्तानी प्रक्रिया सहज र छिटो बनाउँछ । यसरी बिरामीलाई उपचारका क्रममा आर्थिक बोझ कम गरिन्छ र उनीहरुलाई स्वास्थ्य उपचारमा आत्मविश्वास जगाइन्छ ।

वार्षिक प्रतिवेदनका पानामा यो तथ्य स्पष्ट छ अस्पतालको सक्रियता र प्रतिबद्धता बिना स्वास्थ्य बीमा केवल नीति कागजमा सीमित रहन सक्छ, तर अस्पतालको निष्ठापूर्ण प्रयासले यो योजना जीवित, क्रियाशील र दीगो रहन्छ । बिरामीको आँखामा फर्किएको मुस्कान र उपचारपछि घर

फर्किने आत्मसन्तुष्टि नै स्वास्थ्य बीमा सुदृढीकरणमा अस्पतालको योगदानको वास्तविक प्रमाण हो ।

### १. विमा कार्डको व्यवस्था

- सबैभन्दा पहिले स्वास्थ्य बीमा कार्यक्रममा आफ्नो नाम दर्ता भएको हुनुपर्छ ।
- बीमा सदस्यता प्रमाणपत्र (कार्ड) लिनु आवश्यक हुन्छ ।
- कार्डमा उल्लेखित सदस्यता नम्बर, अवधि र नाम सही छ कि छैन, जाँच गर्नु पर्छ ।

### २. अस्पताल वा स्वास्थ्य संस्था छनोट

- उपचारका लागि स्वास्थ्य बीमा कार्यक्रम लागू भएको अस्पताल वा स्वास्थ्य संस्थामा जानुपर्छ ।
- धेरैजसो अवस्थामा आफ्नो जिल्ला वा क्षेत्र भित्रको बीमा सूचीमा रहेको अस्पतालबाट सुरू गर्नुपर्छ ।

### ३. प्रारम्भिक स्वास्थ्य जाँच (OPD रेकर्ड)

- अस्पतालको बीमा डेस्क वा हेल्प डेस्क मा पुगेर बीमा कार्ड देखाउनुपर्छ ।

**आवश्यक कागजातहरुः**

- बीमा कार्ड
- नागरिकता प्रमाणपत्र (कहिलेकाहीँ)
- पुरानो मेडिकल रिपोर्ट (यदि छ भने)
- अस्पतालले बीमा फाराम भरेर तपाईंको उपचार प्रक्रिया सुरू गर्छ ।

### ४. उपचार प्रक्रिया

- सामान्यतया पहिलो चरणमा प्राथमिक स्वास्थ्य परीक्षण हुन्छ ।
- डाक्टरको सिफारिस अनुसार जाँच, औषधि वा अन्य सेवा बीमा अन्तर्गत उपलब्ध हुन्छ ।
- बीमा रकम भित्र पर्ने सेवा शुल्क बीमा कार्यक्रमले बेहोर्छ, तर बीमा सीमा भन्दा बढी खर्च भएमा बाँकी रकम बिरामीले तिर्नुपर्छ ।

### ५. औषधि तथा परीक्षण

- औषधि र परीक्षण बीमा सूचीमा परेको भए सीधा बीमा मार्फत पाउनु हुन्छ ।
- सूची बाहिरको औषधि वा सेवा आफैंले खरिद गर्नुपर्ने हुन्छ ।

### ६. रिफरल प्रणाली

- यदि उपचार त्यही अस्पतालमा सम्भव छैन भने रिफरल पत्र मार्फत अर्को स्तरको बीमा-सूचीमा परेको अस्पतालमा पठाइन्छ ।
- रिफरल पत्र बिना सिधै जानु भएमा बीमा सुविधा नपाइने सम्भावना हुन्छ ।

## ७. अस्पतालबाट डिस्चार्ज

- भर्ना उपचार भएमा डिस्चार्जको बेला बीमा मार्फत खर्चको हिसाब गरिन्छ ।
- बिरामीले सीमा नबढेको खण्डमा केही पनि तिर्नु पर्दैन, सीमा नाघे बाँकी रकम बुझाउनुपर्छ ।

## ८. विमा कार्ड लिने

- उपचार वा दर्ता कार्य सम्पन्न भएपछि बीमा काउन्टरबाट कार्ड त्यही दिन लिनुपर्नेछ ।
- विमा कार्ड लिनको लागि लाइन वस्नुपर्नेछ ।
- विमा कार्ड लिनको लागि उपचारमा भएको सम्पूर्ण कागजातहरु दिनुपर्नेछ ।
- पछि लिन ढिलाइ गरेमा सेवा लिन असुविधा हुन सक्छ ।
- कार्ड सुरक्षित राख्नुहोस् र आगामी उपचारमा अनिवार्य रुपमा साथमा ल्याउनुहोस् ।

## ९. सचेत रहनुपर्ने कुरा

- बीमा कार्डको अवधि सकिनु अघि नवीकरण गर्नु ।
- कार्ड हराएमा तुरून्त पुनः कार्ड बनाउन बीमा कार्यालयमा सम्पर्क गर्नु ।
- बीमा बाहिरको सुविधा वा व्यक्तिगत खर्चको लागि अस्पतालसँग अग्रिम जानकारी लिनु ।

# From Medicine to the Pharmacists



**Rabina Shrestha**
**Pharmacy Department**

We exist because of you
From research benches to the glow of lab lights,
You shaped us with wisdom & patience.
You purified us, measured us,
tested us until we were safe to serve.


In your hands.
powders found form,
liquids found balance,
and doses found precision,
Through your science,
we became healing.

You watch over us;
our potency, our purity,
our strength, our stability.
You guard our life span,
and ensure we never turn into harm.

When we enter a human body,
we step into a universe; rivers of blood,
dancing hormones.
countless messengers of life.
There in that cosmos,
We find our meaning.

So to you; dear pharmacists,
doctors, nurses and hand that serves, we bow in gratitude.
To the patient who trust us,
we pledge; to ease your pain,
to fight by your side,
To keep serving as long as we are given breath.

# जव कसैले सोध्छ आखिर नर्सिङ नै किन ।



**जानुका पाठक**
**स्टाफ नर्स**

हेर चाह गर्ने हातहरु
दुःख भुलाईदिने साथहरु
साथ र सहयोगले भरिपूर्ण काँधहरु
एउटी नर्सको हुन्छ ।

जिवनलाई नजिकैबाट हेर्ने
व्यक्ति नर्स हुन् ।
मृत्युलाई बाजी राखी हस्त रेखा फेर्ने
व्यक्ति नर्स हुन् ।

धडकनले बाच्ने आशा छोड्दा
मन मस्तीस्कले सास छोडदा
एउटा बेसहाराको सहारा बन्छु ।
दुःख विर्साउने छहरा बन्छु

एउटा शीशु जन्मदाको चित्कार
र मृत्युको डरलाग्दो धिक्कार
सुन्ने पहिलो व्यक्ति नर्स हो ।
रूदै आएका रूवाएर जान्छन्
आखीर जीन्दगी यहिलाई नै मान्छन्

एउटा बिरामीको सुत्ने खाटको
विस्तर मात्र हैन
उसले छोडेको दुखाई
उसका बेदनाको रूवाई
उसका त्यही बिस्तरमै सुकेका
मृत्युको डर लागदो सोचाई
फेर्ने व्यक्ति नर्स हुन् ।

म मनका भाव खुलाएर
मेरो हराएका पङ्ख फिजाएर
भन्छु म एउटी नर्स हो ।

मलाई कुनै गुनासो छैन
कि म डाक्टर हैन
तर चासो किन
मेरो समाजलाई आफन्तलाई
कि म डाक्टर हैन ।
यि आफुमै उल्फीएका
शब्द हुन् ।
यि आफुमा बेग्ला बेग्लै
नाम हुन् ।
आफुमा पहिचानले भरिएका
काम हुन् ।

कसैलाई महसुस छैन
यि हात ति हात हुन्
जुनले हजारौलाई बचाएका छन्
जव आफ्नैले पनि छोइछन
तब उनका हात समाइ
अघि बढि हिड्न सिकाएका छन् ।

जब आफुले खाना नखाए पनि
बिरामीले के खाए चासो हुन्छ
तब नर्सिङ पेसा मलाई खास हुन्छ
जब आफ्ना ज्वरोले थाकेको शरीर छोडी
बिरामीको ज्वरो नाप्ने चासो हुन्छ
तब म नर्स हुनुमा मलाई खास हुन्छ ।

आमा, मैले एउटी मात्र हैन
तिमी जस्तै लाखौ आमा पाएकी छु
मृत्युको आशमा बसेकोलाई
मायाले भरिपूर्ण संसार देखाएकी छु
सन्तान गुमाउदा एउटी आमाको
मन बुझाएकी छु
आफ्नो आसुले मन भिजाई
भिजेको शरीर रूझएकी छु ।

साच्चै
एउटी नर्सले सत्य जिवन
देखेकी हुनछिन
कतिपय व्यक्तिको नयाँ जिन्दगी
लेखेकि हुनछिन ।

# एक मौन नेतृत्व



**केशव प्रसाद अधिकारी**

अस्पताल जहाँ जीवन पुनर्जन्म लिन्छ,
जहाँ पीडाको छाँयामा आशाको उज्यालो पलाउँछ,
त्यो केवल इँटा-पर्खालको संरचना होइन,
त्यो हो विश्वास, सेवा र समर्पणको पवित्र तीर्थ ।

यस्तो पवित्र कर्मभूमिमा जहाँ प्रत्येक धड्कनको मोल हुन्छ,
प्रत्येक निर्णयले जीवन र मृत्युको बाटो छुट्याउँछ,
त्यहाँ देखिने दृश्यहरुभन्दा पर,
एउटा अदृश्य शक्ति धड्किरहेको हुन्छ, त्यो हो प्रशासन ।

प्रशासन न त त्यो शल्यकक्षमा देखिन्छ,
न त औषधिको बोतलमा लेखिएको हुन्छ,
तर हरेक श्वास, हरेक मुस्कान, हरेक सेवा प्रक्रियाको मूल धागो
त्यही अदृश्य नेतृत्वले बुनिरहेको हुन्छ ।

यो केवल कागजी प्रक्रिया होइन,
यो हो समन्वयको संगीत,
जहाँ विभिन्न विभाग, भिन्न पात्र र फरक दृष्टिकोणहरुलाई
एकै लयमा समाहित गरिन्छ, जस्तै सिम्फनीमा विविध वाद्ययन्त्र ।

अस्पताल प्रशासन त्यो 'पृष्ठभूमिको नायक' हो,
जो पर्दा पछाडि उभिएर पनि
पूरा नाटकलाई जीवित राख्दछ ।
जहाँ चिकित्सकहरु उपचारका अगुवा,
नर्सहरु ममताका वाहक,
प्रविधिकहरु नबिकामका शिल्पी हुन्,
त्यहाँ प्रशासन त्यो मेरूदण्ड हो,

जसबिनाको गति, स्थायित्व र दिशा सम्भव छैन ।

प्रशासन भनेको कलाको त्यो स्वरुप हो
जहाँ व्यावसायिकता र मानवीयता एउटै क्यानभासमा मिसिन्छ ।
जहाँ नीति केवल नियम होइन,
दायित्व पनि केवल प्रोटोकल होइन,
त्यो त करूणा र विवेकको अन्तरपुर्वक सन्तुलन हो ।

यसले अस्पतालको हरेक कुनालाई जस्ताको तस्तै हेर्दैन,
तर तिनलाई साँच्चै महसुस गर्छ,
हुन त प्रशासनको टेबुलमा रगत हुँदैन,
तर निर्णयको हरेक अक्षरमा जीवनको गन्ध हुन्छ ।

यही प्रशासन हो,
जो आर्थिक स्रोतको विवेकपूर्ण बाँडफाँड गर्छ,
जनशक्तिको गतिशीलता सुनिश्चित गर्छ,
नीति र कार्यान्वयनबीचको पुल बन्छ,
प्रविधिको सँगै, आत्मीयताको समन्वय गर्छ ।

जब अप्ठ्यारो आउँछ,
प्रशासन नै त्यो पहरो हो, जसले
समस्या टेकी उभिन्छ,
जब कर्मचारी थाक्छन्,
प्रशासन नै त्यो छायाँ हो – जसले
उनीहरुको विश्वासमा सिञ्चन गर्छ ।

डिजिटल युगमा।
जब सूचना नै शक्ति बन्छ,
प्रशासन नै त्यो गति हो,
जसले डेटा व्यवस्थापनदेखि
बिरामीको संवेदना सुरक्षित राख्न पनि जिम्मा लिन्छ ।

प्रशासन त्यो सुरक्षाकवच हो,
जो बिरामी र सेवाग्राहीबीच
भरोसाको पुल बन्छ,
अपेक्षाहरुको जंगलमा
उनीहरुलाई सहज बाटो देखाउँछ ।

अन्ततः, प्रशासन कुनै विशेष पद होइन,
यो त एक दर्शन हो,
नेतृत्व, सेवा, उत्तरदायित्व र धैर्यको ।

यो त्यो धड्कन हो,
जुन अस्पतालको मुटुभित्र निरन्तर बजिरहन्छ,
बिना अवाज, बिना ताली, बिना सम्मानको अपेक्षा ।
तर उसैको कारण
हामी सेवा दिन सक्षम छौं,
हामी संकट सामना गर्न सक्दछौं,
र हामी भविष्यतर्फ दृढताका साथ अग्रसर छौं ।

जहाँ अस्पतालको प्रत्येक सफल उपचारको पछि छ,
चिकित्सकको ज्ञान,
नर्सको माया,
प्रविधिकको सीप,
त्यसका साथै लुकेर बसेको हुन्छ –
प्रशासनको अथक समर्पण ।
अतः अस्पताल सञ्चालनमा प्रशासनको भूमिका
केवल व्यवस्थापन होइन –
त्यो त जीवनको अदृश्य सूत्र हो,
जो स्वास्थ्य सेवाको कथा बुनिरहेछ..
मौन, तर अमर ।

# पोष्टमार्टम सेवा : न्यायिक प्रमाण र चिकित्सकीय जिम्मेवारी



**डा. रस्मिता पौडेल**
**मेडिकल अधिकृत**

पोष्टमार्टम सेवा स्वास्थ्य सेवा प्रणालीको अत्यन्त महत्वपूर्ण अङ्ग हो, जसको उद्देश्य मृत व्यक्तिको वास्तविक मृत्यु कारण पत्ता लगाउने र न्यायिक प्रमाण संकलन गर्नु हो । यो सेवा विशेषगरी अपराध अनुसन्धान, आत्महत्या, दुर्घटना वा शंकास्पद मृत्युका घटनामा अत्यावश्यक मानिन्छ । पोष्टमार्टम परीक्षणद्वारा प्राप्त हुने वैज्ञानिक प्रमाणहरुले अदालतलाई निष्पक्ष न्याय दिन सहयोग पुऱ्याउँछ, साथै चिकित्सकीय दृष्टिले रोग, चोटपटक वा सम्भावित चिकित्सकीय त्रुटिहरुको अध्ययन गरी भविष्यमा यस्ता घटनाहरु दोहोरिन नदिने उपायहरु खोज्न पनि मद्दत गर्छ ।

चौतारा अस्पताल, सिन्धुपाल्चोकले पनि आफ्नो सेवा दायित्व अन्तर्गत न्यायिक पोष्टमार्टम सेवा प्रदान गर्दै आएको छ । यस अस्पतालमा हुने पोष्टमार्टम परीक्षणहरु प्रहरी प्रशासन वा अदालतको अनुरोधमा गरिन्छ, जसबाट जिल्लाभरका कानूनी अनुसन्धानका लागि आवश्यक वैज्ञानिक प्रमाणहरु उपलब्ध हुन्छन् । चौतारा अस्पतालमा प्रशिक्षित चिकित्सकहरुद्वारा पोष्टमार्टम कार्य सम्पन्न गरिन्छ, जसमा इमानदारी, निष्पक्षता, गोपनीयता र व्यावसायिक आचरणलाई प्रमुखता दिइन्छ । अस्पतालले परीक्षण, रिपोर्ट तयार पार्ने प्रक्रिया र प्रमाण अभिलेखनमा पारदर्शिता कायम राख्दै सम्बन्धित निकायहरुलाई समयमै रिपोर्ट उपलब्ध गराउने कार्य पनि गरिरहेको छ ।

अस्पतालको भूमिकाको सन्दर्भमा, चौतारा अस्पतालले पोष्टमार्टमका लागि आवश्यक पूर्वाधार र उपकरणहरु व्यवस्थित गर्ने, स्वास्थ्यकर्मीहरुलाई मेडिको-लिगल तालिम प्रदान गर्ने र प्रहरी प्रशासन तथा न्यायिक निकायहरुसँग समन्वय गर्दै सेवा सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिएको छ । यद्यपि, जनशक्ति अभाव, उपकरणको कमी, र कानूनी प्रक्रिया ढिलाइ जस्ता चुनौतीहरु अझै कायम छन् । यी समस्याहरु समाधानका लागि अस्पतालले चरणबद्ध रुपमा पूर्वाधार सुधार, दक्ष जनशक्ति अभिवृद्धि, र सूचना व्यवस्थापन प्रणाली सुदृढीकरणमा जोड दिइरहेको छ ।

चौतारा अस्पतालको पोष्टमार्टम सेवा जिल्ला तथा आसपासका क्षेत्रका कानूनी अनुसन्धानका लागि विश्वसनीय वैज्ञानिक प्रमाण उपलब्ध गराउने प्रमुख स्रोत बनेको छ । यसले अपराध अनुसन्धान र न्यायिक प्रक्रियालाई सहज बनाउन सहयोग पुऱ्याएको छ भने, चिकित्सकीय दृष्टिले मृत्युका कारणहरुको पहिचानमार्फत स्वास्थ्य प्रणाली सुधारमा समेत योगदान पुऱ्याएको छ । अतः चौतारा अस्पतालले यो सेवालाई व्यावसायिक, पारदर्शी र उत्तरदायी ढङ्गले निरन्तर सुदृढ गर्दै न्यायिक तथा चिकित्सकीय दुवै क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

# अस्पतालमा भएको कार्यक्रमका केही झलकहरु
























जि.प्र.का.द.नं. ६८ जि.हु.द.नं. २६ पान नं. ६००६७१८४६ प्रेस काउन्सिल नेपालबाट राष्ट्रिय स्तर 'ख' वर्गमा वर्गीकृत 'राष्ट्रिय दैनिक'

लोकतन्त्र मानवअधिकारः स्वतन्त्र र निष्पक्ष समाचार

# लोकप्रिय समाचार

Lokpriya Samachar National Daily सिन्धुपाल्चोक जिल्लाको पहिलो र एकमात्र राष्ट्रिय दैनिक पत्रिका

वर्ष १२ अंक १५३ पूर्णाङ्क ४८३७ २०८१ पुष ०२ गते मंगलबार नेपाल सम्वत् ११४५ December 17 2024 पृष्ठ संख्याः ४ मुल्य रु.३।-

## चौतारा अस्पतालमा आँखा उपचार, मानसिक स्वास्थ्य तथा नसर्ने रोग परामर्श कक्षको स्थापना

■ लोकप्रिय समाचार /चौतारा

## जिल्ला प्रशासन कार्यालयद्वारा छड्के अनुगमन

■ लोकप्रिय समाचार /चौतारा


तपाईंको आवाजका लागि

# सर्वपक्ष

राष्ट्रिय दैनिक पत्रिका

ताजा खबरको साथी

जुगल खबर

www.jugalkhabar.com

राजनीतिक दल र कर्पोरेट घेराबन्दीमा फसेको पत्रकार महासंघ

समाजले महिलामा सिर्जना गरेको भ्रम

## रक्तकाली कपको उपाधी फ्याफुल्लालाई

● सर्वपक्ष संवाददाता । कलेसी

## राजनीतिक दलभन्दा माथी उठौं: स्वास्थ्य मन्त्री थापामगर

● सर्वपक्ष संवाददाता । चौतारा

# अस्पतालमा कृत्रिम घटना अभ्यास














# बागमती प्रदेश सभाका सदस्थ्य ज्यूहरुवाट अस्पतालको अनुगमन






## चौतारा अस्पतालमा ५ शैयाको डायलाइसिस सेवा संचालन कार्यक्रम














OUTPATIENT HALL बहिरंग प्रतिक्षालय
CHINA AID
न्यूनतम सेवा मापदण्ड कार्यान्वयन
Minimum Service Standard (MSS)
A Readiness Tool to Improve Quality Health Service


चौतारा अस्पताल
OUTPATIENT HALL बहिरंग प्रतिक्षालय



# अस्पतालको न्यूनतम सेवा मापदण्डको समिक्षा कार्यक्रममा आफ्नो धारणा राख्दै विभिन्न निकायका व्यक्तित्वहरु


































"विरामी केन्द्रित गुणस्तरीय स्वास्थ्य सेवा, सिन्धुवासीको स्वास्थ्य सुधारमा टेवा"
बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
चौतारा अस्पताल सिन्धुपाल्चोक
BEST EMPLOYEE OF THE MONTH

तपाई श्री सुनिल कुमार यादवले यस चौतारा अस्पताल सिन्धुपाल्चोकको एनेस्थेटिक निरिक्षक पदमा कार्यरत रही अस्पतालको इमर्जेसी विभागमा आएका विरामीहरुको स्वास्थ्य सेवा, इमर्जेशी विभाग,अप्रेशन थ्रेटरको व्यवस्थापन, आफ्नो जिम्मामा रहेका कार्यक्रमलाई प्रभावकारी र गुणस्तरिय बनाई सेवा लिन आएका सेवाग्राहीहरुको व्यक्तिगत विद्युतीय अभिलेख चुस्त दुरुस्त राखी विभागको तथ्याङ्क, भेरिफिकेसन र व्यवस्थापन लगाएत अस्पतालमा रहेको विभिन्न शाखाहरुलाई व्यवस्थित बनाउने कार्य तथा अस्पतालबाट प्रदान गरिने समग्र सेवाहरुलाई चुस्त बनाउन निरन्तर खटिई आफ्नो पेशाप्रति, कर्तव्यनिष्ट र समर्पित भई इमान्दारिता पूर्वक उत्कृष्ठ कार्य गरेको हुनाले तपाईले गरेको कार्यको उच्च मुल्याङ्कन सहित २०८१ मंसिर महिनाको उत्कृष्ठ कर्मचारीको सम्मान-पत्र प्रदान गरिएको छ।

डा.रुद्रमणि भण्डारी
मेडिकल सुपरिटेन्डेन्ट
चौतारा अस्पताल सिन्धुपाल्चोक

मिति : २०८१/०९/०१ गते

माननीय किरण थापा मगर
मन्त्री
बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय


"विरामी केन्द्रित गुणस्तरीय स्वास्थ्य सेवा, सिन्धुवासीको स्वास्थ्य सुधारमा टेवा"
बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
चौतारा अस्पताल सिन्धुपाल्चोक
BEST EMPLOYEE OF THE MONTH

तपाई रामकृष्ण नेपालले यस चौतारा अस्पताल सिन्धुपाल्चोकको कार्यालय सहयोगी पदमा रही अस्पतालको ओ.पि.डी. आएका विरामीहरुको सेवा देखि ओ.पि.डी., अस्पताल फार्मेसीको व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुको साथै फोहोरमैला व्यवस्थापन लगाएत अन्य कार्यहरुमा निरन्तर खटिई आफ्नो पेशाप्रति, कर्तव्यनिष्ट र समर्पित भई इमान्दारिता पूर्वक उत्कृष्ठ कार्य गरेको हुनाले तपाईको कार्यको उच्च मुल्याङ्कन सहित २०८१ असोज महिनाको उत्कृष्ठ कर्मचारीको सम्मान-पत्र प्रदान गरिएको छ।

डा.रुद्रमणि भण्डारी
मेडिकल सुपरिटेन्डेन्ट
चौतारा अस्पताल सिन्धुपाल्चोक

मिति : २०८१/०९/०१ गते

माननीय किरण थापा मगर
मन्त्री
बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय




सिन्धुपाल्चोक, नेपाल
OUTPATIENT HALL बहिरंग प्रतिक्षालय
中国援助
CHINA AID
FOR SHARED FUTURE










आ.व.२०८१/०८२ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको वार्षिक
समीक्षा
चौतारा अस्पताल, सिन्धुपाल्चोक






डा. रुद्रमणि भण्डारी
नि. मेडिकल सुपरिटेन्डेन्ट

परिवर्तनसँगै विकास | बागमती विशेष | गोरखापत्र gorkhapatraonline.com



## उत्कृष्ट सेवा दिँदै चौतारा अस्पताल



विदुर आचार्य

• २०१६ सालमा १५ शय्याबाट सुरु भएको हेटौंडा अस्पतालको सेवाले हाल हेटौंडाको स्वास्थ्य क्षेत्रको विकासमा फड्को मारेको छ



annapurnapost.com

# अन्नपूर्ण पोस्ट

## चौतारा अस्पताल बन्यो बागमती प्रदेशकै उत्कृष्ट

सुन्दर शिरीष | *सिन्धुपाल्चोक*



सिन्धुपाल्चोकको चौतारा अस्पताल गुणस्तर सुधार न्यूनतम मापदण्ड कार्यान्वयनमा ९३ अंक प्राप्त गरी बागमती प्रदेशको उत्कृष्ट अस्पताल बन्न सफल भएको छ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालयले चौतारा अस्पतालको अनुगमनपछि उक्त नम्बर दिँदै प्रदेश भरकै उत्कृष्ट घोषित गरेको हो। अस्पतालले माध्यमिक 'ए' लेबलको अस्पतालमध्ये न्यूनतम सेवा मापदण्ड कार्यान्वयन एमएसएसको सूचांकअनुसार १०० प्रतिशतमा ९३ प्रतिशत ल्याउन सफल भएको थियो। निर्देशनालयका न्यूनतम सेवा मापदण्ड अनुगमनका प्रमुख वरिष्ठ मेडिकल सुपरिन्टेन्डेन्ट नवीन दर्नालसहितको समितिले अनुगमन गर्दा अस्पतालको सेवामा उल्लेख्य सुधार रहेको र सेवा प्रवाह मापदण्ड कार्यान्वयनमा उत्कृष्ट रहेको पाइएको हो।

अस्पतालले गर्ने नियमित काम उपचारलगायतको विषयमा अध्ययन अनुगमनका आधारमा चौतारा अस्पताल उत्कृष्ट घोषित भएको बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक नरेन्द्रकुमार झाले जानकारी दिए। सेवा प्रवाहलाई कमजोर हुन नदिन उनले अनुरोधसमेत गरे। अस्पतालको नियमित बैठक, दैनिक बिहानी छलफल, विद्युतीय हाजिर अनिवार्य, बिरामीको लागि टोकनको व्यवस्था, सूचनापाटीमा सूचना टाँस गर्ने, अस्पतालको आफ्नै वेबसाइट निर्माण, सीसीटीभी क्यामराको जडान, सुरक्षा गार्डलगायतको पक्षमा अध्ययन गरेको थियो।

अस्पतालको नियमित बैठक बस्ने, दैनिक बिहानी छलफल, विद्युतीय हाजिर अनिवार्य, बिरामीको लागि टोकनको व्यवस्था, सूचना पाटीमा सूचना टाँस गर्ने गरेको, अस्पतालको आफ्नै वेबसाइट निर्माण गरी सञ्चालनमा ल्याएको, सुरक्षा गार्ड र सीसीटीभी क्यामेराको जडानलगायत अस्पतालको राम्रा पक्षहरू भएको निर्देशनालयले जनाएको छ।

अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. रुद्रमणि भण्डारीले नियमित सेवामा जनरल ओपीडी सेवा, हाडजोर्नी, दन्त सेवा, सर्ने-नसर्ने रोगको सेवा, प्रसूति सेवालगायतका उपचार दिँदै आएको बताए। सुरुमा १५ शय्याको अस्पताल प्रादेशिक अस्पताल भएसँगै बागमती प्रदेश सरकार मन्त्रिपरिषद् तथा स्वास्थ्य मन्त्रालयको निर्णयअनुसार ५० शय्याको भएको थियो। अहिले सो अस्पतालले ६२ शय्याबाट सेवा दिँदै आएको छ। अस्पतालले केही समयअगाडिबाट डायलासिस सेवा पनि उपलब्ध गराउँदै आएको छ।

अस्पतालले क्षयरोगको औषधि वितरण, खोप लगाउने क्लिनिक, इमर्जेन्सी सेवा, फार्मेसी, सामाजिक सेवा एकाइ, स्वास्थ्य बिमा सेवा लिने स्थान, पालो कुर्ने स्थानलगायतका प्रबन्ध गरेको छ। महिनामा करिब तीन हजार जना बिरामीले ओपीडी सेवा लिने गरेको तथ्यांक छ।

विशेषज्ञ डाक्टरसहित ६३ जनाको दरबन्दी रहेको अस्पतालमा हाल १६ जना डाक्टर कार्यरत छन्। दरबन्दी पूर्ति भएमा अस्पतालबाट दिने सेवामा थप सुधार हुने विश्वास डा. भण्डारीले व्यक्त गरे।

---

तपाईंको आवाजका लागि

# सर्वपक्ष

राष्ट्रिय दैनिक पत्रिका

ताजा खबरको साथी — जुगल खबर www.jugalkhabar.com

विद्यालय छाड्ने दर कम गर्न उत्पादनमूलक शिक्षाको आवश्यकता

मर्ने कसैलाई रहर हुँदैन...

## चौतारा अस्पताल बागमती प्रदेशकै उत्कृष्ट




## परिवर्तन विरोधीहरूले व्यवस्थामाथि धावा बोल्दै खोज्दैछन्: दाहाल




सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं

- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसूति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेबित्तिकै बिगौती दुध खुवाऔं,
- छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लगाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड


---

जि.प्र.का.द.नं. ६८ जि.हु.द.नं. २६ पान नं. ६००६७१८४६ प्रेस काउन्सिल नेपालबाट राष्ट्रिय स्तर 'ख' वर्गमा वर्गीकृत 'राष्ट्रिय दैनिक'

# लोकप्रिय समाचार

लोकतन्त्र, मानवअधिकार: स्वतन्त्र र निष्पक्ष समाचार

Lokpriya Samachar National Daily | सिन्धुपाल्चोक जिल्लाको पहिलो र एकमात्र राष्ट्रिय दैनिक पत्रिका

## न्यूनतम सेवा मापदण्ड मुल्याङ्कनमा ९३ अंक प्राप्त गरि चौतारा अस्पताल पहिलो




## महाशिवरात्रिमा पशुपति क्षेत्रमा ट्राफिक सुरक्षा योजना तयार




सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।

- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसूति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेबित्तिकै बिगौती दुध खुवाऔं,
- छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लगाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड


## जालपादेवी माविले मनायो ५०औं वार्षिकोत्सव




अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको
नवनियुक्त अध्यक्ष ज्यूको
पदभार ग्रहण कार्यक्रम
२०८१ पौष १८ गते
चौतारा अस्पताल, सिन्धुपाल्चोक


अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको
नवनियुक्त अध्यक्ष ज्यूको
पदभार ग्रहण कार्यक्रम
२०८१ पौष १८ गते
चौतारा अस्पताल, सिन्धुपाल्चोक


केशव राज गिरी
अध्यक्ष


OUTPATIENT HALL बहिरंग प्रतिक्षालय
中国援助
CHINA AID
FOR SHARED FUTURE










बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
चौतारा अस्पताल , सिन्धुपाल्चोक
Monthly Data compilation, Analysis and Verification
Programme,
FY 2081/2082

**ABBREVIATIONS**

| | | |
|---|---|---|
| ANC | : | Ante-Natal Care |
| CS | : | Caesarian Section |
| ART | : | Ante Retrovial Therapy |
| ARV | : | Ante- Retro Viral |
| OT | : | Operation Theatre |
| ECG | : | Electrocardiogram |
| EHS | : | Extended Health Service |
| MA | : | Medical Abortion |
| MVA | : | Manual Vaccum Aspiration |
| OCMC | : | One door Crisis Management Centre |
| CEONC | : | Comprehensive Emergency Obstetric and Neonatal Care |
| OPD | : | Out Patient Department |
| IPD | : | In Patient Department |
| USG | : | Ultrasonography |
| RCT | : | Root Canal Treatment |
| ER | : | Emergency |
| HDU | : | High Dependency Unit |
| ICU | : | Intensive Care Unit |
| NICU | : | Neonatal Intensive Care Unit |
| PICU | : | Pediatric Intensive Care Unit |
| CME | : | Continuing Medical Education |
| CDC | : | Centre for Disease Control |
| CSSD | : | Central Sterile Supply Department |
| आ.व. | : | आर्थिक बर्ष |

बागमती प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

**स्वास्थ्य निर्देशनालय**

# चौतारा अस्पताल

सिन्धुपाल्चोक, नेपाल